# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७९/८० - २०८१/८२)

## Medium Term Expenditure Framework

(Fiscal Year 2022/23 - 2024/25)




**बुद्धभूमी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

हनुमान चोक, बुढ्ढी, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

२०७९

# मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० – २०८१/८२)

**प्रकाशक** : **बुद्धभुमि नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

**सर्वाधिकार** : प्रकाशकमा

**प्रकाशन मिति** : २०७९

**प्राविधिक सहयोगः** JOINT SDG FUND, UN CDF, UN WOMEN, UNDP

Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project, UN Joint Fund – UNDP/UNCDF/UN Women

**सम्पर्कका लागि** : नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुड्ढी, कपिलवस्तु, लुम्विनी प्रदेश, नेपाल

फोन नं.: ९८५७०८८१११

ईमेल: buddhabhumi.mun@gmail.com

बुद्धभूमि नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक, बुड्ढी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल।

पत्र संख्या.:०७९।८०
चलानी नं.:

मिति:२०७९।०४।१२

## मन्तव्य

अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सङ्घ तथा प्रदेश तथा स्थानीय तहहरूले अनिवार्य रुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै बुद्धभूमि नगरपालिकाले पनि यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ।

मध्यमकालीन खर्च संरचनाले जनचाहना र विद्यमान सम्भावनामा आधारित रही विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा सम्बोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई नगरपालिका स्वयम्का लागि पनि विशेष महत्व र आवश्यकताको विषयको रुपमा रहेको छ। यसर्थ, यस मध्यमकालीन खर्च संरचनाले यस नगरपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य तथा विकासका प्राथमिकताहरू हासिल गर्नेतर्फ नगरपालिकाको वित्त व्यवस्थापनलाई डोऱ्याउने अपेक्षा गरेको छु।

मध्यकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन एउटा महत्वपूर्ण औजार भएकोले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु। जसबाट अघिल्लो शताब्दीको उत्तरार्द्धदेखि निरन्तर बढ्दै गएको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकासशील देशहरूमा देखिने खालका कमजोर प्रकृतिको विकासबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस मध्यमकालीन खर्च संरचनाले नगरपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिकाका समस्याहरू सम्बोधन गर्नेतर्फ सही ढंगले अगाडि बढाउने अपेक्षा गरेको छु।

अन्त्यमा, यस बुद्धभूमि नगरपालिकाको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न लागी पर्ने सम्पूर्ण कर्मचारी, सघाउने पदाधिकारी, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

..............................
नगर प्रमुख

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

# विषयसुची

परिच्छेद एक : परिचय....................१
१.१ पृष्ठभूमि....................१
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा....................१
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य....................१
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु....................२
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य....................२
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया....................२
परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना....................७
२.१ पृष्ठभूमि....................७
२.२ अवसर तथा चूनौति....................७
२.३ सोच, उद्देश्य तथा रणनीति....................८
२.४ मध्यमकालीन आर्थिक खाका....................९
२.५ मध्यमकालीन नतिजा खाका....................९
२.६ मध्यमकालीन बजेट खाका....................१०
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट....................१२
२.८ विषय  उप क्षेत्रगत बाँडफाँट....................१४
परिच्छेद तीन : आर्थिक क्षेत्र....................१६
३.१ कृषि तथा खाद्य सुरक्षा....................१६
३.१.१ पृष्ठभूमि....................१६
३.१.२ समस्या तथा चूनौति....................१६
३.१.३ सोच....................१६
३.१.४ उद्देश्य....................१६
३.१.५ रणनीति....................१६
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................१७
३.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....................१७
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण....................१७
३.१.९ जोखिम पक्ष तथा अनुमान....................१७
३.२ सिंचाई....................१८
३.२.१ पृष्ठभूमि....................१८
३.२.२ समस्या तथा चुनौति....................१८
३.२.३ सोच....................१८
३.२.४ उद्देश्य....................१८
३.२.५ रणनीति....................१८
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................१८
३.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....................१८
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण....................१९
३.२.९ जोखिम पक्ष तथा अनुमान....................१९
३.३ पशु विकास....................१९
३.३.१ पृष्ठभूमि....................१९
३.३.२ समस्या तथा चूनौति....................१९
३.३.३ सोच....................१९
३.३.४ उद्देश्य....................१९
३.३.५ रणनीति....................२०
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................२०
३.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान....................२०
३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण....................२०
३.३.९ जोखिम पक्ष तथा अनुमान....................२०
३.४ उद्योग तथा व्यापार....................२१
३.४.१ पृष्ठभूमि....................२१
३.४.२ समस्या तथा चूनौति....................२१

३.४.३ सोच ............ २१
३.४.४ उद्देश्य ............ २१
३.४.५ रणनीति ............ २१
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २१
३.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ २२
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ २२
३.४.९ जोखिम पक्ष तथा अनुमान ............ २२
३.५ पर्यटन विकास ............ २२
३.५.१ पृष्ठभूमि ............ २२
३.५.२ समस्या तथा चूनौति ............ २२
३.५.३ सोच ............ २३
३.५.४ उद्देश्य ............ २३
३.५.५ रणनीति ............ २३
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २३
३.५.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ २३
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ २३
३.५.९ जोखिम पक्ष तथा अनुमान ............ २४
३.६ बैंक, वित्त तथा सहकारी ............ २४
३.६.१ पृष्ठभूमि ............ २४
३.६.२ समस्या तथा चूनौति ............ २४
३.६.३ सोच ............ २४
३.६.४ उद्देश्य ............ २४
३.६.५ रणनीति ............ २४
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २५
३.६.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ २५
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ २५
३.६.९ जोखिम पक्ष तथा अनुमान ............ २५
३.७ श्रम तथा रोजगारी ............ २५
३.७.१ पृष्ठभूमि ............ २५
४.७.२ समस्या तथा चुनौति ............ २६
३.७.३ सोच ............ २६
३.७.४ उद्देश्य ............ २६
३.७.५ रणनीति ............ २६
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २६
३.७.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ २७
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ २७
३.७.९ जोखिम पक्ष तथा अनुमान ............ २७
३.८ गरिवी निवारण ............ २७
३.८.१ पृष्ठभूमि ............ २७
३.८.२ समस्या तथा चूनौति ............ २७
३.८.३ सोच ............ २८
३.८.४ उद्देश्य ............ २८
३.८.५ रणनीति ............ २८
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २८
३.८.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............ २८
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............ २८
३.८.९ जोखिम पक्ष तथा अनुमान ............ २८
परिच्छेद चार : सामाजिक क्षेत्र ............ २९
४.१ शिक्षा, विज्ञान तथा प्रविधी ............ २९
४.१.१ पृष्ठभूमि ............ २९
४.१.२ समस्या तथा चूनौति ............ २९

४.१.३ सोच........................................................................................................................................ २९
४.१.४ उद्देश्य.................................................................................................................................... २९
४.१.५ रणनीति.................................................................................................................................... ३०
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................... ३०
४.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान................................................................. ३०
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......................................................................................... ३०
४.१.९ अनुमान तथा जोखिम.................................................................................................................. ३१
४.२ स्वास्थ्य तथा पोषण....................................................................................................................... ३१
४.२.१ पृष्ठभूमि..................................................................................................................................... ३१
४.२.२ समस्या तथा चूनौति................................................................................................................... ३१
४.२.३ सोच........................................................................................................................................ ३२
४.२.४ उद्देश्य..................................................................................................................................... ३२
४.२.५ रणनीति.................................................................................................................................... ३२
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................... ३२
४.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान................................................................. ३३
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......................................................................................... ३३
४.२.९ जोखिम पक्ष तथा अनुमान........................................................................................................... ३३
४.३ खानेपानी तथा सरसरफाई.............................................................................................................. ३३
४.३.१ पृष्ठभूमि..................................................................................................................................... ३३
४.३.२ समस्या तथा चूनौति................................................................................................................... ३४
४.३.३ सोच........................................................................................................................................ ३४
४.३.४ उद्देश्य..................................................................................................................................... ३४
४.३.५ रणनीति.................................................................................................................................... ३४
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................... ३४
४.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान................................................................. ३५
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......................................................................................... ३५
४.३.९ जोखिम पक्ष तथा अनुमान........................................................................................................... ३५
४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण................................................................... ३५
४.४.१ पृष्ठभूमि..................................................................................................................................... ३५
४.४.२ समस्या तथा चूनौति................................................................................................................... ३६
४.४.३ सोच........................................................................................................................................ ३६
४.४.४ उद्देश्य..................................................................................................................................... ३६
४.४.५ रणनीति.................................................................................................................................... ३६
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................... ३७
४.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान................................................................. ३७
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......................................................................................... ३७
४.४.९ जोखिम पक्ष तथा अनुमान........................................................................................................... ३७
४.५ युवा तथा खेलकुद......................................................................................................................... ३७
४.५.१ पृष्ठभूमि..................................................................................................................................... ३७
४.५.२ समस्या तथा चूनौति................................................................................................................... ३८
४.५.३ सोच........................................................................................................................................ ३८
४.५.४ उद्देश्य..................................................................................................................................... ३८
४.५.५ रणनीति.................................................................................................................................... ३८
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................................................... ३८
४.५.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान................................................................. ३८
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......................................................................................... ३९
४.५.९ जोखिम पक्ष तथा अनुमान........................................................................................................... ३९
परिच्छेद पाँच : पूर्वाधार क्षेत्र............................................................................................................. ४०
५.१ आवास, भवन तथा शहरी विकास.................................................................................................... ४०
५.१.१ पृष्ठभूमि..................................................................................................................................... ४०
५.१.२ समस्या तथा चूनौति................................................................................................................... ४०

५.१.३ सोच ........ ४०
५.१.४ उद्देश्य ........ ४०
५.१.५ रणनीति ........ ४०
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४१
५.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४१
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४१
५.१.९ जोखिम पक्ष तथा अनुमान ........ ४१
५.२ सडक, पुल तथा यातायात ........ ४१
५.२.१ पृष्ठभूमि ........ ४१
५.२.२ समस्या तथा चूनौति ........ ४२
५.२.३ सोच ........ ४२
५.२.४ उद्देश्य ........ ४२
५.२.५ रणनीति ........ ४२
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४२
५.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४३
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४३
५.२.९ जोखिम पक्ष तथा अनुमान ........ ४३
५.३ जलस्रोत, विद्युत तथा उर्जा ........ ४३
५.३.१ पृष्ठभूमि ........ ४३
५.३.२ समस्या तथा चूनौति ........ ४४
५.३.३ सोच ........ ४४
५.३.४ उद्देश्य ........ ४४
५.३.५ रणनीति ........ ४४
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४४
५.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४४
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४४
५.३.९ जोखिम पक्ष तथा अनूमान ........ ४५
५.४ सूचना तथा सञ्चार ........ ४५
५.४.१ पृष्ठभूमि ........ ४५
५.४.२ समस्या तथा चूनौती ........ ४५
५.४.३ सोच ........ ४५
५.४.४ उद्देश्य ........ ४५
५.४.५ रणनीति ........ ४५
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४६
५.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४६
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४६
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ४६
परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन ........ ४७
६.१ वन, भुसंरक्षण तथा जैविक विविधता ........ ४७
६.१.१ पृष्ठभूमि ........ ४७
६.१.२ समस्या तथा चूनौति ........ ४७
६.१.३ सोच ........ ४८
६.१.४ उद्देश्य ........ ४८
६.१.५ रणनीति ........ ४८
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४८
६.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४८
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ४९
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ४९
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ४९
६.२.१ पृष्ठभूमि ........ ४९
६.२.२ समस्या तथा चूनौति ........ ४९

६.२.३ सोच ....... ५०
६.२.४ उद्देश्य ....... ५०
६.२.५ रणनीति ....... ५०
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ५०
६.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ५०
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ५०
६.२.९ जोखिम पक्ष तथा अनुमान ....... ५०
६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन ....... ५१
६.३.१ पृष्ठभूमि ....... ५१
६.३.२ समस्या तथा चूनौति ....... ५१
६.३.३ सोच ....... ५१
६.३.४ उद्देश्य ....... ५१
६.३.५ रणनीति ....... ५१
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ५२
६.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ५२
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ५२
६.३.९ जोखिम पक्ष तथा अनुमान ....... ५२
परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र ....... ५३
७.१ नीति, कानून, न्याय तथा सुशासन ....... ५३
७.१.१ पृष्ठभूमि ....... ५३
७.१.२ समस्या तथा चूनौति ....... ५३
७.१.३ सोच ....... ५३
७.१.४ उद्देश्य ....... ५३
७.१.५ रणनीति ....... ५३
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ५३
७.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ५४
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ५४
७.१.९ जोखिम पक्ष तथा पूर्वानुमान ....... ५४
७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ....... ५४
७.२.१ पृष्ठभूमि ....... ५४
७.२.२ समस्या तथा चूनौति ....... ५४
७.२.३ सोच ....... ५५
७.२.४ उद्देश्य ....... ५५
७.२.५ रणनीति ....... ५५
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ५५
७.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ५५
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ५५
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ....... ५५
७.३ राजस्व तथा स्रोत परिचालन ....... ५६
७.३.१ पृष्ठभूमि ....... ५६
७.३.२ समस्या तथा चूनौति ....... ५६
७.३.३ सोच ....... ५६
७.३.४ उद्देश्य ....... ५६
७.३.५ रणनीति ....... ५६
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ....... ५६
७.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ....... ५६
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ....... ५७
७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान ....... ५७
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ....... ५७
७.४.१ पृष्ठभूमि ....... ५७
७.४.२ समस्या तथा चूनौति ....... ५७

७.४.३ सोच...................................................................................................................................................५७
७.४.४ उद्देश्य .................................................................................................................................................५७
७.४.५ रणनीति.................................................................................................................................................५७
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .........................................................................................................५८
७.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .......................................................................................५८
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.............................................................................................................५८
७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान.......................................................................................................................५८
अनुसूची.................................................................................................................................................................५९
अनुसूची -१ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन ...........................................................................५९
अनुसूची -२ : मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन.........................................६०
अनुसूची -३ : तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण..... ६७

# तालिका सूची


तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा)...................... ९
तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य ......................................१०
तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) .................................. ११
तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)........... १२
तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) ..... १३
तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) .. १३
तालिका २.७ : लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा).......१४
तालिका २.८ : जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा) .....१४
तालिका २.९ : नगर गौरवका आयोजना .........................................................१४
तालिका २.१० : आगामी तीन आ.व.को विषय उप-क्षेत्रगत खर्चको बाँडफाडको प्रक्षेपण (रकम रु. हजारमा).... १६

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ । विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन् । मध्यमकालीन खर्च संरचनाले आवधिक योजना, विषय क्षेत्रगत रणनीतिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ । यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ । यस सन्दर्भमा यस नगरपालिकाका कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र वडा कार्यालय र सेवा केन्द्रसँग राय परामर्श गरी पञ्चवर्षिय आवधिक योजना, नगरपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको बार्षिक कार्यक्रमलाई आधार मानिएको छ । यसै क्रममा आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित पहिलो पटक वुद्धभुमि नगरपालिकाको मध्यमकालीन खर्च संरचना (२०७९/०८० - २०८१/०८२) तयार गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित श्रोतसाधनको वस्तुनिष्ठ आँकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका (Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ । स्थानीय तहलाई संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आँकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका (Medium Term Budgetary Framework - MTBF) तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरी मध्यमकालीन नतिजा खाका (Medium Term Result Framework – MTRF) तयार गरिन्छ ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवं थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । यस प्रकार मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थ परक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचना वुद्धभुमि नगरपालिकाको पहिलो प्रयास हो । यस मध्यमकालीन खर्च संरचनाबाट नगरपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुको निरन्तरता र लगानी तथा कार्यान्वयनको सुनिश्चितताको माध्यमद्वारा दीगो विकास हासिल हुने अपेक्षा गरिएको छ । यस खर्च संरचनाले नगरपालिकाको

दीर्घकालीन सोच **'जलाशय, कृषी, वन र पुर्वाधारः खुशी सुखी बुद्धभुमिको मुल आधार'** र पञ्चवार्षिय आवधिक योजना, प्रदेश तथा राष्ट्रिय लक्ष्य र दीगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउने विश्वास लिइएको छ। यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट नगरपालिकालाई आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोगी हुने अपेक्षा गरिएको छ ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको तयारीबाट देहाय अनुसारको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

(ख) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु;

(ग) दिगो विकासलाई टेवा पुर्याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु;

(घ) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु;

(ङ) सार्वजनिक खर्चलाई प्रभाबकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संवैधानिक व्यवस्था एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय र संस्थागत विकास र सुशासनसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दीगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्मकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/०७७-२०८१/०८२)
- लुम्बिनी प्रदेशको पहिलो आवधिक योजना (२०७६/०७७-२०८१/०८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७८/०७९)
- नगरपालिकाको आवधिक योजना (२०७८/०७९-२०८२/०८३)
- नगरपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- नगर पार्श्वचित्र (नगर स्थिति पत्र), २०७५

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो बिकास लक्ष्य तीनै तहका सरकारका साझा बिकास एजेण्डा हुन् । विश्वव्यापी रुपमा कुल १७ दिगो बिकास लक्ष्य निर्धारण गरिएको भए पनि नेपालको हकमा भने १६ (लक्ष्य १४ बाहेक) वटा लक्ष्यहरु मात्र सान्दर्भिक रहेका छन् । तसर्थ, नेपाल सरकार तथा गण्डकी प्रदेशले निर्धारण गरेका आन्तरिक लक्ष्य र सूचकहरु पनि तिनै १६ लक्ष्यहरुसँग मात्रै सम्वन्धित छन् । आम नागरिकको जिबनमा दिगो रुपमा संरचनागत परिवर्तन

ल्याएर गरिबी, भोकमरी, शिक्षा स्वास्थ्य र लैंगिक समता तथा सामाजिक समावेशीकरण जस्ता आधारभुत बिकास एजेण्डाहरु ती लक्ष्यमा समावेश छन् । यी लक्ष्यहरुको स्थानीयकरण नगरी संघ तथा प्रदेश सरकारको प्रयासबाट मात्र अपेक्षित नतिजा हांसिल गर्न सकिदैन । दिगो लक्ष्य प्राप्त गर्न स्थानीय तह र प्रदेश र संघीय सरकारहरुले आपसमा परिपुरकको रुपमा अर्थपूर्ण सहकार्यका जोड दिनुपर्ने देखिन्छ ।

दिगो विकासको लक्ष्य हासिल गर्न नेपालको अन्तराष्ट्रिय पतिद्धता तथा आफ्नै राष्ट्रिय आश्यकता समेत हो । नेपाल संघीय शासन प्रणालीमा गएपछि यसको महत्व झन बढेर गएको छ । सङ्घीय शासन प्रणालीमा सङ्घ, प्रदेश र स्थानीय तह सबै सरकारहरुलाई दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने खाले आयोजना तथा कार्यक्रम तर्जुमा गरि सोही अनुरुप आवश्यकम बजेट विनियोजन गर्नु आवश्यक छ । यही उद्देश्य गरिपूर्ती गर्न र आगामी वर्षहरुमा दिगो विकासका लक्ष्यहरुलाई स्थानीय नीति निर्माण देखि योजना तर्जुमा र कार्यान्वयन सम्ममा यसलाई स्थानीयकरण गर्न सहयोग होस भने बुद्धभूमि नगरपालिकाले पनि यस वर्षदेखि दिगो विकास लक्ष्यमैत्री मध्यमकालिन खर्च संरचना तयार परेर कार्यान्वयनमा ल्याएको छ ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी नगरेसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ । यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ । लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ । दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ । यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ ।

दिगो विकासका लक्ष्य स्थानीयकरण गर्नेक्रममा स्थानीय तहमा तर्जुमा गरिएका आवधिक योजनाले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न नेपाल सरकारले गरेको प्रतिवद्धता अनुरुप समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू अवलम्वन गर्नु पर्द्धछ । त्यसरी निर्धारित लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको औजार मध्यमकालिन खर्च संरचना हो । तसर्थ, मध्ममकालीन खर्च संरचनालाई पनि दिगो विकासका लक्ष्यमैत्री बनाएर दिगो विकास लक्ष्य हासिल गर्ने सिलसिलामा आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच सारभुत अन्तरसम्बन्ध कायम गर्न सकिन्छ ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी अपेक्षित लक्ष्य हासिल गर्नका लागि खर्चको प्रभावकारिता बढाउनु हो । यस अर्थमा पनि बुद्धमूमि नगरपालिकाको तत्कालिन विकासका आवश्यकताका साथै दीर्घकालमा दिगो विकास लक्ष्यमा आधारित नतिजा समेत हासिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन दिगो विकास लक्ष्यमैत्री मध्यमकालिन खर्च संरचनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसै सन्दर्भमा बुद्धभूमि नगरपालिकाले पनि आफ्नो प्रथम मध्यमकालीन खर्च संरचनालाई नै दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरेको छ । यस खर्च संरचना तर्जुमाको चरणमा राष्ट्रिय योजना आयोगले मार्गदर्शन गरे बमोजिमाको ढाँचा तथा प्रक्रियालाई दिगो विकास लक्ष्यको अवधारणासँग एकीकृत गरी प्रस्तुत गरिएको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारि गरिएको स्थानीय तहको मध्यमकालिन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) मा समाविष्ट मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी अवधारणा, मार्गदर्शन तथा औजारहरु प्रयोग गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यस मध्यमकालीन खर्च संरचना देहाय बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरि तर्जुमा गरिएको छ :

**चरण - १: तयारी चरण**

**प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन**

यस नगरपालिकाको आगामी तीन आर्थिक वर्षको लागि मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न दिगो विकास लक्ष्य प्रवेशका लागि सार्वजनिक वित्तको पुनरुत्थान आयोजना मार्फत परामर्शदाता नियुक्त गरी परिचालन गरियो । यसका लागि मध्यमकालीन खर्च संरचना तयारीको समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य तथा नगरपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरियो ।

**प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

नगरपालिकाको मार्गनिर्देशनमा परामर्शदाताद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो । दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक व्यवस्था पहिचान तथा विश्लेषण गरियो । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा अध्ययन एवं समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्री देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय तहको बजेट तथा योजना तर्जुमा हाते पुस्तिका, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्ध्रौं राष्ट्रिय योजना, प्रदेश तथा नगरपालिकाका आवधिक योजनाहरु
- नेपाल सरकारद्धारा जारी कोभिड १९ प्रतिकार्य एवं पुनर्लाभ सम्वन्धी निर्देशिका
- संघ तथा प्रदेशका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- वुद्धभुमि नगरपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।

**प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो ।

**चरण - २: लेखाजोखा चरण**

**प्रक्रिया ४: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना**

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले २०७९ जेष्ठ २० गते प्रारम्भिक कार्यशालाको आयोजना गरियो। सो कार्यशालामा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत एवं शाखा प्रमुख कर्मचारीहरुको सहभागिता रहेको थियो। कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया, औजार र संस्थागत व्यवस्था प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुभाईमा एकरुपता कायम गरियो। सोही कार्यशालाबाट मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका स्पष्ट गरियो। यसका साथै मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन गरि आवश्यक कार्य सम्पादन गरियो।

**प्रक्रिया ५: विषयगत समिति तथा शाखासँग परामर्शको आयोजना**

चालु आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समिति/इकाईसँग परामर्श तथा छलफल गरियो। यस परामर्शबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरण तयार गरियो। सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो।

**प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण**

राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोतको अनुमान तथा प्रक्षेपण गरियो भने आन्तरिक श्रोतलाई विगतका वर्षहरुको राजश्व संकलन अवस्थाको आधारमा अनुमान तथा प्रक्षेपण तयार गरियो। विगत आर्थिक वर्षहरुको खर्च सहित नगरपालिका गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो। श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको बजेट सीमा निर्धारण गरियो। यसरी निर्धारित तयार बजेट सीमालाई सबै विषयगत शाखा/इकाईमा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो।

**चरण - ३: तयारी चरण**

**प्रक्रिया ७: उपक्षेत्रगत योजना तर्जुमा**

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा वैठक गरियो। विषयगत शाखा/इकाईका कर्मचारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रमको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दीगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साङ्केतीकरण गरियो।

**प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी**

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारीका लागि विषयगत शाखा/इकाईलाई परामर्शदाता प्राविधिक सहयोग टोलीबाट सहयोग तथा सहजीकरण गरियो। उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालाको निष्कर्षको आधारमा तयार गरियो। विषयगत शाखा/इकाई उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन संरचना तयार गरियो।

**प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचनाको निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरी मध्यमकालीन खर्च संरचनाको उपरोक्त दस्तावेज तयार

गरियो । विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, आवधिक योजना, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा आवधिक योजना, क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । मध्यमकालीन खर्च संरचनाको दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयगत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारांश समावेश गरिएको छ ।

**चरण - ४: सुझाव संकलन तथा अन्तिम दस्तवेज तयारी चरण**

**प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला**

उल्लेखित प्रक्रियाबाट तयार गरिएको मस्यौदा मध्यमकालीन खर्च संरचनाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनका उद्देश्यले २०७९ असाढ २ गते एकदिने कार्यशाला आयोजना गरिएको थियो । प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम र संयुक्त राष्ट्र संघ नेपालले संयुक्त रुपमा कार्यान्वयन गरिरहेको दिगो विकास लक्ष्य प्रवेशका लागि सार्वजनिक वित्तको पुनरुत्थान आयोजनाको प्राविधिक सहयोगमा तयार गरिएको यस कार्यशालामा प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यशालामा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरि आवश्यक थप सूचना तथा तथ्याङ्क संकलनका साथै विषयगत क्षेत्र तथा उप क्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरि विषय उप क्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा साङ्केतिकरण समेत गरियो ।

**प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी**

मध्यमकालीन खर्च संरचनाको मस्यौदा दस्तावेजमा प्राप्त सुझाव तथा पृष्ठपोषणलाई यथोचित सम्बोधन गरी अन्तिम दस्तावेज तयार गरियो । यस क्रममा आवश्यक सूचनालाई शाखाहरूसँगको समन्वयमा अद्यावधिक गरिएको थियो ।

उपरोक्त चरण र प्रक्रियाअनुसार तयार गरिएको मध्यमकालीन खर्च संरचनाको अन्तिम दस्तावेज बजेट तथा कार्यक्रम तर्जुमा समितिमार्फत कार्यपालिकामा पेश गरी आवश्यक छलफल र स्वीकृति पश्चात नगर सभामा पेश भई अनुमोदन भएको छ ।

# परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

सामाजिक, आर्थिक तथा पूर्वाधार विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ। नेपालमा दशौं योजनादेखि नै मध्यमकालीन खर्च संरचनाको तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो।

संघीय संरचना अनुरुप अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी संघीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनु पर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार यस नगरपालिकाले तय गरेको दीर्घकालिन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवं नेपाल सरकारले घोषणा गरेको **समृद्ध नेपालः सुखी नेपाली**को दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना र लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना र नगरपालिकाको प्रथम आवधिक योजनाका नीति तथा कार्यक्रमलाई आत्मसात गर्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय संघीयताको कुशल व्यवस्थापन, तीब्र आर्थिक वृद्धि एवं विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ। मध्यमकालीन खर्च संरचनाले यसतर्फ नगरपालिकालाई मार्गदर्शन गर्नेछ।

आर्थिक वर्ष (२०७९/०८०-२०८१/०८२) का लागि तुर्जमा गरिएको मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र नगरपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दीगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। नगरपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२ अवसर तथा चूनौति

संघीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दीगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धी भावनाको विकास हुनु अहिलेका प्रमुख अवसरहरु हुन्। नगरपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्वारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन्।

वैदेशिक रोजगारीबाट फर्किएका युवा मार्फत ज्ञान, सीप, अनुभव तथा प्रविधि हस्तान्तरण, वित्तीय सेवा र स्थानीय स्रोत परिचालन गरी नगरपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ। यसका साथै कोभिड -१९ लगायतका महामारी र अन्य विपद्ले गर्दा अझ बलियो सुरक्षित निर्माण, उत्थानशीलता र वातावरणीय सन्तुलनका दिशामा यस खर्च संरचनालाई केन्द्रित हुने प्रेरणा दिएको छ।

संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दीगो विकास लक्ष्य, पन्ध्रौं योजना, लुम्विनी प्रदेशको प्रथम आवधिक योजना र नगरपालिकाको आवधिक योजनाको उद्देश्य हासिल गर्न, उत्पादन, रोजगारी र आयमा समन्यायिक वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा उन्नत समाजको निर्माण गर्नुलाई यस नगरपालिकाले प्रमुख चूनौतिको रुपमा लिएको छ। यसका साथै विश्वव्यापी रुपमा फैलिएको कोभिड -१९ महाव्याधी लगायतका महामारी, वातावरणीय ह्रास र जलवायु परिवर्तनको कारण सिर्जित विपद्को बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिस्कृत बनाउनु थप चूनौतिको रुपमा रहेको छ।

यसका साथै व्यवस्थित शहरीकरण, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा वनजन्य उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धिका साथै उत्पादनशील रोजगारीमा अभिवृद्धि र जनसाङ्ख्यीक लाभको उपयोग पनि नगरपालिका विकासको चूनौतिको रुपमा रहेका छन्। वित्तीय संघीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु समेत चूनौतिपूर्ण छ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा नगरपालिकाको आवधिक नगर विकास योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ। आवधिक नगर विकास योजनामा उल्लिखित नगर विकासको सोच,  लक्ष्य उद्देश्य तथा रणनीतिलाई यस मध्यमकालीन खर्च संरचनामा समावेश गरिएको छ। आवधिक नगर विकास योजनामा उल्लेख नभएका विवरण नगर स्थिति पत्र (प्रोफाइल), चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्ध्रौं राष्ट्रिय योजना, लुम्विनी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं संघ, प्रदेश र नगरपालिकाको विषयगत नीतिका व्यवस्थाहरु समावेश गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ।

### २.३.१ दीर्घकालीन सोच

नगरपालिकाको दीर्घकालीन सोच देहाय अनुसार रहेको छ :

**"जलाशय, कृषी, वन र पुर्वाधारः खुशी सुखी बुद्धभुमिको मुल आधार"**

### २.३.२ नगर विकासको लक्ष्य

समृद्ध, समावेशी, समानतामुलक सामाजिक न्याय तथा सुशासनमैत्री सहितको आर्थिक सम्पन्नता, शिक्षा स्वास्थ्यमा सर्वसुलभता भएको जलवायु अनुकुलित कृषी तथा दिगो भौतिक पुर्वाधार सहितको सुन्दर र सम्वृद्ध नागरिकको रुपमा नगरपालिकालाई परिचित गराउने।

### २.३.३ नगर विकासको उद्देश्य

१. कृषी तथा पशुपालनमा आधुनिक प्रविधि र यान्त्रिकिकरण गरी कृषी पशुमा आधारित उत्पादनमुखि उद्योग व्यवसायहरुको सिर्जनावाट रोजगारी तथा जनताको आयमा वृद्धी गर्नु,

२. शिक्षा तथा स्वास्थ्यका पुर्वाधारहरुको निर्माण तथा सुधार गरि सर्वसुलभ र सवैको पहुँचमा गुणस्तरिय र विश्वसनिय शिक्षा र स्वास्थ्य सेवा सुनिश्चित गर्नु,

३. महिला, वालवालिका तथा किशोर किशोरीहरुको विकास तथा संरक्षण, दलित, आदिवासी, जनजाती, भिन्न क्षमता भएका व्यक्तिहरुको संरक्षण र विकास गरी सम्मानित र न्यायपुर्ण समाजको स्थापना गर्नु,

४. सवै जनताको पहुँचमा गुणस्तरिय, सफा र सुरक्षित खानेपानी पुऱ्याई पुर्ण सरसफाईयुक्त नगर वनाउनु,

५. हरेक वस्तीको पहुँच पुग्ने गरी सुरक्षित यातायातको लागि मापदण्ड सहितको सडक संजालको विकास गर्नु,

६. हरेक वस्तीको पहुँच पुग्ने गरी विद्युत, सुचना तथा सञ्चार प्रविधिको पुर्वाधार निर्माण गर्नु,

७. विद्यमान वन जंगल तथा जलाशयहरुको संरक्षण तथा व्यवस्थापन गरी पर्यावरणिय सन्तुलन सहितको हरियालीयुक्त सुन्दर नगर वनाउनु,

८. वातावरणको संरक्षण तथा फोहरमैला व्यवस्थापन गरी विसर्जन न्युनीकरण गर्नु,

९. नगरपालिकावाट प्रवाह हुने सवै सेवाहरु पारदर्शी, जवाफदेहि, कानुनी सम्मत समावेशी, प्रभावकारी तथा सहभागितामुलक गराउनु,

१०. साना तथा घरेलु उद्योगको प्रवर्द्धनद्वारा उद्यमशिलता र स्वरोजगार निर्माण गर्नु,

११. सामाजिक सद्भाव तथा साहिष्णुता कायम गर्नु ।

### २.३.४ नगर विकासको रणनीति

नगर विकासको सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहाय अनुसारका सात प्रमुख रणनीतिहरू अबलम्बन गरिनेछः

१. कृषि तथा गैरकृषी कार्यक्रम मार्फत स्वरोजगार, व्यवसाय सञ्चालन र आर्थिक सम्वृद्धीको आधार तय गर्ने,

२. तुलनात्मक लाभका कृषी, पर्यटन, उद्योग, व्यापार प्रवर्द्धन गर्ने,

३. समावेशी सिद्धान्तको आधारमा विभिन्न वर्ग, भौगोलिक क्षेत्र, लिङ्ग, फरक क्षमता भएका व्यक्ति र जातजाति विशेषका अर्थपुर्ण सहभागिता सुनिश्चित गने,

४. विकासका नयाँ आयाम जस्तैः वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन र जोखिम व्यवस्थापनका नगर विकासमा मूलप्रवाहीकरण गर्ने,

५. रोजगारीका अवसर तथा राज्यका सेवा सुविधाको वितरणमा महिला, दलित तथा आर्थिक रुपमा विपन्न वर्ग, अपाङ्ग र युवाहरुलाई प्राथमिकता दिने,

६. कृषी पकेट क्षेत्र, पर्यटन क्षेत्र र स्थानीय सेवा केन्द्रलाई जोड्ने गरी सडक सञ्जाल निर्माण गर्ने,

७. आन्तरिक तथा वाह्य स्रोतहरु पहिचान तथा परिचालन गर्ने ।

## २.४ मध्यमकालीन आर्थिक खाका

“समृद्ध नेपाल र सुखी नेपाली” को राष्ट्रिय सोच तथा संकल्प, समृद्ध प्रदेश, खुशी जनता लुम्विनीको प्रादेशिक सोच र नगर विकासको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.१: मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा)**

| क्र.सं. | सूचक | एकाइ | २०७७/०७८ सम्मको उपलब्धि | २०७८/०७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | वार्षिक उत्पादन (रु.) | लाखमा | ८०५८ | ८७३१ | ९५४२ | १०३७९ | ११२८० |
| *१.१* | *कृषि क्षेत्र* | *लाखमा* | २०८८ | २१३१ | २२३२ | २३०४ | २४३० |
| *१.२* | *गैर कृषि तथा सेवा क्षेत्र* | *लाखमा* | ५९७० | ६६०० | ७३१० | ८०७५ | ८८५० |
| २ | औसत पारिवारिक वार्षिक आय | रु. हजारमा | १०९ | ११० | ११२ | ११५ | १२० |
| ३ | उद्योग, व्यापार तथा व्यवसाय | संख्या | ११९४ | १३२० | १४६२ | १६१५ | १७७० |
| ४ | अनौपचारिक क्षेत्रमा सिर्जित रोजगारी | कार्यदिन | २४७५ | ३३०० | ४१२५ | ४९५० | ६०५० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |

*स्रोतः पहिलो आवधिक योजना तथा नगर स्थितिपत्र र विषयगत विवरण*

## २.५ मध्यमकालीन नतिजा खाका

पन्ध्रौ योजना, लुम्विनी प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको आवधिक नगर विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत

नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आर्थिक वर्ष २०७८/०७९ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०७९/०८० को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो वर्षको लक्ष्य आवधिक नगर विकास योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

**तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य**

| क्र.सं. | सूचक | एकाइ | २०७७/०७८ सम्मको उपलब्धि | २०७८/०७९ सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | खाद्य वस्तुमा आत्मनिर्भर परिवार | प्रतिशत | ४५ | ४६ | ४७ | ४९ | ५० |
| २ | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | ३० | ३० | ३५ | ४० | ४५ |
| ३ | कृषि क्षेत्रमा प्रत्यक्ष रोजगारी वृद्धि | संख्या | ६० | १२० | २०० | २८० | ३६० |
| ४ | १२ हैं महिना सिंचाई सिंचित क्षेत्र | प्रतिशत | ९ | १२ | १४ | १६ | १८ |
| ५ | वेरोजगार युवा | प्रतिशत | ३० | ३० | २७ | २५ | २५ |
| ६ | उद्यम तथा व्यवसायमा संलग्न जनशक्ति | प्रतिशत | ३ | ३ | ५ | ७ | १० |
| ७ | कम तौल भएका बालबालिका (२ वर्ष मुनी) | प्रतिशत | ५.४ | ५ | ४ | ३ | ३ |
| ८ | अपेक्षित औषत आयुमा वृद्धि | बर्ष | ७० | ७० | ७० | ७०.५ | ७०.५ |
| ९ | साक्षरता दर | प्रतिशत | ९८.२ | ९८.२ | ९८.३ | ९८.४ | ९८.५ |
| १० | प्राविधिक तहमा अध्ययनरत विद्यार्थी | संख्या | १८० | १८० | २०० | २२० | २२० |
| ११ | व्यवसायिक शिक्षा प्राप्त जनशक्ति | प्रतिशत | १० | १० | २० | ३० | ३० |
| १२ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १ | १ | १ | १.५ | १.५ |
| १३ | कूल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान | प्रतिशत | २ | २ | २ | ३ | ३ |
| १४ | औषत आयु | वर्ष | ७० | ७० | ७० | ७०.५ | ७१ |
| १५ | मानव विकास सूचाङ्क | इन्डेक्स | ०.५१ | ०.५१ | ०.५२ | ०.५३ | ०.५३ |
| १६ | प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | ८ | १२ | १४ | १७ | १८ |
| १७ | खाद्यन्नमा आत्मनिर्भर परिवार | प्रतिशत | ४५ | ४६ | ४७ | ४९ | ५० |
| १८ | ग्राभेल सडक | कि.मि. | १९.४१ | २० | २२ | २५ | २७ |
| १९ | कालोपत्र सडक | कि.मि. | ६.८८ | ७ | ७.५ | ८ | ८.५ |
| २० | विद्युत सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ९५ | ९५ | ९५ | ९६ | ९७ |
| २१ | सुरक्षित आबास निर्माण (जस्ताको छाना र फुस रहितको घर निर्माण) | प्रतिशत | ८० | ८० | ८५ | ८५ | ९० |
| २२ | वैकल्पिक ऊर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३० | ३० | ४० | ५० | ६० |
| २३ | सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ३० | ३० | ४० | ५० | ६० |
| २४ | ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | संख्या | ५३०० | ५६९९ | ६००० | ६३०० | ६६०० |
| २५ | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्मित सार्वजनिक भवन | प्रतिशत | २ | ५ | १० | १५ | २० |
| २६ | रुख विरुवाले ढाकेको क्षेत्र | हेक्टर | २४८९२ | २४८९१.५ | २४८९१.५ | २४८९१.५ | २४८९१.५ |
| २७ | सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | १०३७४ | ११६८८ | १३००० | १३५०० | १४००० |
| २८ | आन्तरिक आयमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ०.२ | ०.२ | १ | १ | २ |
| २९ | नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहवाट सन्तुष्टि सेवाग्राही | प्रतिशत | ७५ | ७९ | ८५ | ८८ | ९० |

*स्रोत: पहिलो आवधिक योजना तथा नगर स्थिति पत्र र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

नगरपालिकाको त्रिवर्षीय बजेट खाका तर्जुमा गर्दा आवधिक योजनामा उल्लेखित सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकतालाई मुख्य अधार लिइएको छ। प्रथम प्रयासको रुपमा

तयार यस मध्यमकालीन खर्च संरचनामा वित्तीय संघीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने गरी खर्च तथा स्रोतको अनुमान गरिएको छ । यसका साथै कोभिड -१९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ । महामारी र विपद्ले सिर्जना गरेका विकासका अवसरको उपयोग गर्ने विकास कार्यक्रमको तर्जुमालाई प्राथमिकता दिइएको छ ।

नगर गौरवका आयोजना, क्रममागत तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। यसैगरी बजेट खाका तर्जुमा गर्दा क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवं उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगतको प्रवृत्ति, कोभिड -१९ महामारी र अन्य विपद्बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ । त्रिवषीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा र एकाइलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत छ ।

आर्थिक वर्ष २०७८/७९ को बजेट राजस्व तथा विनियोजनका आधारमा खर्च संरचनाको पहिलो वर्षको राजस्व तथा खर्च आँकलन गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिकाको आवधिक योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार सञ्चालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधारको रुपमा लिइएको छ। प्रक्षेपणका क्रममा नगरपालिकाको प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्रर्याप्त स्रोत व्यवस्था गरिएको छ। आन्तरिक श्रोत, राजस्व बाँडफाँड, नेपाल सरकार तथा प्रदेश सरकार उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँड स्वरूप प्राप्त हुने रकम, रोयल्टी (वन तथा खानी तथा खनिज) र आन्तरिक श्रोत समेतका आधारमा नगरपालिकालाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ।

उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. ३ अर्ब १८ करोड २२ लाख १ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु १ अर्ब ७२ करोड ६९ लाख २४ हजार (५४.२७ प्रतिशत) र पुँजीगत खर्च रु. १ अर्ब ४५ करोड ५२ लाख ७७ हजार (४५.७३ प्रतिशत) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. २४ करोड ८३ लाख ३० हजार (७.९५ प्रतिशत), राजस्व बाँडफाँटबाट रु. ६३ करोड ३२ लाख ४४ हजार (१९.९० प्रतिशत), रोयल्टीबाट रु. १ करोड ४२ लाख ६६ हजार ( ०.२८ प्रतिशत) र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. २ अर्ब ३ करोड १३ लाख ७२ हजार (६३.८६ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. १७ करोड २६ लाख ७ हजार (५.४२ प्रतिशत) र नगद मौज्जादबाट रु. ८ करोड २७ लाख ४९ हजार (२.६१ प्रतिशत) व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण यहाँ उल्लेख गरिएको छ।

**तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र.सं. | बजेटका स्रोतहरु | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को संसोधित अनुमान | प्रक्षेपण | | | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| क. | **आम्दानी** | ७४३५०० | ९४८९१८ | १०४२३३२ | ९२९२७७ | १०५१८२८ | १२०१०९५ | ३१८२२०१ |
| १ | **आन्तरिक आय** | ७७०७५ | ३४९२० | ९५७७२ | ७५००० | ७९२५० | ९४०८० | २४८३३० |
| २ | **राजस्व बाँडफाँट बाट प्राप्त आय** | ११२२३२ | १४३१२८ | १५६८५४ | १८५५५९ | २०९९६३ | २३७७२२ | ६३३२४४ |
| | नेपाल सरकार (भ्याट र अन्तशुल्क) | १०३७३१ | १३०२७० | १३४५९९ | १५८८५३ | १७७९१५ | १९९२६५ | ५३६०३४ |
| | प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि) | ८५०१ | १२८५८ | २२२५५ | २६७०६ | ३२०४७ | ३८४५७ | ९७२११ |

| क.सं. | बजेटका स्रोतहरु | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को संसोधित अनुमान | प्रक्षेपण | | | ३ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | |
| ३ | **रोयल्टी बाँडफाँट बाट प्राप्त राजस्व** | **२३१५** | **२२०७१** | **०** | **४५३१** | **४७५१** | **४९८४** | **१४२६६** |
| | वन रोयल्टी | २३१५ | ३८१६ | ० | ४५३१ | ४७५१ | ४९८४ | १४२६६ |
| | खानी तथा खनिज रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| | पर्वतारोहण रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| | विद्युत रोयल्टी | ० | ० | ० | ० | ० | ० | ० |
| | पानी तथा अन्य प्राकृतिक स्रोत | ० | १८२५५ | ० | ० | ० | ० | ० |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | **४३९७८८** | **५४५१३०** | **६१८२३१** | **५८९०००** | **६७३०५७** | **७६९३१५** | **२०३१३७२** |
| | वित्तीय समानीकरण अनुदान | १७६००० | १७०९०० | १७६९०० | १८८१०० | २१०६७२ | २३५९५३ | ६३४७२५ |
| | सशर्त अनुदान | २६२८८८ | ३७४२३० | ३८६१३१ | ३७३९०० | ४२९९८५ | ४९४४८३ | १२९८३६८ |
| | समपुरक अनुदान | ० | ० | ४१५०० | २०००० | २४००० | २८८०० | ७२८०० |
| | विशेष अनुदान | ९०० | ० | १३७०० | ७००० | ८४०० | १००८० | २५४८० |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | **३६२७१** | **५७७३७** | **४७०५७** | **५०४१९** | **५७१११** | **६४७०९** | **१७२२३९** |
| | वित्तीय समानीकरण अनुदान | ५१५८ | ६०९५ | ८५१३ | ९७९० | १११६१ | १२७२३ | ३३६७४ |
| | सशर्त अनुदान | ९१४३ | १७८५० | ११५४४ | १२९२९ | १४४८१ | १६२१८ | ४३६२९ |
| | समपुरक अनुदान | १४६५१ | १८७९२ | २०००० | २०००० | २३००० | २६४५० | ६९४५० |
| | विशेष अनुदान | ७३१९ | १५००० | ७००० | ७७०० | ८४७० | ९३१७ | २५४८७ |
| ६ | **अन्य अनुदान** | २८० | ० | ० | ० | ० | ० | ० |
| ७ | **अन्तर स्थानीय तह साझेदारी रकम** | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | **जनसहभागिता** | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | **ऋण** | ० | ० | ० | ० | ० | ० | ० |
| १० | **नगद मौज्दात** | **७५५४०** | **१४५९३१** | **१२४४१८** | **२४७६८** | **२७६९६** | **३०२८५** | **८२७४९** |
| **ख.** | **जम्मा खर्च** | **७४३५००** | **९४८९१८** | **१०४२३३२** | **९२९२७७** | **१०५१८२८** | **१२०१०९६** | **३१८२२०१** |
| १ | चालु खर्च | ३६२३९२ | ३९८१७६ | ३०४३६४ | ५२५८२९ | ५६०७७५ | ६४०३२० | १७२६९२४ |
| २ | पुँजीगत खर्च | १९७३६० | ३०७३६५ | १८७४२३ | ४०३४४८ | ४९१०५३ | ५६०७७६ | १४५५२७७ |
| | **वचत वा न्यून** | **१८३७४८** | **२४३३७६** | **५५०५४५** | ० | ० | ० | ० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र विभिन्न संकेतका आधारमा गरिएको बजेट विनियोजनको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

### क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)**

| क.सं. | रणनीतिक स्तम्भ | संख्या | २०७९/८० को अनुमान | | २०८०/८१ को प्रक्षेपण | | २०८१/८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | स्वरोजगार, व्यवसाय सञ्चालन र आर्थिक सम्वृद्धीको आधार तयार गर्ने | ३ | १३५०० | १.४५ | १५३६० | १.४६ | १७४७१ | १.४५ |
| २ | परम्परागत कृषी, पर्यटन, उद्योग, व्यापार क्षेत्रहरुमा लगानी गर्ने | १० | ४८४०० | ५.२१ | ५७४१६ | ५.४६ | ६५६९९ | ५.४७ |
| ३ | समावेशी सिद्धान्तको आधारमा विभिन्न वर्ग, भौगोलिक क्षेत्र, लिङ्ग, फरक क्षमता भएका व्यक्ति र जातजाति विशेषको अर्थपुर्ण सहभागिता सहित समुचित विकासको प्रत्याभुति गर्ने | ११ | ३३६०२० | ३६.१६ | ३५५८१७ | ३३.८३ | ४०६२६० | ३३.८२ |
| ४ | कृषी पकेट क्षेत्र, पर्यटन क्षेत्र र स्थानीय सेवा केन्द्रलाई जोड्ने सडक निर्माणलाई प्राथमिकता दिने | ४ | २४६४७७ | २६.५२ | २७३४७८ | २६.०० | ३१२२७० | २६.०० |

| क.सं. | रणनीतिक स्तम्भ | संख्या | २०७९/८० को अनुमान | | २०८०/८१ को प्रक्षेपण | | २०८१/८२ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ५ | रोजगारीका अवसर तथा राज्यका सेवा सुविधामा महिला, दलित तथा आर्थिक रुपमा विपन्न वर्ग, अपाङ्ग र युवाहरुको सहभागिता सुनिश्चित गर्ने | १२ | १३७१८० | १४.७६ | १८२८३० | १७.३८ | २०८७९२ | १७.३८ |
| ६ | वातावरणमैत्री स्थानीय शासन र विपद जोखिम व्यवस्थापन नविनतम् नीति तथा कार्यक्रम गर्ने | ७ | २१७०० | २.३४ | २४७१८ | २.३५ | २८२२३ | २.३५ |
| ७ | आन्तरिक श्रोतहरुको पहिचान गरी परिचालन गर्ने | ३ | १२६००० | १३.५६ | १४२२०८ | १३.५२ | १६२३८० | १३.५३ |
| **जम्मा** | | ५० | ९२९२७७ | १००.० | १०५१८२७ | १००.० | १२०१०९५ | १००.० |

## ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ।

**तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ३४ | ४४९६३१ | ४८.४ | ४८६२७२ | ४६.२ | ५५३९६३ | ४६.१ |
| प्राथमिकता दोश्रो (P2) | १६ | ४७९६४६ | ५१.६ | ५६५५५५ | ५३.८ | ६४७१३२ | ५३.९ |
| **जम्मा** | ५० | ९२९२७७ | १००.० | १०५१८२७ | १००.० | १२०१०९५ | १००.० |

## ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ।

**तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ३ | ६२२० | ०.७ | ७५०१ | ०.७ | ८५६६ | ०.७ |
| २ | शुन्य भोकमरी | ५ | ३४३०० | ३.७ | ४०८११ | ३.९ | ४६६०२ | ३.९ |
| ३ | स्वस्थ्य जीवन | ७ | ७८५०० | ८.४ | ८९०९७ | ८.५ | १०१७०४ | ८.५ |
| ४ | गुणस्तरीय शिक्षा | ७ | ३१२८०० | ३३.७ | ३५४११० | ३३.७ | ४०४३९८ | ३३.७ |
| ५ | लैंगिक समानता | १ | ७८०० | ०.८ | ८८८६ | ०.८ | १०१७२ | ०.८ |
| ६ | सफा पानी र स्वच्छता | १ | ९००० | १.० | १०५१८ | १.० | १२०११ | १.० |
| ७ | आधुनिक उर्जामा पहुँच | २ | १३०० | ०.१ | १४७३ | ०.१ | १६८२ | ०.१ |
| ८ | समावेशी आर्थिक वृद्धि र मर्यादित काम | २ | ७२०० | ०.८ | ८०९९ | ०.८ | ९२४८ | ०.८ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ६ | २५१४७७ | २७.१ | २७४६३२ | २६.१ | ३१३६०६ | २६.१ |
| १० | असमानता न्यूनीकरण | १ | २७०० | ०.३ | ३००० | ०.३ | ३४०० | ०.३ |
| ११ | दिगो शहर र समुदाय | ५ | ६९००० | ७.४ | ८५२२० | ८.१ | ९७२८७ | ८.१ |
| १२ | दिगो उपभोग र उत्पादन | १ | २७८० | ०.३ | ३१५५ | ०.३ | ३६०३ | ०.३ |
| १३ | जलबायु परिवर्तन अनुकूलन | २ | ९५०० | १.० | ११०२२ | १.० | १२६१३ | १.१ |
| १४ | पानी मुनीको जीवन | ० | ० | ०.० | ० | ०.० | ० | ०.० |
| १५ | जमीन माथिको जीवन | ३ | ८७०० | ०.९ | ९९९२ | १.० | ११४१० | १.० |
| १६ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | २ | १२३००० | १३.२ | १३९०५२ | १३.२ | १५८७८५ | १३.२ |
| १७ | दिगो विकासका लागि साझेदारी | २ | ५००० | ०.५ | ५२५९ | ०.५ | ६००५ | ०.५ |
| **जम्मा** | | ५० | ९२९२७७ | १००.० | १०५१८२७ | १००.० | १२०१०९५ | १००.० |

### घ. लैङ्गिक संकेतको आधारमा बाँडफाँट

लैङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.७ : लैंगिक संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ४ | १७९५२ | १.९ | २०३६२ | १.९ | २३२५३ | १.९ |
| सहयोगी | २४ | ४१२६५८ | ४४.४ | ४७५५०८ | ४५.२ | ५४२८३९ | ४५.२ |
| तटस्थ | २२ | ४९८६६७ | ५३.७ | ५५५९५७ | ५२.९ | ६३५००२ | ५२.९ |
| **जम्मा** | ५० | ९२९२७७ | १००.०० | १०५१८२७ | १००.० | १२०१०९५ | १००.० |

### ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.८ : जलवायु संकेतका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)**

| लैंगिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | ९ | ४३९०० | ४.७ | ४३९०५ | ४.२ | ४८७१६ | ४.१ |
| सान्दर्भिक | १४ | ३४६०५८ | ३७.२ | ४०६५०० | ३८.६ | ४६५६०७ | ३८.८ |
| तटस्थ | २७ | ५३९३१९ | ५८.० | ६०१४२२ | ५७.२ | ६८६७७२ | ५७.२ |
| **जम्मा** | ५० | ९२९२७७ | १००.० | १०५१८२७ | १००.० | १२०१०९५ | १००.० |

### च. नगर गौरव आयोजना

नगरपालिकाले नगरको सामाजिक आर्थिक विकास र वातावरण सन्तुलनमा महत्वपूर्ण योगदान पुऱ्याउने रणनीतिक महत्वका आयोजनालाई नगर गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ। नगर गौरवका आयोजना तथा कार्यक्रमको आगामी आर्थिक वर्ष २०७९/०८० को विनियोजन र त्यसपछिका दुई वर्षको प्रक्षेपण तालिका २.९ मा प्रस्तुत गरिएको छ ।

**तालिका २.९ : नगर गौरवका आयोजना**

| क्र.सं. | गौरवका आयोजना | २०७९/८० को व्यय अनुमान | २०८०/८१ को खर्च प्रक्षेपण | २०८१/८२ को खर्च प्रक्षेपण |
|---|---|---|---|---|
| १ | वुड्ढी ताल सौन्दर्यीकरण आयोजना | १४५०० | १०००० | १०००० |
| २ | १५ शैयाको अस्पताल निमार्ण आयोजना | ९५०० | ० | ० |
| ३ | टिक्कर-वुड्ढी-विचगौरी सडक कालोपत्रे आयोजना | ५०००० | ७०००० | ० |
| **जम्मा** | | ७४००० | ८०००० | १०००० |

## २.८ विषय उप क्षेत्रगत बाँडफाँट

विषय उप क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ । विषयगत उप क्षेत्रका आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची २** समावेश गरिएको छ ।

**तालिका २.१० : आगामी तीन आ.व.को विषय उप-क्षेत्रगत खर्चको बाँडफाडको प्रक्षेपण (रकम रु. हजारमा)**

| क्र.सं | विषय क्षेत्र/उपक्षेत्र | आ.व २०७९/८० बजेट सीमा | | | आ.व २०८०/८१ बजेट सीमा | | | आ.व २०८१/८२ बजेट सीमा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १ | कृषि तथा खाद्य सुरक्षा | १५५०० | १२९०० | २४०० | १८९३३ | १५८४० | ३०९३ | २१६२० | १८१०८ | ३५१२ |
| २ | सिंचाई | १०००० | ६४०० | ८००० | ११३६० | ७०७२ | ४२८८ | १२९७२ | ७७९४ | ५१७७ |
| ३ | पशु सेवा | ८८०० | ७४८० | १७६० | १०५१८ | ८९४१ | १५७८ | १२०११ | १०२०९ | १८०२ |
| ४ | उद्योग, व्यापार तथा व्यवसाय | २७८० | १९४६ | ८३४ | ३१५५ | २२०९ | ९४७ | ३६०३ | २५२२ | १०८१ |

| क्र.सं | विषय क्षेत्र/उपक्षेत्र | आ.व २०७९/८० बजेट सीमा | | | आ.व २०८०/८१ बजेट सीमा | | | आ.व २०८१/८२ बजेट सीमा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| ५ | पर्यटन तथा संस्कृति | १७५०० | १८०० | १५७०० | २०५११ | ६३०६ | १४२०४ | २३४२१ | ८०५३ | १५३६९ |
| ६ | भूमि व्यवस्था, सहकारी र वित्तीय सेवा | २००० | १६०० | ८०० | २३१४ | १८५१ | ४६३ | २६४२ | २११४ | ५२८ |
| ७ | श्रम तथा रोजगारी | ७२०० | ४३२० | ३८० | ८०९९ | ४८५९ | ३२४० | ९२४८ | ५५४९ | ३६९९ |
| ८ | गरिवी निवारण | ३०२० | २४१६ | ९०६ | ३७८७ | ३०२९ | ७५७ | ४३२४ | ३४५९ | ८६५ |
| ९ | शिक्षा, कला, भाषा र साहित्य | ३१२६०० | २८१३४० | ५१०७३ | ३५३८३५ | ३१८४५१ | ३५३८३ | ४०४०४८ | ३६३६४४ | ४०४०५ |
| १० | स्वास्थ्य तथा पोषण | ७७४०० | ४९२०५ | २४०३८ | ८७६१७ | ७०६२३ | १६९९४ | १०००५१ | ८०६४३ | १९४०८ |
| ११ | खानेपानी तथा सरसफाइ | ९००० | ९०० | ५५८० | १०५१८ | १०५२ | ९४६६ | १२०११ | १२०१ | १०८१० |
| १२ | महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण | १०५०० | ९२२१ | १०५० | ११८८६ | १०४४२ | १४४४ | १३५७२ | ११९२६ | १६४६ |
| १३ | युवा, खेलकुद तथा नवप्रवर्तन | २५०० | १६२० | १३७५ | ३१५५ | १९७१ | ११८४ | ३६०३ | २२८१ | १३२३ |
| १४ | बस्ती विकास, आवास र भवन | ५०००० | ३६२८० | ४७५५० | ६३११० | ४८३०९ | १४८०० | ७२०६६ | ५६३९२ | १५६७३ |
| १५ | सडक तथा यातायात | २५०४७७ | ३७८८ | २४०५०३ | २७३४७५ | ३९०६ | २६९५७० | ३१२२८५ | ६०६४ | ३०६२२१ |
| १६ | विद्युत् तथा स्वच्छ ऊर्जा | १३०० | ४०० | ६७० | १४७३ | ४४९ | १०२४ | १६८२ | ५१३ | ११६९ |
| १७ | सूचना, सञ्चार तथा प्रविधि | १००० | ६०० | ६०० | ११५७ | ६९४ | ४६३ | १३२१ | ७९३ | ५२८ |
| १८ | वन, भुसंरक्षण तथा जैविक विविधता | ८७०० | २१६० | ३०४० | ९९९२ | २४३८ | ७५५४ | ११४१० | २७४२ | ८६६८ |
| १९ | वातावरण तथा फाहोरमैला व्यवस्थापन | २००० | ५७५ | ७६० | २४१९ | ८१३ | १६०६ | २७६३ | ९४४ | १८१९ |
| २० | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता | ९००० | ७६५० | १४४० | १०२०३ | ८६७२ | १५३० | ११६५१ | ९९०३ | १७४८ |
| २१ | नीति, कानून, न्याय र सुशासन | २००० | १८०० | ८० | २१०४ | १८९३ | २१० | २४०२ | २१६२ | २४० |
| २२ | संगठन, मानव संशाधन र क्षमता विकास | १२१००० | ११४९५० | ३६३० | १३६९४८ | १३०१०१ | ६८४७ | १५६३८३ | १४८५६३ | ७८१९ |
| २३ | राजस्व तथा राजस्व परिचालन | २५०० | २२५० | १०० | २६३० | २३६७ | २६३ | ३००३ | २७०२ | ३०० |
| २४ | तथ्याङ्क, योजना तथा विकास परिचालन | २५०० | २५०० | १०० | २६३० | २६३० | ० | ३००३ | ३००३ | ० |
| | **जम्मा** | ९२९२७७ | ५५४१०० | ४११८२० | १०५१८२७ | ६५४९१८ | ३९६९०९ | १२०१०९५ | ७५१२८४ | ४४९८१० |

आर्थिक वर्ष २०७९/०८० को अनुमान र आगामी दुई वर्षको प्रक्षेपण विषय उप क्षेत्रगत नतिजा, विषय उप क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय उप क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ ।

# परिच्छेद तीन : आर्थिक क्षेत्र

यस परिच्छेद अन्तर्गत कृषि तथा सिंचाई, पशु विकास, सिंचाई, उद्योग तथा व्यापार, पर्यटन तथा संस्कृति, भूमि व्यवस्था तथा सहकारी र श्रम तथा रोजगारी जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

उर्वरभुमी र प्राकृतिक श्रोतले भरपुर भएको यस नगरपालिकामा अधिकांस खेतीयोग्य भूमि आकासे पानीवाट सिंचित गर्नुपर्ने अवस्था भएको र वहुसंख्यक जनताहरु कृषिमै आधारित भएता पनि वर्षभरी खानपुग्नेको घरपरिवार संख्या ६५.९१% छ भने २२.७१% घरपरिवारलाइ ३ महिना भन्दा कम खान पुग्छ र १३.६६% घरपरिवारलाइ ६ महिनाभन्दा कम खान पुग्छ । कृषि उपजको रुपमा धान, गहुँ, मकै, आलु, तोरी, मुसुरो, अरहर, तरकारी, र आंप, लिचि र केरा रहेका छन् । मुख्य वजारभन्दा ग्रामिण वडाहरूमा कृषि जीविकोपार्जन तथा रोजगारीको मुख्य आधारका रूपमा रहेको छ । कृषीको अवस्थालाई हेर्दा फलफुल, तरकारी तथा खाद्य वाली खेती व्यवसायीकरण तर्फ गइरहेको देखिन्छ ।

### ३.१.२ समस्या तथा चूनौति

कृषी व्यवसायमा प्रचुर सम्भावना भए पनि कृषीमा यान्त्रिकरण र आधुनिकरण, प्रयाप्त मात्रामा सिंचाई सुविधा नहुनु, फलफुल खेतीको प्रसारण तथा तरकारी उपजको निर्यातमा वृद्धी नहुनु समस्याका रुपमा रहेका छन् भने उन्नत तथा गुणस्तरीय विउ अभाव, कृषि वजार तथा मुल्य अनिश्चित हुनु, श्रम र सिप हुनेका लागी कृषि भूमिमा पहुच नपुग्नु, खुल्ला सिमानाका कारण भारतवाट आयात गरिने सस्तो मूल्यको खाद्यवस्तु संग प्रतिस्पर्धा गर्न नसक्नु, बजार व्यवस्थापनको अभाव, दक्ष जनशक्तिको अभाव, व्यवसाय, उद्योग कलकारखाना संचालनमा आर्थिक अभाव हुनु मुख्य चुनौतीहरु हुन् ।

### ३.१.३ सोच

कृषी प्रविधीको आधुनिकिकरण यान्त्रिकरण गरी कृषीलाई प्रतिस्पर्धी, मर्यादित र सम्मानको प्रतिकको रुपमा विकास गरि समृद्ध समाज वनाउने ।

### ३.१.४ उद्देश्य

१. खाद्यान्य, तरकारी, तेलहन, दलहन र फलफुलको उत्पादन गुणस्तरिय र निर्यात योग्य परिमाणमा गरि छिमेकी मुलुक भारत र नेपालकै अन्य ठाउँसंग सहज प्रतिस्पर्धा गर्न किसानहरुलाई सक्षम वनाउने ।

२. कृषी उपजलाई मुख्य श्रृंखलामा आधारित कृषी उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने ।

### ३.१.५ रणनीति

१. कृषीको औद्योगिकीकरणको लागि जमिनको चक्लावन्दीका विकल्प सामुहिक पकेट क्षेत्र र जोन निर्धारण गरी कृषी उत्पादनमा वृद्धी गर्ने ।

२. खाद्य सुरक्षाको प्रत्याभुत गरी निर्यात प्रवर्द्धन गर्न कृषी उपजको उत्पादन र उत्पादकत्वमा वृद्धी गर्न प्रतिस्पर्धात्मक क्षमता विकास गर्ने ।

३. कृषी क्षेत्रको व्यवसायीकरण तथा औद्योगिकिकरणको लागि निजि क्षेत्र, गैर सरकारी संस्था, संघीय तथा प्रदेश सरकारको सहयोग लिने ।

४. कृषी क्षेत्रको संस्थागत संरचना र क्षमता विकास गर्ने ।

५. कृषी क्षेत्रमा लाग्ने युवाहरुको मर्यादित र सम्मानित जिवन वनाउने वातावरण गर्ने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यवसायिक कृषी उत्पादनमा संलग्न कृषक | संख्या | १४४५ | १४८० | १५०५ | १५३० | १५५० |
| व्यवसायिक तरकारी खेती गरिएको क्षेत्रफल | हेक्टर | ५७० | ५८० | ६०५ | ६२० | ६५० |
| व्यवसायिक केरा खेती गरिएको क्षेत्रफल | हेक्टर | १० | १२ | १५ | २० | २५ |
| वार्षिक धान उत्पादन | मे.टन | २१०४२ | २०८२० | २१२०० | २१६०० | २१९०० |
| वार्षिक गहुँ उत्पादन | मे.टन | ८११४२ | ८१५५० | ८१९६० | ८२१६० | ८२३५० |
| वार्षिक तरकारी उत्पादन | मे.टन | ५२८० | ५४४० | ५५१० | ५६६५ | ५८९५ |
| संकलन केन्द्रको संख्या | संख्या | ३ | ३ | ४ | ५ | ६ |
| कृषि क्षेत्रमा प्रत्यक्ष रोजगारी वृद्धि | संख्या | ६० | १२० | २०० | २८० | ३६० |
| खाद्य वस्तुमा आत्म निर्भर परिवार | प्रतिशत | ४५ | ४६ | ४७ | ४९ | ५० |

### ३.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५५०० | १२४०० | ३१०० | ० | ४८४१ | ९८३६ | ८२३ | ० |
| २०८०/८१ | १८९३३ | १५१४६ | ३७८७ | ० | ५७८८ | १२११५ | १०३० | ० |
| २०८१/८२ | २१६७९ | १८२४३ | ३४३६ | ० | ६६०२ | १३०८८ | ११६९ | ० |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना | गहुवाली समेत खाद्यान्न, तरकारी पकेट क्षेत्रको विस्तार गर्नु | सालवसाली | १२००० | व्यवसायिक कृषक ४५ जना थप हुनेछन, गहुँको उत्पादकत्व ४५ मे.ट. प्रति हेक्टर पुग्ने, तरकारीको क्षेत्र विस्तार हुनेछ। |
| २ | कृषी प्रसार, प्रविधि हस्तान्तरण र क्षमता विकसा तथा नियमन कार्यक्रम | कृषी उत्पादन तथा उत्पादकत्व र कृषकको आयस्तरमा वृद्धी गर्नु | सालवसाली | ४४०५३ | थप ११० जना व्यवसायिक कृषक वढ्ने, विउ उत्पादन सहकारी स्थापना हुने, धानको उत्पादकत्व ५ मे.ट. प्रति हेक्टर पुग्ने, फलफुल तथा तरकारीको क्षेत्र विस्तार हुनेछ। |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। नगरपालिकाको ग्रामीण क्षेत्रमा वैदेशिक रोजगारबाट प्राप्त पूँजी कृषि व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरु कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, खुल्ला सिमानाका कारण भारतवाट आयात गरिने सस्तो मूल्यको खाद्यवस्तु संग प्रतिस्पर्धा, बजार व्यवस्थापन, कृषि भूमिको संरक्षण र व्यवसाय, उद्योग कलकारखाना संचालन व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ। यसैगरी कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम संभावना अधिक रहन सक्दछ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

यो नगरपालिकाको अधिकाशं भाग तराई क्षेत्रमा पर्ने भएको हुँदा उपलब्ध जलश्रोतलाई सिंचाई आयोजना सञ्चालन गर्न सकेमा समथर जग्गालाई उर्वरभुमिको रुपमा विकास गर्न सकिने अवस्था छ। दिगो विकास लक्ष्य २ ले विश्ववाट भोकमरी अन्त्य गर्ने लक्ष्य लिएको र सोको लागि खेतीयोग्य जमिनलाई वाह्रै महिना सिंचाई गर्न सकिने अवस्था निर्माण गर्न सके स्थानीय उत्पादनको मात्रामा वृद्धी गर्न सकिने अवस्था रहेको छ। यस नगरपालिकामा कुल ९३०८ हेक्टर खेतीयोग्य जमिन रहेको छ जसमध्ये ९३४ हेक्टर जमिनमात्र सिंचाइ प्रणालीवाट खेती गरिएको अवस्था देखिन्छ।

### ३.२.२ समस्या तथा चुनौति

नगरपालिकाभित्र सतहमा वग्ने खोला तथा साना नदीवाट व्यवस्थित कुलो वा नहर निर्माण र जमिन मुनिको पानीलाई वोरिङ प्रणालीवाट सिंचाई व्यवस्थापन समस्याको रुपमा रहेको छ भने हाल उपलब्ध रहेका सिंचाइका श्रोतहरुलाई व्यवस्थित तरिकाले व्यवस्थापन गर्नका लागि परिणाममुखि योजनाहरु निर्माण गर्नु र सवै खेतीपाती गर्ने कृषकहरुका लागि सहज रुपमा सिंचाई सुविधा उपलब्ध गराउनु चुनौतीपुर्ण रहेको देखिन्छ।

### ३.२.३ सोच

कृषीयोग्य भुमिमा वाह्रै महिना सिंचाईको व्यवस्थापन गरी कृषी उत्पादकत्वमा वृद्धी गर्ने।

### ३.२.४ उद्देश्य

१. सतह वा जमिनमुनिका पानीका श्रोतहरु पत्ता लगाई सिंचाइका पुर्वाधार विकास गर्ने।

२. नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा दिगो सिंचाई व्यवस्थापनमा योगदान दिने।

३. सिंचाईको आवश्यकता भएको स्थान र समयमा निर्वाध रुपमा पानीको उपलब्धता वढाउने।

४. तालतलैयाको व्यवस्थापन गरि सिंचाईको व्यवस्थापन गर्ने।

### ३.२.५ रणनीति

१. वाह्रै महिना सिंचाई सेवा उपलब्ध गराउनका लागि सतह सिंचाई आयोजनाहरुलाई अघि वढाउने।

२. निर्माण सम्पन्न भई सकेका सिंचाई प्रणालीहरुको मर्मत सम्भार एवं दिगो व्यवस्थापनका लागि उपभोक्ताहरुको सहभागिता सुनिश्चित गर्ने।

३. जनसहभागिताको आधारमा नयाँ सिंचाई निर्माण तथा मर्मतसंभार एवं सञ्चालनको जिम्मा उपभोक्तालाई दिने।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सिंचाईयोग्य जग्गामा वृद्धि | प्रतिशत | १५ | १५ | १७ | १९ | २१ |
| वाह्रै महिना सिंचाई हुने क्षेत्र | प्रतिशत | ९ | १२ | १४ | १६ | १८ |

### ३.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०००० | २००० | ८००० | ० | ३१३० | ६३६१ | ५०८ | ० |
| २०८०/८१ | ११३६० | २२७२ | ९०८८ | ० | ३४७३ | ७२६९ | ६१८ | ० |
| २०८१/८२ | १२९७१ | २५९४ | १०३७७ | ० | ३९६१ | ८३०९ | ७०१ | ० |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महेन्द्रकोट सिंचाई कुलो निर्माण आयोजना | बर्षभरी सिचाई सुबिधा तयार र विस्तार गर्नु | सालबसाली | १८००० | कुल खेति योग्य जमिनको २५% क्षेत्रमा सिचाई सुबिधा बिस्तार हुनेछ । |
| २ | सिंचाई प्रणाली निर्माण तथा मर्मत संभार कार्यक्रम | बर्षभरी सिचाई सुबिधा तयार र विस्तार गर्नु | सालबसाली | १६३३१ | कुल खेति योग्य जमिनको २५% क्षेत्रमा सिचाई सुबिधा बिस्तार हुनेछ । |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी सिंचाई क्षेत्रमा विस्तार हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । हाल उपलव्ध रहेका सिंचाइका श्रोतहरुलाई प्रविधि तथा नविनतम खोज तथा विकास गरेर व्यवस्थित निर्माण गरि सवै खेतीपाती गर्ने कृषकहरुका लागि सहज रुपमा सिंचाई सुविधा उपलव्ध गराउन नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ३.३ पशु विकास

### ३.३.१ पृष्ठभूमि

यस नगरपालिका प्रयाप्त मात्रमा पशुचरन क्षेत्र भएको र पुस्तौली पेशाको रुपमा पशुपालन गर्दै आएको भएता पनि व्यवस्थित तरिकाले पशुपालन गरेको पाइदैन । यस नगरपालिकामा गाई, भैंसी, राँगा, वाखा, भेडा, वंगुर, कुखुरापालन, हाँस तथा टर्कीपालन गरेको देखिन्छ। तराइका समथर भुगोलमा अधिक अन्नबाली हुने भएकोले पराल, भुषा लगायतको कृषिजन्य अवशेष पशु आहारको रुपमा उपलब्ध रहेको छ । दूध, अन्डा र मासुमा नगरपालिका आत्मनिर्भर उन्मुख भइरहेको यस क्षेत्रमा गाई-भैंसी, बाखा, भेडा, बंगुर, कुखुरा तथा माछापालन आदिको व्यावसायिक उत्पादन वृद्धि हुँदै गएको छ। पशुजन्य उत्पादन (खासगरी दूध, अण्डा, माछा र मासु) को मागसमेत बढ्दै गएको छ भने पछिल्ला दिनमा स्थानीय उत्पादनमा आत्मनिर्भरता उन्मुख रहेको छ। कृषकका लागि नगरपालिकाले तालिम, प्राविधिक सहयोग, अनुदान सहयोग प्रदान गर्नुका साथै पशु बिमा र सहुलियत ऋण कार्यक्रम मार्फत् कृषकलाई प्रोत्साहनका गतिबिधि सञ्चालनमा रहेका छन् ।

### ३.३.२ समस्या तथा चूनौति

व्यवस्थित र व्यावसायिक रूपमा पशुपालन गर्ने कृषकलाई पशुसेवा सम्बन्धमा प्राविधिक सेवा तथा परामर्श र सहयोगको कमी रहेको छ। पशु आहारका लागि स्थानीय रूपमा दाना तथा घाँसको उत्पादनमा कमी रहेको छ। उन्नत नश्लका पशुपन्छीपालन, पशुपन्छीका लागि बिमा अनुदान, सहुलियतपूर्ण पशु पालन ऋणको व्यवस्थामा कमी हुनुका साथै पशुपालनमा समेत मासु, दूध, अण्डामा आत्मनिर्भर हुन सकेको छैन। पशुपालन व्यवसायमा युवा उद्यमशीलताका लागि उत्प्रेरणा तथा आकर्षक कार्यक्रमको अभावमा केवल निर्वाहमुखी पशुपालनको अभ्यासको व्यापकता रहेको छ । नगरपालिकाभित्र पशुपालनका लागि आवश्यक चरिचरनको व्यवस्थापन तथा पशुजन्य रोग लागेको अवस्थामा उचित उपचार सेवामा वृद्धी गर्न सक्नुपर्ने चुनौती रहेको छ र स्थानीय स्तरमा गुणस्तरिय पशुजन्य उत्पादन एवं उपभोगप्रति जनचेतना वृद्धी गर्नु र स्वदेशमै काम गर्न प्रोत्साहित गर्नु चुनौतीको रुपमा रहेको देखिन्छ।

### ३.३.३ सोच

समाजमा युवाहरुको गर्व र सम्मान हुने गरि पशुपंक्षीपालनलाई समुन्नतीको आर्थिक आधार वनाउने ।

### ३.३.४ उद्देश्य

१. युवा तथा महिलाहरुलाई व्यवसायिक पशुपालनमा लाग्न प्रेरित गर्दै आवश्यक सहजिकरण गर्दै जाने ।

२. कृषकहरुलाई पशुपालनको क्षेत्रमा आईपर्ने विभिन्न व्यवहारिक कठिनाईमा आवश्यक सहयोग उपलव्ध गराउने ।

३. पशुपालनको माध्यमवाट उत्पादित वस्तुको उपभोग मार्फत पोषणयुक्त खानाको व्यवस्थापन र वजारिकरणका लागि आवश्यक संयन्त्र तयार गर्न सहयोग उपलव्ध गराउने ।

### ३.३.५ रणनीति

१. नगरपालिकामा पशुर्पंक्षिको उत्पादन र उत्पादकत्व वृद्धी गर्ने खालका सेवाहरु उपलव्ध गराउने ।

२. पशुर्पंक्षिजन्य व्यवसायलाई लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो श्रोतको रुपमा विकास गर्ने ।

३. पशुर्पंक्षिजन्य उत्पादनको गुणस्तरमा अभिवृद्धि गर्दै स्थानीय वजारमुखि पशुर्पंक्षिपालन पद्धतिको विकास गर्ने ।

४. पशु विमा जस्ता नयाँ अवधारणालाई समुदायस्तरसम्म पुर्‍याई कृषकहरुलाई व्यवसायिक पशुपालनमा टेवा दिने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| वार्षिक दुधको उत्पादन | लि. | २०९२ | २१९७ | २३०६ | २४२२ | २५४३ |
| वार्षिक मासु उत्पादन | मे.ट. | ३४६१ | ३६३४ | ३८१६ | ४००७ | ४२०७ |
| वार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | १५१२२ | १६३३२ | १७६३९ | १९०५० | २०५७४ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | १२५ | १४५ | १६५ | १८५ | २०० |
| पशुपंक्षीपालन सम्बन्धी सहकारीमा आवद्ध | संख्या | ६२ | ६७ | ७२ | ७८ | ८५ |
| कूल गार्हस्थ्य उत्पादनमा पशुपंछी तथा माछा उत्पादनको योगदान | प्रतिशत | ५ | ५ | ६ | ७ | ७ |
| मह उत्पादन | मे.ट. | ०.०२ | ०.०३ | ०.०३ | ०.०४ | ०.०४ |

### ३.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ८८०० | ७०४० | १७६० | ० | २७५४ | ५५९६ | ४५१ | ० |
| २०८०/८१ | १०५१८ | ८४१५ | २१०४ | ० | ३२१६ | ६७३१ | ५७२ | ० |
| २०८१/८२ | १२०१० | ९६०८ | २४०२ | ० | ३६६८ | ७६९३ | ६४९ | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | पशुपंक्षी विकास कार्यक्रम | पशुपन्छी जन्य उत्पादनको व्यावसायीकरण तथा उत्पादकत्व वृद्धि गर्ने | सालबसाली | ३१३२९ | पशुपंक्षीजन्य उत्पादनमा १२% ले बृद्धी हुनेछ । |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पशुपंक्षीपालन व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन् । प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ ।

## ३.४ उद्योग तथा व्यापार

### ३.४.१ पृष्ठभूमि

यस नगरपालिकाको १० वटै वडामा रहेका व्यापारिक केन्द्रहरुमा विभिन्न प्रकारका जस्तै दैनिक उपभोग्य सामानहरु, कृषिजन्य पदार्थ तथा विभिन्न निर्माण सामाग्रीहरु, तरकारी, फलफुल, औषधि, कपडा तयारी पोशाक लगायतका जम्मा १५० वटा दर्तावाल व्यापारिक तथा व्यावसायिक पसलहरुबाट दैनिक वस्तुहरुको खरिद विक्री हुने गर्दछ । नगर क्षेत्रमा रहेका प्रमुख उद्योगहरुमा क्रसर उद्योग, व्लक तथा कंक्रिट उद्योग, फर्निचर उद्योग, इटा उद्योगहरु रहेका छन्।

### ३.४.२ समस्या तथा चूनौति

स्थानीय स्रोत, साधन, सीप, जनशक्तिको सम्बन्धी नीति तथा रणनीतिको विकास नहुनु, व्यावसायिक सोच, सेवा र लगानीको कमी हुनु, औद्योगिक पूर्वाधार र व्यावसायमैत्री वातावरण नहुनु, व्यावसायिक प्रशिक्षण र प्रविधिको उपलब्धतामा कमी हुनु, महिला, दलित, पिछडिएका वर्गहरुमा उद्यम सिर्जना र विकास सम्बन्धी सेवा उपलब्ध नहुनु, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपमा कमी हुनु उद्योग तथा व्यवसाय क्षेत्र रहेक प्रमुख समस्याहरु हुन् । स्थानीयस्तरमा उत्पादित वस्तुले भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्नु, लघु, घरेलु तथा साना उद्योग स्थापनाको लागि लगानीकर्ता आकर्षित गराउन नसक्नु, उद्यम तथा व्यवसाय सञ्चालनको लागि सहुलियतमा ऋणको सहज उपलब्धतामा कमी, उद्योग स्थापना गर्न उद्यमीलाई आकर्षणमा कमी यस सम्बन्धी चूनौतिको रुपमा रहेका छन् ।

### ३.४.३ सोच

स्थानीय उत्पादनमा आधारित साना तथा मझौला उद्योगहरुको स्थापना, बुद्धभुमि नगरपालिकाको खुशी र सम्वृद्धीको चाहना ।

### ३.४.४ उद्देश्य

१. साना तथा मझौला उद्योग क्षेत्रको उत्पादन वृद्धी गर्नु,

२. औद्योगिक क्षेत्रमा लगानी वृद्धी गरि रोजगारीका अवसर सृजना गर्नु

३. उद्यमशिलता विकासका लागि स्थानीय युवाहरुलाई स्वरोजगारमुखि वनाउनु ।

### ३.४.५ रणनीति

१. संघ, प्रदेश र निजि क्षेत्रको साझेदारितामा औद्योगिक ग्रामको संचालन गर्ने ऐन, नियम तथा कार्यविधि वनाउने ।

२. मध्यमस्तर औद्योगिक ग्राम वनाउने र औद्योगिक ग्राममा उद्योग सञ्चालन गर्न उद्यमीहरुसँग वेरोजगार युवाको लागि रोजगारी निश्चित गर्ने ।

३. उद्यमी तथा कामदारको क्षमता विकास गर्न तालिम, गोष्ठी, अवलोकन भ्रमणको आयोजना गर्ने ।

४. उद्योगको क्षमता वृद्धी तथा पुँजि वृद्धी गर्न प्रोत्साहन गर्ने ।

६. स्थानीय उत्पादनलाई प्रोत्साहन दिने निति तथा प्रावधानहरु बनाउने ।

७. औद्योगिक ग्राममा उद्योग सञ्चालन गर्न स्थान उपलव्ध गराउने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यवसाय दर्ता | संख्या | ४३४ | ५५० | ६५० | ७५० | ८५० |
| प्राईभेट फर्म | संख्या | ७५० | ७६० | ८०० | ८५० | ९०० |
| ठुला उद्योग | संख्या | १० | १० | १२ | १५ | २० |
| वजार अनुगमन | संख्या | १ | ४ | ६ | १० | १० |

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १ | १ | १ | १ | २ |
| उद्योग तथा व्यापारमा रोजगारीका अवसर | प्रतिशत | २ | २ | ३ | ३ | ३.५ |

### ३.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २७८० | १९४६ | ८३४ | ० | ८६२ | १७५२ | १६७ | ० |
| २०८०/८१ | ३१२६ | २१८८ | ९३८ | ० | ९६९ | १९६९ | १८८ | ० |
| २०८१/८२ | ३५६९ | २४९९ | १०७१ | ० | ११०७ | २२४९ | २१४ | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उद्योग, व्यापार व्यवसाय प्रवर्द्धन कार्यक्रम | अनुकुल वातावरण सिर्जना गरी गुणात्मक व्यवसाय बृद्धी गर्ने | सालबसाली | ९५३९ | स्थानीय व्यापार व्यवसायमा १३ प्रतिशतले वृद्धि हुनेछ। |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ। उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र बेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित व्यवसायमा आकर्षिक हुनेछन्। साना उद्योगी व्यवसायीहरुलाई संरक्षण गर्ने खालका निति, कानुन तथा उद्योग स्थापनाको लागि लगानीकर्ता आकर्षित गराउन नसकेमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ३.५ पर्यटन विकास

### ३.५.१ पृष्ठभूमि

यो नगरपालिका वहुजाति, धर्म, संस्कृतिक नगरको रुपमा रहेको देखिन्छ। वहुसंख्यक रुपमा रहेका आदिवासी थारु जाति र जनजातिहरुको आफ्नै मौलिक संस्कृतिहरु, रहनसहन, खानपान र प्रचलनहरु र सनातन धर्मीहरुको आस्थाको धरोहरको रुपमा चिनिने ऐतिहासिक मन्दिरहरु र रमणिय प्राकृतिक ताल तलैयाहरु हरियाली वन पार्क तथा वनस्पति उद्यान क्षेत्र यस पालिकाको आन्तरिक र वाह्य पर्यटकहरुको आकर्षणको रुपमा रहेको छ। यस नगरपालिकाभित्र रहेका ७० भन्दा वढि पर्यटकिय स्थलमा वार्षिक ३४ हजार आन्तरिक पर्यटक भित्रिएको देखिन्छ।

यस नगरपालिका क्षेत्रमा रहेका वनस्पति उद्यान, थारु होमस्टे, तालतलैया, मठमन्दिर तथा प्राकृतिक स्थलहरुको संरक्षण र प्रर्वद्धन गरी धार्मिक, सांस्कृतिक, ग्रामीण कृषि पर्यटनका रुपमा समेत विकास गर्न सकिने सम्भावना रहेको छ।

### ३.५.२ समस्या तथा चूनौति

नगर क्षेत्रभित्र पर्ने पर्यटकीय स्थल, सम्पदा र उपजको पहिचान, नक्शाकंन, संरक्षण र व्यवस्थापन हुन सकेको छैन। महत्वपूर्ण पर्यटकीय क्षेत्र, सम्पदा र उपजलाई ध्यान दिई अत्यावश्यक पूर्वाधार तथा सेवा सुबिधा विकास र विस्तार लगायत पर्यटकीय विकास सम्बन्धी स्पष्ट योजना तर्जुमा हुन सकेको छैन। विद्यमान पर्यटकीय सम्पदा, विशेषता, सेवा सुबिधाको बारेमा सूचना र प्रचारको कमी रहेको छ। यहाँका कला तथा संस्कृति संरक्षण, प्राकृतिक श्रोतहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै पर्यटन विकासको क्षेत्र पहिचान र सो क्षेत्रको विकासको लागि दिगो योजनाको तयारी नै हुन सकेको छैन।

### ३.५.३ सोच

सुन्दर, साँस्कृतिक, धार्मिक र वातावरणमैत्री रमणिय शहर, हुनेछ सवैको गन्तव्यको रहर ।

### ३.५.४ उद्देश्य

१. नगरपालिकालाई आकर्षक तथा थप सुरक्षित गन्तव्यको रुपमा विकास गर्दै पर्यटन आगमनमा उल्लेखनिय वृद्धी गरि जनताको आयस्तरमा वृद्धि गर्नु ।

२. पर्यटकिय गन्तव्य स्थल तथा उपजमा विविधिकरण र विकास गर्नु ।

३. नगरपालिकाका प्रमुख पर्यटकिय उपजहरुको वजारीकरण तथा प्रवर्द्धन गर्नु ।

### ३.५.५ रणनीति

१. नगरपालिकामा पर्यटन प्रवर्द्धन र पर्यटन विकास गर्न सार्वजनिक, निजि, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी एवं सहकार्य गर्ने ।

२. ग्रामिण पर्यटन मार्फत यस क्षेत्रका लाभलाई जनस्तरसम्म पुर्‍याउने ।

३. सवै मौसममा पर्यटकिय क्रियाकलापहरु सञ्चालनका लागि आन्तरिक पर्यटनलाई प्रोत्साहन गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आन्तरिक आयमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | ०.२ | ०.२ | १ | १ | २ |
| वाह्य पर्यटक (मासिक) | संख्या | १०० | २०० | ३०० | ४०० | ५०० |
| आन्तरिक पर्यटक (मासिक) | संख्या | ८०० | १२०० | १३०० | १४०० | १५०० |
| तालिम प्राप्त टुर गाइड | संख्या | ० | २० | २५ | ३० | ४० |
| तालिम प्राप्त कुक तथा वेटर | संख्या | ५० | ६० | ७० | ७५ | ८० |
| व्यवस्थित होमस्टे र पर्यटकीय गाउँ | संख्या | १ | २ | ३ | ४ | ४ |
| व्यवस्थित पर्यटकीय स्थान | संख्या | १० | २० | २० | २५ | ३० |
| पर्यटकीय स्तरको होटेल तथा रेष्टुरेण्ट | संख्या | ५ | ७ | ८ | ९ | १० |
| कृषि पर्यटन संचालन स्थान | संख्या | ० | ६ | ७ | ८ | १० |
| व्यवस्थित वनभोज तथा पार्क | संख्या | ३ | ५ | ७ | ८ | १० |

### ३.५.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १७५०० | ७००० | १०५०० | ० | ५४४९ | ११०७३ | ९७८ | ० |
| २०८०/८१ | २०५०० | ८१९३ | १२३०७ | ० | ६२७१ | १३१२५ | १११६ | ० |
| २०८१/८२ | २३४२० | ९३६८ | १४०५२ | ० | ७१५२ | १५००२ | १२६६ | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वुड्ढी ताल सौन्दर्यीकरण आयोजना (गौरव) | पर्यटकीय सुविधा विस्तार गर्नु | २०७८/०७९ देखि २०७९/०८० सम्म | ३४५०० | ६४ हजार नगरवासी लाभान्वित हुने छन् । |
| २ | पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम | पर्यटकीय सेवा, सुविधाको विकास र विस्तार गर्नु | सालबसाली | २६९३२ | पर्यटक आगमन र बसाई अवधीमा वार्षिक २० प्रतिशतले वृद्धि हुनेछ । |

#### ३.५.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, नीजि क्षेत्र तथा नागरिक साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुबिधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्थामा परिचालन हुनेछ र बेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् । कोभिड १९ लगायतका महामारी र राजनीतिक अस्थिरताले पर्यटन क्षेत्रको अपेक्षित नजिता हासिल नहुने जोखिम रहन सक्दछ ।

## ३.६ बैंक, वित्त तथा सहकारी

#### ३.६.१ पृष्ठभूमि

नगरपालिकाको प्रोफाइल तथा आवधिक योजना भएको तथ्यांकअनुसार नगरपालिका क्षेत्रमा १५ वटा बैंक तथा वित्तीय संस्थाहरूका शाखा कार्यालय सञ्चालनमा रहेका छन् भने ६६ वटा सहकारीहरु दर्ता भएका र ३० वटा सहकारी मात्र सक्रिय रुपमा सञ्चालनमा रहेका छन् । हालसम्म सहकारी संस्थामा जम्मा १३५६३ (महिला ९१७३ र पुरुष ८३८०) आवद्ध भएका छन् । जसमा सेयर पुँजि वापत रु. ४ करोड ८९ लाख ५७ हजार १ सय त्रिसठ्ठी र वचत वापत रु. ४१ करोड ५३ लाख ६७ हजार १ सय त्रिचालिस संकलित पुँजि रहेको देखिन्छ । बैंक, वित्तीय संस्था एवं सहकारीहरुले औपचारिक कारोवार, कर्जा सुविधा र बचतको प्रवृतिलाई प्रवर्द्धन गरेका छन् ।

#### ३.६.२ समस्या तथा चूनौति

बैंक, वित्तीय संस्था एवं सहकारीहरुको संख्या तथा कारोवार उच्च रहेको भएता पनि अनौपचारिक क्षेत्रबाट हुने कारोवारको अवस्था उल्लेखनिय रहेको छ । वित्तीय सेवामा महिला र पुरुषको समान पहुँच रहेको छैन । सहकारी विकास तर्फको प्रमुख समस्याहरुमा धेरै सहकारीहरु निष्कृय रहेको, अनुगमन तथा क्षमता विकास प्रभावकारी नभएको र सहकारीलाई उत्पादनशील क्षेत्रमा परिचालन नभएको देखिन्छ । घरेलु तथा साना उद्योग र सीमान्तकृत समुदायमा सर्वसुलभ वित्तीय सेवामा न्यून पहुँच रहेको छ र ग्रामीण क्षेत्रमा सर्वशुलभ पहुँच विस्तार हुन सकेको छैन । नगरपालिकाको सहकारी ऐन, नियमावली नहुनु, दर्ता भएका सहकारीहरुको निस्क्रियता, भुगोल र घरपरिवार संख्याको अनुपातमा सहकारीको संख्या न्युन, वित्तीय साक्षरताको कमी, र वित्तिय वैंकहरु सवै जनताको पहुँचमा नहुनु चुनौतिको रुपमा रहेको छ । बैंकिङ तथा वित्तशास्त्रका जटिल प्राविधिक विषय र सम्बन्धित प्रावधानको ज्ञान नहुँदा र दर्ता, कर चुक्ता, घरभाडा सम्झौताका साथै व्यावसायिक परियोजना प्रस्ताव जस्ता आधारभूत कागजात आफैंले तयार गर्न नसक्नु नै साना तथा लघु उद्यमका लागि सहज वित्तीय पहुँचमा बाधक बनेको देखिन्छ ।

#### ३.६.३ सोच

“स्थानीय तहको एकिकृत विकासका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको सह प्रयास तथा गुणात्मक विकास”

#### ३.६.४ उद्देश्य

१. सहकारी संस्थाहरुको स्थापना संस्थागत सुदृढिकरण र प्रवर्द्धनका लागि व्यवस्थापकीय क्षमता र सक्षम नेतृत्व निर्माण गर्न सहयोग पुऱ्याउने ।

२. सहकारी क्षेत्रमा रहेको पूँजीलाई व्यवसायिक र उत्पादनशिल क्षेत्रमा लगाई आर्थिक सम्वृद्धी ल्याउन प्रोत्साहन गर्ने।

३. सहकारी सदस्यहरुमा उद्यमशिलताको विकास गराई नया व्यवसायहरुको सृजना गर्ने वातावरण तयार गर्ने ।

#### ३.६.५ रणनीति

१. सहकारी क्षेत्रलाई उत्पादनमुखि वनाइने छ ।

२. सहकारीको विकासको माध्यमवाट अति विपन्न वर्गको आर्थिक अवस्था सुधारका लागि पहल गरिनेछ ।

३. सहकारी व्यवस्थापनका लागि स्थानीय तहले सवैसँग समन्वयात्मक छलफल गरि निति, निर्देशिका तयार गरी नगरपालिकावासीहरुलाई सशक्तिकरण गरिनेछ ।

४. सहकारीको व्यवस्थापन र सहकारीमा संलग्न जनशक्तिको क्षमता अभिवृद्धीका लागि नगरपालिकाले कार्ययोजना तयार गर्नेछ ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सहकारी | संख्या | ६६ | ६८ | ७१ | ७५ | ७८ |
| वैंक | संख्या | ९ | ९ | १० | ११ | १२ |
| सहकारी अनुगमन | संख्या | १ | १ | ५ | १० | १५ |
| प्रविधियुक्त सहकारी | संख्या | १० | १० | २० | २५ | ३० |
| वैकिङ्ग सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ३० | ५० | ६० | ७० | ७५ |
| कृषि सहकारीमा आवद्ध कृषक | प्रतिशत | ५ | ७ | ९ | १२ | १५ |
| सहकारीमा आवद्ध घरपरिवार | प्रतिशत | २५ | ३० | ३२ | ३७ | ४० |

### ३.६.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २००० | १८०० | २०० | ० | ६३८ | १२९६ | ६७ | ० |
| २०८०/८१ | २३१४ | २०८३ | २३१ | ० | ७०७ | १४८१ | १२६ | ० |
| २०८१/८२ | २६४२ | २३७८ | २६४ | ० | ८०७ | १६९२ | १४३ | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | भूमि व्यवस्था, सहकारी तथा वित्तिय पहुँच कार्यक्रम | सामाजिक आर्थिक र सांस्कृतिक विकास गर्ने | सालबसाली | ६९५६ | ६६ वटा सहकारी संस्थाको क्षमता विकास भै १३,५६३ जना सहकारीका सदस्य लाभान्वित हुनेछन् । |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

नगरवासीहरु सवैका लागि सहज हुने स्थानमा वैंक तथा वित्तिय संस्थाहरु उपलव्ध हुने छन् । सवै घरपरिवारमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरण बढी क्रियाशिल हुनेछन् । यस्ता संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ । कोभिड १९ लगायत अन्य महामारीको नियन्त्रण तथा आर्थिक गतिविधि विस्तार भइ जानेछन् । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

यस नगरपालिकामा नगर प्रोफाइल अनुसार वेरोगारको संख्या २५५९ जना रहेको देखिन्छ। यस नगरपालिकामा बसोबास गर्ने बासिन्दाहरुको प्रमुख पेशाको रुपमा कृषि रहेको छ भने उद्योग, व्यापार तथा व्यवसाय दोश्रो प्रमुख पेशाको रुपमा रहेको रहेको छ । वैदेशिक रोजगारीमा रहेका जनसंख्या ३१४० जना रहेको छ । वैदेशिक रोजगारमा विशेष गरि खाडी मुलुकमा रहेका छन् भने अमेरिका, जापान, दक्षिण कोरिया, अष्ट्रेलिया आदि देशमा पनि जाने अभ्यास रहेको छ । जसबाट मासिक करिब १२ करोड ८ लाख ८४ हजार रेमिटान्स भित्रिने गरेको छ । हाल विश्व वैंकको ऋण सहयोग र नेपाल सरकारको सशर्त अनुदानबाट नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन भइरहेको छ । यसबाट वार्षिक ६५२३ कार्यदिन बरावरको रोजगारी बेरोजगार युवा वर्गले प्राप्त गरेका छन् ।

### ४.७.२ समस्या तथा चुनौति

नगरपालिकाको उत्पादनशील मानव संशाधनको कृषि पेशा भन्दा गैर कृषि पेशामा आकर्षण बढ्दो क्रममा रहेको छ । गैर कृषि पेशाको लागि व्यावसायिक वातावरण, पूर्वाधार र सेवा तथा सुबिधामा कमी रहेको छ । फलस्वरुप उत्पादनशील मानवस्रोत लुम्बिनी प्रदेशको राजधानी वुटवल, संघीय राजधानी काठमाडौं लगायतका शहर बजार र विदेशमा खासगरी भारत जाने गरेका छन् । नगरपालिकामा उद्योग, व्यवसाय, पूर्वाधार र यस सम्बन्धी सेवा तथा सुबिधाको व्यवस्था हुन सकेको छैन । हाल सञ्चालनमा रहेका उद्योग व्यवसाय समेत अस्थिर राजनीतिक तथा नीतिगत वातावरण, महामारी र विपद्को कारण धराशायी भएका छन् । उपलब्ध आर्थिक तथा रोजगारीको वातावरणमा समेत संकुचन हुँदै गएकोछ।

नगर क्षेत्रमा सेवारत बैंक तथा वित्तीय संस्थाहरु मुलत राजमार्गका बजारमा केन्द्रित रहेका छन् । यस क्षेत्रमा हाल सञ्चालनमा रहेका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट कृषि, पशुपालन, उद्योग व्यवसाय क्षेत्रमा लगानीको कमी तथा कम आय भएका र स्थायी सम्पत्ति नभएका परिवार र व्यक्तिका लागि वित्तीय सेवा तथा कर्जा प्रवाह पहुँच पुग्न नसक्नु चुनौतिको रुपमा रहेको छ ।

### ३.७.३ सोच

गरिवी न्युनीकरण र आयमा अभिवृद्धि तथा उत्पादन, रोजगारी सृजना

### ३.७.४ उद्देश्य

१. वेरोजगार युवालाई प्राथमिकता दिई कृषि, पशुपालन, उद्योग, पर्यटन, निर्माण व्यवसायमा आधारित उद्यम, व्यवसाय र आयोजनामा अवसर सृजना गर्नु,

२. वैदेशिक रोजगारी गएर फर्किएका व्यक्ति ज्ञान, सीप, अनुभव र विप्रेषणलाई उत्पादनशील काममा लगाउनु,

३. श्रम तथा प्रविधिमा आधारित स्थानीय रोजगारीको अवसर सिर्जना गर्नु ।

### ३.७.५ रणनीति

१. युवालाई लक्षित गरी उत्पादन र रोजगारीमा वृद्धि गर्नुका साथै आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य अभिवृद्धि गर्ने,

२. युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमूलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरूलाई प्रोत्साहित गर्ने,

३. वैदेशिक रोजगारी गएका तथा रोजगारीबाट फर्किएका व्यक्तिको व्यक्तिगत विवरण अद्यावधिक गर्ने र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिले आर्जन गरेको ज्ञान, सीप, क्षमताको सदुपयोग गर्ने,

४. विप्रेषण पूँजी परिचालनको लागि स्थानीय स्तरमा रोजगारी तथा व्यवसायमा लगानीको लागि प्रोत्साहन गर्ने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| रोजगार कार्यक्रमवाट सिर्जित रोजगारी | संख्या | १३८ | २३० | २५० | ३५० | ४५० |
| दक्ष र सिपयुक्त जनशक्ति | संख्या | ५ | १० | २५ | ३५ | ५० |
| उद्यमशिल व्यवसायी | संख्या | ० | १५ | २५ | ३५ | ४० |
| उद्यम तथा व्यवसायमा संलग्न जनसंख्या | प्रतिशत | ३ | ५ | ६ | ८ | १० |
| उद्यम सृजना तथा विकास सम्बन्धी तालिम प्राप्त उद्यमी | संख्या | १०० | २०० | ३०० | ४०० | ५०० |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त व्यक्ति | संख्या | १५० | ३०० | ५०० | ७०० | १००० |

### ३.७.७ विषय उपक्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७२०० | ५७६० | १४४० | ० | २२३२ | ४५३५ | ४३३ | ० |
| २०८०/८१ | ८०९९ | ६४७९ | १६२० | ० | २४७६ | ५१८३ | ४४१ | ० |
| २०८१/८२ | ९२४८ | ७३९८ | १८५० | ० | २८२४ | ५९२४ | ५०० | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | स्थानीय स्रोत साधनमा आधारित उद्यम व्यवसाय र अयोजना कार्यान्वयनबाट रोजगारी बृद्धी गर्नु | सालबसाली | ११६३९ | बार्षिक रुपमा २७० जना स्वरोजगार भएका हुनेछन् । |
| २ | श्रम तथा रोजगार प्रवर्द्धन अन्य कार्यक्रम | स्थानीय स्तरमा रोजगारी प्रवर्द्धन तथा आय वृद्धि गर्नु | सालबसाली | १२९०९ | ३०० जनाले प्रत्यक्ष तथा रोजगारबाट लाभान्वित हुनेछन् । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

श्रम तथा रोजगार सम्बन्धी आवश्यक नीति, कानुन तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । नगरपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएका यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

यस नगरपालिकामा १२७५९ घरधुरी मध्ये २६६७ घरधुरीहरु आफ्नो वर्षभरिको खाना पुराइ बढी भएको उत्पादन बेच्ने गर्दछन् । यहाँको उत्पादनले समग्र नगरपालिकालाई वर्षको बाह्रै महिनासम्म खान पुग्ने रहेको छ । नगरपलिकाको प्रोफाइल २०७५ अनुसार २८४८४ जना कृषि पेशामा, नोकरीमा २३५६ जना, वैदेशिक रोजगारमा ३१४० जना र व्यापार व्यवसायमा १५६३ जना, उद्योग व्यवसायमा १७ जना, शिक्षण पेशामा २१५ जना र श्रमीक रोजगारीमा २३०९ जना संलग्न भएको देखिन्छ भने कार्य क्षमता भएका २५५९ जना युवाहरु वेरोजगार देन्छिन । गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्यको मार्गचित्र (SDGs Roadmap 2015-2030) को १७ लक्ष्यहरु मध्ये लक्ष्य नं. १ मा गरिबीको अन्त्य अन्तर्गत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको र नेपाल सरकारले यी लक्ष्यहरुको प्राप्तिका लागि विभिन्न तहका क्रियाशिल पनि रहेको छ । दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी सोको कार्यान्वयन र अपेक्षित उपलब्धीहरुको प्राप्तिका लागि तिनै तहको सरकारको प्राथमिकता पनि रहेको देखिन्छ ।

### ३.८.२ समस्या तथा चूनौति

यस नगरपालिकामा ठुला, मझौला तथा साना उद्योग तथा ब्यवसायहरु रहेता पनि औपचारिक रोजगारीका क्षेत्रहरु न्युन रहेका छन् । विपन्न अवस्थामा रहेका बेरोजगार ब्यक्तिहरुले सीप तथा दक्षता हासिल गर्न सकेका छैनन् । सीप तथा रोजगारमुलक तालिम प्रदान गर्ने निकायहरु शहर केन्द्रित भएकोले सहज सेवा दिन सकेका छैनन् । गरिबी आर्थिक मात्र नभएर बहुआयामिक सवाल हो । आयमुलक भन्दा वितरणमूखी कार्यक्रम, वास्तविक गरिब पहिचानमा कमी, गरिबी निवारणसँग सम्बन्धित कार्यक्रमबीच समन्वयको कमी यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । सीप तथा दक्षतामा कमी र न्यून आय आर्जनका अवसरहरूले गरिबी निवारणका प्रयासहरू प्रभावकारी हुन सकिरहेका छैनन् । आर्थिक क्षेत्रमा कोभिड महामारी र राष्ट्रिय रूपमा देखा परेको आर्थिक गतिबिधिमा देखा परेको सिथिलताका कारण रोजगारीको क्षेत्र संकुचित भएको छ । यस नगरपालिकामा स्थानीय सीप, पूँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको

निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, सहकारितालाई गरिवी निवारणका कार्यक्रममा आवद्ध गर्नु औपचारिक वा संगठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्नु जस्त चुनौती रहेका छन् ।

### ३.८.३ सोच

“स्थानीय रोजगारीमा वृद्धि गर्दै समावेशी र तिब्र आर्थिक विकास तथा गरिवी न्युनीकरण”

### ३.८.४ उद्देश्य

१. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्नु,

२. गरिबी निवारणसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. श्रम तथा प्रविधिमा आधारित स्थानीय रोजगारीको अवसर सिर्जना गर्नु ।

### ३.८.५ रणनीति

१. क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने ।

२. उत्पादनमूलक रोजगारी तथा अवसरहरूको विकास गर्ने ।

३. नेपाल सरकार र प्रदेश सरकारबाट सञ्चालित गरिबी निवारण सहकार्य गर्दै कार्यक्रमको कार्यक्षेत्र विस्तार गर्ने ।

४. गरिबी निवारण कार्यमा तहगत सरकार, सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिने ।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति पारिवारिक वार्षिक आय | हजारमा | १०९ | ११० | ११२ | ११५ | १२० |
| सम्पुर्ण आम्दानीको खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ६० | ६० | ५८ | ५६ | ५५ |

### ३.८.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३०२० | २११४ | ९०६ | ० | ९३६ | १९०२ | १८१ | ० |
| २०८०/८१ | ३३९५ | २३७६ | १०१८ | ० | १०५२ | २१३९ | २०४ | ० |
| २०८१/८२ | ३८७७ | २७१४ | ११६३ | ० | १२०२ | २४४२ | २३३ | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/ आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिवी निवारण कार्यक्रम | गरिबीको रेखामुखी रहेका घर परिवारको आय, रोजगारी र जीवनस्तरमा सुधार गर्नु | सालबसाली | ११९३१ | ४२० गरिब घर परिवारको पहिचान भई जीवनस्तरमा सुधार हुनेछ । |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ। नगरपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारणलाई सबै कार्यक्रम तथा आयोजनाको अन्तरसम्बन्धित क्षेत्रका रूपमा लिइ लक्ष्य तय भएको हुनेछ । गरिबी निवारण नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

यस क्षेत्र अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधी

### ४.१.१ पृष्ठभूमि

यो नगरपालिका पूर्ण साक्षर नगरपालिकाको रुपमा घोषित भैसकेको छ । यस नगरपालिकामा बाल विकास केन्द्र ९२, आधारभूत तह ४९, माध्यमिक १९, प्राबिधिक तर्फ ३, क्याम्पस २, सामुदायिक सिकाई केन्द्र ३ र मदरसा १० गरी १७८ शैक्षिक संस्थाहरु रहेका छन । यस नगरपालिकामा रहेका यी शैक्षिक संस्थाहरुमा ५१८ जना शिक्षकहरु कार्यरत छन् जस मध्ये बाल विकासमा ७२, आधारभूत तहमा ३५३ र माध्यामिक तहमा ९३ रहेका छन् त्यस्तै यस नगरपालिकामा विद्यार्थी संख्यालाई हेर्ने हो भने बाल विकास केन्द्रमा २९७०, आधारभूत तहमा १३५१९ र माध्यमिक तहमा ३३९६ गरी जम्मा १९८८५ रहेका छन् जस मध्ये छात्रा ९४८० र छात्र १०४०५ रहेका छन् ।

यस नगरपालिकाको साक्षरता प्रतिशत ९८.२ रहेको छ । यस नगरपालिकामा बाल विकास केन्द्र ९२ (समुदायमा आधारित ११, सामुदायिक ६१ र संस्थागत २०), आधारभूत विद्यालय ५५ (सामुदायिक ४२ र संस्थागत १३), माध्यमिक विद्यालय १९ (सामुदायिक १३ र संस्थागत ६) र धार्मिक विद्यालय ७ गरी जम्मा १७३ विद्यालय छन । सामुदायिक क्याम्पस २ र सामुदायिक सिकाई केन्द्र ३ रहेका छन् ।

### ४.१.२ समस्या तथा चूनौति

यस नगरपालिकामा विद्यार्थी संख्याको आधारमा सबै विद्यालयमा शिक्षक दरबन्दी नहुनु, महिला, बाल तथा अपाङ्गता मैत्री संरचना नहुनु, समयानुकूल शिक्षालाई प्रबिधि मैत्री बनाउन नसक्नु, दलगत राजनितिको प्रभाव पर्नु आदि यस क्षेत्रका समस्याको रुपमा रहेका छन् । शिक्षालाई प्रबिधि मैत्री बनाउन आबश्यक जनशक्ति स्थानीयस्तरमा उपलब्ध हुनु, माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनु, योग्यता पुगेका र तालिम प्राप्त शिक्षकको उपलब्धता हुनु, शिक्षामा महिला शिक्षक र छात्राहरूको पहुँचमा वृद्धि हुनु, विपन्न, दलित, अपाङ्ग, सीमान्तकृत र जेहेन्दार विद्धार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था नहुनु समस्याको रुपमा रहेको छ ।

स्रोत साधनको कमीको कारण मदरशा जस्ता शैक्षिक संस्थाहरु आदि पनि प्रभावकारी रुपमा सञ्चालन हुन सकेका छैनन् । समयानुकूल शिक्षालाई प्रबिधि मैत्री बनाउनु, निजी र सामुदायिक विद्यालय वीच रहेको शैक्षिक गुणस्तरमा समानता ल्याउनु, विद्यालय छाडने दर कम गर्नु, बाल, अपाङ्ग तथा छात्रा मैत्री विद्यालय वनाउनु, विद्यालयमा खेलकुद पूर्वाधारका विकास गर्नु, समय सापेक्ष विद्यालय पूर्वाधारको व्यवस्था गर्नु । आधारभूत शिक्षामा निजी क्षेत्र आकर्षित नहुने र सरकारीस्तरवाट समेत प्राथमिकतासाथ लगानी नभएको हुँदा सवै वर्ग समुदायका वालवालिकाहरूको लागि आधारभूत शिक्षा प्रदान गर्नु नगरपालिकाको लागि चुनौति बनेको छ ।

### ४.१.३ सोच

सीपमूलक प्रविधियुक्त शिक्षाको अवसर, उद्धम, व्यवसाय र स्वरोजगार ।

### ४.१.४ उद्देश्य

१. सबै विद्यालयहरुमा प्रविधि मैत्री शिक्षाको पहुँच बढाउने ।

२. विद्यालयहरुलाई गुणस्तरीय र प्रतिष्पर्धी बनाउन आवश्यक नीति नियमहरु कार्यान्वियनमा ल्याउने ।

३. विद्यालयका भौतिक संरचनाहरु दिगो र समावेशी बनाउने ।

४. विद्यालय ब्यवस्थापन समितिलाई प्रभावकारी बनाउने ।

### ४.१.५ रणनीति

१. विद्यालयहरुलाई साधनस्रोत र प्रविधियुक्त बनाउन संघीय तथा प्रदेश सरकारसंग समन्वय गर्ने । नागरिक समाज संस्थाहरुसंग सहकार्य गर्ने ।

२. अनिवार्य तथा निःशुल्क शिक्षालाई कार्यान्वयनमा ल्याउने ।

३. अनिवार्य भर्ना तथा कक्षा निरन्तरताको लागि सचेतना कार्यक्रम संचालन गर्ने ।

४. शैक्षिक सूचानाहरुलाई नियमित अद्यावधिक गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १५ मिनेटमा आधारभुत विद्यालयमा पहुँच भएका परिवार | प्रतिशत | ६० | ७० | ७५ | ८० | ९० |
| प्राराम्भिक बालविकास कक्षामा भर्ना भएका ५ बर्षसम्मका बालबालिका | प्रतिशत | ६० | ७० | ७५ | ८० | ९० |
| आधारभूत तहमा भर्ना भएका ६ बर्ष पुगेका बालबालिका | प्रतिशत | ८० | ८० | ८५ | ८५ | ९० |
| आधारभूत तहमा (६-१० बर्ष) अध्ययनरत बालबालिका | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ८५ |
| माध्यामिक तहमा (१४-१५ वर्ष) अध्ययनरत बालबालिका | प्रतिशत | ५५ | ५५ | ६० | ६५ | ७० |
| उच्च माध्यामिक तहमा (१६-१७ वर्ष) अध्ययनरत विद्यार्थी | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ |
| स्नातक तह भन्दा माथि उतिर्ण गरेका विद्यार्थी | जना | १७७ | २५० | २६० | २७० | २८० |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १८० | १८० | २०० | २२० | २० |
| महिला शिक्षकको प्रतिशत | प्रतिशत | १५ | १५ | १८ | २२ | २५ |
| आधारभरूत तहमा कक्षा छोड्ने दर | दर | १५ | १२ | १० | १० | ८ |
| माध्यामिक तहमा कक्षा छोड्ने दर | दर | १२ | १० | ९ | ८ | ८ |
| बालमैत्री सिकाइ विधि अवलम्बन गर्ने विद्यालय | प्रतिशत | ३० | ३० | ४० | ५० | ६० |

### ४.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१२६०० | २५००८० | ६२५२० | ० | ९७५०८ | १९८१४० | १६९५२ | ० |
| २०८०/८१ | ३५३८३९ | २८३०७१ | ७०७६८ | ० | १०८१७७ | २२६४१६ | १९२४५ | ० |
| २०८१/८२ | ४०४०३० | ३२३२२४ | ८०८०६ | ० | १२३३८९ | २५८७९८ | २१८४३ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षा कार्यक्रम | नमुना विद्यालयमा भवन र ल्याव स्थापना गर्नु | सालबसाली | ३२११४ | ३ नमुना विद्यालयको क्रमागत भवन र ल्याव स्थापना भई शैक्षिक गुणस्तरमा वृद्धी भएको हुनेछ । |

| क.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम | ६४ वटा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण गर्नु | सालबसाली | ८५६३९ | ६४ वटा विद्यालयको शैक्षिक गुणस्तर सुदृढिकरण भएको हुनेछ । |
| ३ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक र वैकल्पिक शिक्षा कार्यक्रम | साक्षरता वृद्धी गर्नु | सालबसाली | १०७०५ | ३ वटा सामुदायिक सिकाई केन्द्र मार्फत १० वटै वडाका वडाको निरक्षरताको २ प्रतिशतले घटाउने । |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम | प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको पहुँच वृद्धि गर्नु | सालबसाली | ६४२२९ | प्रति वर्ष १६० को संख्यामा मध्यम स्तरिय शिपयुक्त जनशक्ति उत्पादनमा वृद्धी हुनेछ । |
| ५ | थारु, मधेशी तथा अति विपन्न तथा जेहेन्दार छात्रालाई छात्रवृद्धी ( प्राविधिक डिप्लोमा) | थारु, मधेशी तथा अति विपन्न तथा जेहेन्दार छात्रालाई प्राविधिक शिक्षामा प्रोत्साहन गर्नु | सालबसाली | २१४१० | प्रति वर्ष ३० को संख्यामा थारु, मधेशी तथा अति विपन्न तथा जेहेन्दार छात्रालाई प्राविधिक शिपयुक्त जनशक्ति उत्पादनमा वृद्धी हुनेछ । |
| ६ | शिक्षा सम्बन्धी अन्य कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | ८८३५२८ | शैक्षिक पहुच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा १० प्रतिशतले वृद्धि हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

संघीय ऐन अनुरुप नगरपालिकाको कानून निर्माण, कार्यजिम्मेवारी सहितको संरचना निर्माण, व्यवस्थित तथ्याङ्क तथा सूचना प्रणालीको विकास र प्रयोग, विषयगत शिक्षक तथा कर्मचारी व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, क्षमता विकास र परिचालन, नवीनतम प्रविधिको उपयोग, शिक्षा क्षेत्रसँग सम्बन्धित पेशाकर्मीहरुको रचनात्मक सहयोग र सहकार्य तथा सरोकारवाला बीचको समन्वय, सहकार्य र साझेदारीको विकास जस्ता पक्षमा ध्यान दिन सकेमा अपेक्षित नतिजा हासिल हुने देखिन्छ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

सबै नागरिकले राज्यबाट गुणस्तरिय आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने र स्वास्थ्य सेवामा समान पहुंचको विषयलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । नागरिकहरुले सहज तथा सुलभरूपमा स्वास्थ्य सेवा प्राप्त गर्न पायक पर्ने ठाउँहरूमा दक्ष जनशक्तिसहित स्वास्थ्य संस्थाहरूको उपलब्धता अनिवार्य हुन्छ । त्यसको लागि यस नगरपालिकामा १० वटा स्वास्थ्य चौकीहरु रहेका छन । ५ वटा स्वास्थ्य संस्थाबाट प्रसुती सेवा सञ्चालन भएको छ । २ वटा स्वास्थ्य चौकीमा ल्याव सेवा रहेको छ । यी स्वास्थ्य चौकीबाट खोप, सुत्केरी सेवा, परिवार नियोजन सेवा, बिरामीहरुको जाँच तथा औषधि लगायत अन्य स्वास्थ्य संवन्धी सेवाहरु प्रदान गरिंदै आएको छ ।

स्थानीय स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सेवाहरुमा ल्याव, ओपिडी र खोप, पोषण, परिवार नियोजन, आमा सुरक्षा, क्षयरोग, कुष्ठरोग, ग्रामीण अल्टा साउण्ड सेवा, मलेरिया तथा महामारी नियन्त्रण सेवा उपलब्ध रहेका छन् । नगरपालिकाभित्रका स्वास्थ्य चौकीहरुमा रहको जनशक्तिहरु प्रत्येक स्वास्थ्य चौकीमा ४ जना गरी जम्मा ४० जना रहेको छ र सञ्चालनमा रहेका एम्बुलेन्सको कुल संख्या २ रहेको छ ।

### ४.२.२ समस्या तथा चूनौति

यस नगरपालिकामा अस्पताल नहुनु, मानसिक रोग बढदै जानु, सबै स्वास्थ्य चौकीमा सुत्केरी सुविधा उपलव्ध भई नसक्नु, सरकारबाट वितरण हुने आधारभूत औषधी अपुग हुनु, ल्याब, एक्सरे, स्वास्थ्य उपकरणको कमी, कुनै पनि स्वास्थ्य संस्थामा डाक्टर नहुनु र सबै स्वास्थ्य संस्थामा दरबन्दी अनुसार स्वास्थ्यकर्मी अपुग हुनु, दक्षिणतर्फका ग्रामिण

भेगका वडाहरुमा बालबालिकाहरुमा ख्याउटे, पुड्कोपन, कमतौल जस्ता उच्च कुपोषणको अवस्था आदि स्वास्थ्य क्षेत्रका समस्याको रुपमा रहेका छन ।

नगरक्षेत्रमा स्वास्थ्य उपचारका लागि हालसम्म पनि उल्लेख्य जनसंख्या परम्परागत उपचार (धामी, झाँक्री आदि) मा विश्वास गर्ने गरेको देखिन्छ। वैकल्पिक स्वास्थ्य पद्धतिका योग तथा आयुर्वेदिक एवं प्राकृतिक चिकित्सा आदि सम्बन्धमा जानकारी तथा अभ्यासमा कमी रहेको छ। कोभिड १९ लगायत महामारी तथा मौसमजन्य रोगको प्रकोप देखिने गरेको छ भने आधारभूत स्वास्थ्य सेवालाइ सबैका पहुँचभित्र ल्याउनु, सबैलाई स्वास्थ्य संस्थामा सुत्केरी हुने अवस्थाको सृजना गर्नु, पोषण सम्बन्धी सचेतना र खाद्य व्यवहारमा परिवर्तन ल्याउनु, मानसिक एवं सर्ने र नसर्ने रोगमा कमी ल्याउनु, स्वास्थ्य बीमा कार्यक्रममा सबैलाई समेटनु चुनौतीको रुपमा रहेको छ।

### ४.२.३ सोच

समृद्ध जीवनको लागि गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवा ।

### ४.२.४ उद्देश्य

१. सबै वडाहरुमा प्रसुति सेवा सहितको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्नु

२. साधनस्रोत र प्रविधियुक्त अस्पतालको निर्माण गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु,

३. बहुक्षेत्रीय पोषणलाई स्वास्थ्य सेवामा आवद्ध गर्नु,

४. स्वास्थ्य नीति, नियम र  मापदण्ड निर्माण गरी सुलभ र गुणस्तरिय स्वास्थ्य सेवा सुनिश्चित गर्नु ।

### ४.२.५ रणनीति

१. सुरक्षित मातृत्व, खोप सेवा, परिवार नियोजन, बाल स्वास्थ्य, मनोसामाजिक परामर्श सेवा तथा आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच पुराउने ।

२. आधारभूत निःशुल्क औषधि सबै स्वास्थ्य संस्थामा बाहै महिना उपलव्ध हुने व्यवस्था मिलाउने ।

३. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, विपद तथा दुर्घटनाबाट प्रभावित र जोखिममा परेका बालबालिका र महिलालाई सरलीकृत स्वास्थ्य सेवा उपलव्ध गराउने ।

४. भरपर्दो र नियमित एम्बुलेन्स सेवा सञ्चालन गर्ने ।

५. स्वास्थ्य सम्बन्धी प्रतिकारात्मक, उपचारात्मक र प्रवर्धनात्मक सचेतना अभिवृद्धि गर्ने ।

६. आयुर्वेद अस्पताल स्थापना गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति लाख जीवित जन्ममा मातृ मृत्युदर | जना | ९७ | ९६ | ९४ | ९२ | ९० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा जन्मिएका बच्चा | संख्या | ५९८ | ६०० | ६५० | ७०० | ७५० |
| खोप कभरेज | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| कुपोषण दर २ वर्षमुनि | प्रतिशत | ५.४ | ५ | ४ | ३ | ३ |
| गर्भवती जाँच (४ पटक) | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८७ |
| परिवार नियोजनको साधन प्रयोग दर | प्रतिशत | १०.७ | १५ | २० | ३० | ३५ |
| घरवाट स्वास्थ्य सँस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ५ | ५ | ३ | २ | १ |
| सुत्केरी जाँच प्रोटोकल अनुसार | प्रतिशत | १७.६ | २० | २२ | २४ | ३० |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ७.२ | ८ | ९ | ९.५ | १० |

### ४.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ७७४०० | ६१९२० | १५४८० | ० | २४१४५ | ४९०६४ | ४१९१ | ० |
| २०८०/८१ | ८७६१८ | ७००९५ | १७५२४ | ० | २६७८७ | ५६०६६ | ४७६६ | ० |
| २०८१/८२ | १०००४७ | ८००३७ | २०००९ | ० | ३०५५४ | ६४०८४ | ५४०९ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | १५ शैयाको अस्पताल निर्माण आयोजना (गौरव) | नगर क्षेत्रभित्रका स्वास्थ्य संस्थाहरुको गुणस्तरिय स्वास्थ्य सेवाका रुपमा विकास गर्दै विशेषज्ञ सेवा प्रदान गर्नु | २०७८/७९ देखि २०८०/८१ सम्म | ९५०० | करिव ४२००० हजार जनताले सघन उपचार सेवा पाउनेछन्। |
| २ | मानपुर स्वास्य चौकी निर्माण आयोजना | गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु | २०७८/७९ देखि २०७९/८० सम्म | ८१२० | ४ हजार जनसंख्याले सेवा पाउनेछन् |
| ३ | आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य कार्यक्रम | आर्युवेद तथा बैकल्पिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवासँग एकिकृत गर्दै नियमित स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाउनु | सालबसाली | ४३५० | १ वटा आर्युवेद स्वास्थ्य केन्द्र मार्फत सेवा प्रवाह भई करिब २०,००० नागरिकले स्वास्थ्य सेवा प्राप्त गरेका हुनेछन्। |
| ४ | साप्ताहिक आँखा जाँच कार्यक्रम | आँखाको समस्या समयमै पहिचान गरी अन्धो हुनवाट जोगाउनु | सालबसाली | १६५८ | करिव २०,००० हजार जनताले आँखाको उपचार सेवा पाउनेछन्। |
| ५ | महामारी नियन्त्रण तथा उपचारात्मक सेवा कार्यक्रम | महामारी रोकथाम, जोखिम न्यूनीकरण प्रतिकार्यद्धारा यसबाट हुने क्षती घटाउनु | सालबसाली | १३००४ | महामारीबाट हुने क्षतीमा बार्षिक १५ प्रतिशतले कमी आउनेछ। |
| ६ | आधारभूत स्वास्थ्य सेवा नियमित कार्यक्रम | जनताको आधारभूत स्वास्थ्य सेवा पाउने अधिकारको सुनिश्चत सँगै स्वास्थ्य सम्वन्धी प्रवर्द्धनात्मक सेवा सञ्चालन गर्नु | सालबसाली | २२८४३७ | करिब ७० हजार जनसंख्याले स्वास्थ्य सेवा पाएको हुनेछन् |

### ४.२.९ जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रमको लागि संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच समन्वय हुन नसकेकमा अपेक्षित नतिजा हासिल नहुन सक्छ। स्वास्थ्य पूर्वाधार, प्रयोगशाला, औषधी र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता, सहकार्य र साझेदारी हुन नसकेमा कोभिड १९ जस्ता महामारीले जनस्वास्थ्य तथा नगरबासीको सामाजिक तथा आर्थिक स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

यस नगरपालिकाका सबै वडाभित्र खानेपानी तथा सरसफाइको अवस्था हेर्दा गुणस्तरीय खानेपानीका आयोजना ९ वटा रहेको छ। आर्सेनीक, कोलीफर्म, आइरनयुक्त तथा ४० फिट भन्दा माथीका असुरक्षित पानी पिउन बाध्य घरधुरी संख्या ३४७५ रहेका छन। बैकल्पिक खानेपानीको श्रोतका रुपमा नगर भित्र ५६ वटा कुँवा/इनार रहेको छ। यस नगरपालिको मुख्य बजारहरुबाट निस्कने फोहरमैलाहरुको केही मात्रामा व्यवस्थापन भएको भएता पनि बढदो शहरीकरण र

बसोबासको बृद्धिबाट श्रृजना हुने फोहरमैलाको उत्सर्जन न्यूनीकरण गर्नु पर्ने जस्ता कार्यक्रम आवश्यक देखिन्छ । प्रसोधन गर्न सकिने र घरमै व्यवस्थापन गर्न सकिने र फोहरहरुलाई उपयोग गर्ने खालका कार्यक्रमहरुको आवश्यकता छ ।

यो नगरपालिका खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको नगरपालिका हो । खुल्ला दिशामुक्त क्षेत्र घोषणा पश्चात नियमित अनुगमन नहुदाँ निर्माण भएका प्रयोगमा नल्याएका र निर्माण हुन नसकेका ३०० घरधुरी रहेका छन । पछिल्ला दिनहरूमा व्यक्तिगत सरसफाई आनिबानीमा सचेतना वृद्धि हुनुका साथै तुलनात्मक रुपमा सुधार हुँदै गएको छ । गुणस्तरीय खानेपानी ओभरहेड टैकका आयोजना २४ वटा सम्पन्न भैसकेका छन भने केही निर्माणाधीन अवस्थामा रहेका छन । बस्तीबाट निस्कने फोहर मैला व्यवस्थापनका लागि ल्याण्डफिल्ड साईट १ स्थानमा छनौट गरी फोहर व्यवस्थापन गर्दे आइरहेको छ ।

### ४.३.२ समस्या तथा चूनौति

खानेपानी तथा सरसफाईको क्षेत्रमा महत्वपूर्ण उपलब्धी हासिल भएता पनि स्वच्छ खानेपानीमा सबैको सहज पहुँच तथा सरसफाईको क्षेत्रमा व्यवहारजन्य कमजोरीहरू सुधार हुनु आवश्यक देखिन्छ । यस पालिकाको वडा नं १, २, ३ र ९ वडाहरुमा आईरन र आर्सेनीकको मात्रा बढी रहेको छ । ती स्थानहरुमा बस्ती छरिएरहरु रहेको हुनाले साना साना खानेपानीका आयोजना संचालन गर्न लागत बढी हुने र ठुला आयोजनाहरु तत्काल आउन नसक्नु । हाल गुणस्तरीय खानेपानी ओभरहेड टैकका आयोजना ९ वटा संचालनमा रहे पनि बस्ती विकासका कारण पुराना आयोजनाबाट बितरित खानेपानीको क्षमता कम हुदै गईरहेको छ । न्युन आय श्रोत भएका समुदायहरुले भने ४० फिट माथी को पानी प्रयोग गरेको पाइन्छ । मुख्य बजारहरुबाट निस्कने फोहरमैलाहरुको केही मात्रामा व्यवस्थापन भएको भएता पनि बढदो शहरिकरण र बसोबासको बृद्धिबाट श्रृजना हुने फोहरमैलाको उत्सर्जन न्यूनीकरणमा समस्या रहेको पाइन्छ । शौचालय निर्माण हुन नसकेका ३०० घरधुरीमा शौचालय निर्माण गर्न र शौचालयहरु निर्माण भएका तर प्रयोगमा नल्याएका समुदायका घरधुरीहरुलाई प्रयोग गराउन चुनौती रहेको छ ।

### ४.३.३ सोच

सुरक्षित शुद्ध गुणस्तरीय पानीमा सबैको पहुँच र स्वच्छ सफा हराभरा नगर निर्माण गर्ने हाम्रो अभिभारा ।

### ४.३.४ उद्देश्य

१. सबै बर्ग समुदाय सम्म गुणस्तरीय खानेपानी पुरयाउने ।
२. व्यक्तिगत तथा बातावरणीय सरसफाई प्रति सबै नागरिकहरुलाई सचेतना गराउने ।
३. राष्ट्रिय रणनीति तथा लक्ष्यहरुलाई समाहित गर्ने ।

### ४.३.५ रणनीति

१. सहभागितामूलक योजना निर्माण तथा कार्यान्वयन गर्ने ।
२. स्थानीय उपभोक्ताहरुलाई आयोजनको संरक्षण तथा मर्मत संभारमा उत्तरदायी बनाउने ।
३. जनश्रमदानबाट आयोजनाहरु निर्माण गर्ने ।
४. सरसफाई प्रति नागरिकहरुलाई उत्तरदायी बनाउने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| पाइप प्रणाली वा सुरक्षित खानेपानीको सेवा उपयोग गर्ने जनसंख्या | प्रतिशत | २५ | ३५ | ५० | ६० | ७५ |
| सरसफाई सेवा तथा सुविधा उपलब्ध परिवार | प्रतिशत | ६५ | ६५ | ७० | ७५ | ७५ |
| नीजि धारा प्रयोग गर्ने घर | प्रतिशत | २० | ३० | ४५ | ५५ | ६० |
| सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ३० | ३० | ४० | ५० | ६० |

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सफा शौचालय भएका घरधुरी | प्रतिशत | ५५ | ५५ | ६० | ७० | ८० |
| सार्वजनिक शौचालय | संख्या | ४ | ६ | ७ | ८ | ८ |
| क्रियाशिल खानेपानी तथा सरसफाई उपभोक्ता समिति | संख्या | २० | २० | २५ | ३० | ४० |

### ४.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९००० | १८०० | ७२०० | ० | २८१२ | ५७१३ | ४७५ | ० |
| २०८०/८१ | १०५१८ | २१०४ | ८४१५ | ० | ३२१६ | ६७३१ | ५७२ | ० |
| २०८१/८२ | १२०१० | २४०२ | ९६०८ | ० | ३६६८ | ७६९३ | ६४९ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई कार्यक्रम | नगरवासीमा खानेपानी तथा सरसफाईको पहुँच वृद्धि गर्ने | सालवसाली | ३१५२९ | २२ कि.मि.पाइपलाई निर्माण र ५०० घरधुरीमा धारा जडान हुनेछ । |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

मध्यमकालीन खर्च संरचनामा प्रस्ताव गरे अनुसार बजेट सुनिश्चितता भई आयोजना संचालन तथा मर्मत संभार र स्तरोन्नति भएमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । जलवायु परिवर्तबाट खानेपानीको स्रोतमा पर्ने नकारात्मक प्रभाव, आयोजनाको ढिला निर्माण र उचित व्यवस्थापन, व्यवस्थित बसोबास, फोहारमैलाको उचित व्यवस्थापन, प्रदूषण आदिलाई खानेपानी तथा ससरफाई सम्बन्धी अपेक्षित उपलब्धि हासिल गर्ने जोखिम पक्षको रुपमा आँकलन गरिएको छ ।

## ४.४ महिला, बालबालिका, सामाजिक संरक्षण र समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

समग्र नगरपालिका क्षेत्रभित्र महिला तथा पुरुषको जनसंख्यामा पुरुष ५१.९ र महिला ४८.१ प्रतिशत रहेको छ। महिला घरमुलीको रुपमा रहेको परिवार संख्या २१५० अर्थात् १६.८५ प्रतिशत मात्र रहेको देखिन्छ । बालबालिका, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, एकल महिला, असहाय व्यक्तिहरुका लागि नगरपालिकाले लैंगिक समानता र सामाजिक समावेशीकरण कार्यविधि २०७७, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपालको संविधानमा उल्लेख भएका शर्तहरुको अधिनमा रहि योजना तर्जुमा गर्ने र सोहि अनुसार कार्यान्वयन गर्ने गराउने काम भइरहेको छ। महिलाहरुका लागि कृषिमा अनुदान, अपांगता भएका व्यक्तिहरुका लागि आवश्यक समाग्री उपलब्ध गराउने, जेष्ठ नागरिक सम्मान कार्यक्रम मनोरन्जन स्थल तथा जेष्ठ नागरिक तिर्थाटन लगायतका कार्यक्रमहरुले पिछडिएको वर्गलाई विकासको मूलधारमा ल्याउने काम गरिरहेको छ । महिला तथा बालबालिका लागि विशेष कार्यक्रमहरुको जरुरि पर्दछ जसले उनीहरुको आबश्यकता सम्बोधन गर्नुको साथै नयाँ अवसर सृजना गर्दछ ।

नगरपालिकाले दीर्घकालीन सोच सहित नीति, योजना तथा बजेट तथा कार्यक्रमको लैंगिक तथा सामाजिक समावेशीकरण परीक्षणको सुरुवात गरिएको छ। नगरपालिकामा अपाङ्ग सञ्जाल तथा बाल सञ्जाल गठन भई क्रियाशील रहेका छन् भने लैगिक हिंसा न्युनिकरण सम्वन्धी कार्यविधी वनई लागुगरिएको छ । नगरपालिकाबाट महिला हिंसा, वेचविखन, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको सशक्तीकरण संरक्षण र उत्थानका लागि विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् ।

जेष्ठ नागरिक सम्मान कार्यक्रम नियमित रुपमा सञ्चालन भैरहेको छ भने सामाजिक सुरक्षा कार्यक्रमबाट जेष्ठ नागरिकको जीवन सहज हुँदै गएको छ । नगर प्रोफाइल अनुसार फरक क्षमता भएका जनसंख्या १५५८ जना रहेको छ । नगरपालिकाको कुल जनसंख्याको २.११ प्रतिशत हो । स्थानीय नीति, कानून, निर्णय र योजनामा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको छ भने लैगिंक हिंसा, बालविवाह तथा बहुविवाहमा कमी हुँदै गएको छ । लक्षित वर्गका लागि सचेतना, सहभागिता, रोजगारी, सीप विकास कार्यक्रमहरु सञ्चालन रहेका छन् ।

### ४.४.२ समस्या तथा चूनौति

लैंगिक समानता तथा सामाजिक समावेशीकरण र सामाजिक न्यायका लागि चालिएका सकारात्मक प्रयत्न बावजुद आर्थिक, सामाजिक तथा राजनीतिक क्षेत्रमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता हुन सकेको छैन । नगरपालिकामा महिला, बालबालिका, ज्येष्ठ नागरिक अन्य लक्षित वर्गसँग सञ्जालहरु गठन तथा कृयाशिल हुन सकेका छैनन् । नगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयनमा आउन सकेको छैन । घरेलु हिंसाका घटना दोहोरिरहेने तर बाहिर नआउने स्थिति कायमै छ । छुवाछुत जस्ता सामाजिक विकृति विभिन्न स्वरुपमा समाजमा कायम रहेको छ र आर्थिक सामाजिक रुपमा पिछडिएको वर्गमा अन्धविश्वास तथा गलत सामाजिक अभ्यास कायम रहेको छ ।

महिला तथा पुरुष बीच समानता कायम गर्न नीतिगत, संस्थागत तथा कार्यक्रमगत प्रयास हुँदाहुँदै पनि समाजमा रहेको पितृसत्तात्मक सोच अझै कायम रहनु, महिलालाई विकासका सबै चरणहरूमा सारभूत सहभागिता गराउन नसक्नु, महिला विकासका लागि गरिएका संस्थागत तथा कार्यक्रमगत प्रयासहरू अपर्याप्त हुनु, महिला विकास कार्यक्रमहरूले लक्षित सबै क्षेत्र र बर्गलाई समेटन नसक्नु, लैङ्गिक हिंसा तथा गरिबीको प्रभाव महिलाहरूमा बढी पर्नु, महिलाका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाहरू बीच प्रभावकारी समन्वयको कमी रहनु, महिला विकास कार्यक्रमको क्षेत्र विस्तार भएपनि सोही अनुपातमा मानवीय, आर्थिक तथा भौतिक साधनहरूको उपलब्धता नहुनु, महिलाको श्रमलाई आर्थिक उपार्जनयुक्त क्रियाकलापमा परिणत गर्न नसक्नु, एकीकृत लैंगिक तथ्यांक राख्ने पद्धतिको विकास हुन नसक्नु, लैङ्गिक हिंसाको अन्त्यका लागि आर्थिक सशक्तीकरण र जनचेतनाको पाटो प्रभावकारी नहुनु, जेष्ठ नागरिकका लागि जीवनयापनका अवसर तथा मनोरञ्जनका अवसर हुन नसक्नु जस्ता समस्या तथा चुनौतीहरू विद्यमान छन् ।

### ४.४.३ सोच

"सामाजिक समावेशीकरण र सशक्तीकरण र शहरी शासन प्रक्रियामा सिमान्तिकृत वर्ग र समुदायको मुलप्रवाहीकरण"

### ४.४.४ उद्देश्य

१. सबै प्रकारका विभेद अन्त्य र महिला सशक्तीकरण सवाललाई नगर विकासको प्रक्रियामा मूलप्रवाहीकरण गर्नु,
२. जेष्ठ नागरिकको मान, सम्मान र  सुरक्षाको प्रत्याभूति गर्दै उहाँहरूका सिकाइ अनुभवलाई समाज विकासका लागि सदुपयोग गर्नु,
३. बाल अधिकार सुनिश्चित गर्दै नगरपालिकलाई बालमैत्री पालिकाका रूपमा विकास गर्नु,
४. अपाङ्गता भएका व्यक्तिमैत्री नगरपालिकाको विकास गरी अपाङ्गता भएका व्यत्तिलको संरक्षण तथा हक अधिकार सुनिश्चित गर्नु,
५. सबै प्रकारका जातीय छुवाछूत अन्त गरी समावेशी र सम्मानित समाजको सुनिश्चित गर्ने र अल्पसंख्यकको हकहित संरक्षण गर्नु ।

### ४.४.५ रणनीति

१. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता र आत्मसम्मान सुनिश्चित गर्न सामाजिक संरक्षणका कार्यक्रमहरू सञ्चालन गर्ने ।
२. समावेशी सिद्धान्तका आधारमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा सहभागिता सुनिश्चित गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| महिला सहभागी समिति, समूह तथा संजाल | संख्या | ८० | ८० | १२० | १६० | २०० |
| बालबालिका सहभागि समिति/समूह/संजाल | संख्या | ३ | ४ | ५ | ६ | ६ |
| अपाङ्ग सहभागि समिति, समूह तथा संजाल | संख्या | ११ | १३ | १४ | १५ | १५ |
| पिछडिएको वर्ग सहभागी समिति/समूह/संजाल | संख्या | १ | २ | ३ | ४ | ४ |
| तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ५ | १५ | २२ | ३५ | ४२ |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ६० | ७० | ८० | ९० | १०० |
| लक्षित वर्गले गरेका गुनासो मध्ये सुनुवाई भएका उजुरी | संख्या | ५ | ६ | ७ | ८ | ९ |
| घर व्यवहार तथा कारोबारसम्बन्धी निर्णयमा महिलाको सहभागी हुने परिवार | प्रतिशत | १५ | १५ | २० | २५ | ३० |

### ४.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १०५०० | ९४५० | १०५० | ० | ३२७५ | ६६५६ | ५६९ | ० |
| २०८०/८१ | ११८८६ | १०६९७ | ११८९ | ० | ३६३४ | ७६०६ | ६४६ | ० |
| २०८१/८२ | १३५७२ | १२२१५ | १३५७ | ० | ४१४५ | ८६९३ | ७३४ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | मधेशी, मुस्लिम, दलित, जनजाती र लोपोन्मुख वर्ग विशेष कार्यक्रम | मधेशी, मुस्लिम र लोपोन्मुख वर्ग अधिकार र संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्नु | सालवसाली | ९५०० | मधेशी, मुस्लिम, दलित, जनजाती र लोपोन्मुख वर्गमा चेतना र संस्कृतिको जगेर्नामा अभिबृद्धि तथा सशक्तीकरणमा अभिवृद्धि हुनेछ। |
| २ | महिला, बालबालिका सामाजिक संरक्षण तथा समावेशीकरण कार्यक्रम | महिलाहरुको आर्थिक र सामाजिक सशक्तीकरणमा सहयोग पुऱ्याउनु तथा बाल बचाऊ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गर्नु | सालवसाली | २५१०१ | बार्षिक ४,००० महिला र ६००० बालबालिका प्रत्यक्ष प्रत्यक्ष लाभान्वित हुनेछन्। |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

यससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

यस नगरपालिकाका वडाहरुका बिद्यालयस्तर तथा समुदायस्तरमा बिभिन्न खेलसंग सम्बन्धित खेलाडीहरुबाट खेलकुद प्रतियोगितामा भाग लिदै आईरहेका छन । वडा स्तरमा यूवाहरु मिलेर खेलकुद क्लबहरु दर्ता गरी वडा स्तरीय, नगरस्तरीय, जिल्लास्तरीय, राष्ट्रियस्तर हुदै छिमेकी देशका सिमानाका जिल्लाहरुमा प्रतियोगितामा भाग लिएको पाइन्छ । खेलकुद प्रति यूवाहरुको रुची देखिन्छ। नीजिस्तरमा समेत फिजिकल फिटनेश सेन्टरहरु सञ्चालनमा आएका छन्।

युवा लक्षित रोजगारीको व्यवस्था गरिनुको साथै राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा युवा सहभागिता उल्लेखनीय रहेको छ ।

नगरपालिकाका १० वटै वडामा युवा खेलकुद समिति र १० वटै वडामा युवा क्लब तथा सञ्जाल क्रियाशील रहेका छन् । नगर क्षेत्र भित्रका विद्यालयमा विद्यालय स्तरीय खेलमैदान रहेको छ । युवाका लागि लक्षित गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारमूलक आयोजना नगरपालिकामा सञ्चालनमा रहेका छन् ।

### ४.५.२ समस्या तथा चूनौति

बढ्दो युवा जनसंख्यालाई सीप र उद्यमशीलतायुक्त बनाई जनसांख्यिक लाभांश हासिल गर्ने पर्याप्त सम्भावना हुँदा पनि सदुपयोग हुन सकेको छैन । बैदेशिक रोजगारीमा युवा आकर्षण वढ्दो छ । लोकतन्त्रको पुर्नस्थापना पछिका सरकारहरूमा युवालाई राष्ट्र निर्माणमा मूलप्रवाहीकरण गर्ने राजनीतिक सोच र इच्छा शक्ति देखिनु, युवामा आफ्नो शक्ति र भूमिकाप्रति जागरूकता आउनु, युवा लक्षित कार्यक्रमहरूलाई विस्तार गर्नका लागि आधार तयार हुनु, राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै उनीहरूका अधिकारहरूको उपयोग गर्ने वातावरण सिर्जना गर्ने संवैधानिक प्रतिबद्धता र खेलकुदमा स्थानीय सरकार, प्रदेश सरकार तथा संघिय सरकारले विभिन्न किसिमका पहलहरु गर्दै जानु पर्ने देखिन्छ ।

स्वदेशमा मध्यम र उच्च शिक्षा प्राप्त युवा विदेश पलायन हुने प्रवृति रोक्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु र युवाको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गर्नका लागि तालिम प्रदायक निकायहरू बीच समन्वय सुदृढ गर्नु, युवाहरुको समग्र विकास हुने गरि खेलकुदको विकास गर्न नसक्नु यस क्षेत्रका चुनौती हुन् ।

### ४.५.३ सोच

नगरपालिकाका सबै वडाबाट फुटबल, क्रिकेट, ब्याडमिन्टन उसु र डोरी तान विधाका उत्कृष्ट युवा खेलाडी उत्पादन गर्ने तथा अन्य खेलहरुलाई प्रश्रय दिने ।

### ४.५.४ उद्देश्य

१. युवाको दक्षता, उद्यमशीलता र अन्वेषणात्मक क्षमताको विकास गर्दै आर्थिक-सामाजिक विकासमा युवा सहभागिता अभिवृद्धि गर्नु,
२. युवालाई सर्वाङ्गीण नगरपालिका निर्माणको संवाहक बनाउनु,
३. युवालाई स्वाबलम्वी, आत्मनिर्भर र चरित्रवान बन्न प्रेरणा प्रदान गर्नु ।

### ४.५.५ रणनीति

१. व्यवस्थित खेलमैदान निर्माण गर्ने ।
२. युवा समूहलाई खेल प्रति जागरुक गर्ने ।
३. खेलाडीलाई खेलकुद सामाग्रीबाट सुबिधा सम्पन्न गर्ने ।
४. खेलकुद प्रति आकर्षण यूवा खेलाडीहरुलाई प्रशिक्षणको व्यवस्था गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सक्रिय युवाक्लब, संजाल तथा संस्था | संख्या | २० | २० | ३० | ४० | ४५ |
| क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | संख्या | ६०० | ८०० | ९०० | ११०० | १२०० |
| उद्यम व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | २५० | २५० | ३०० | ३५० | ४०० |
| कभर्ड हल तथा खेलकुद मैदान | संख्या | १ | २ | ३ | ४ | ५ |

### ४.५.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | बजेटको स्रोत (रु. हजारमा) |
|---|---|---|

| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
|---|---|---|---|---|---|---|---|---|
| २०७९/८० | २५०० | ११२५ | १३७५ | ० | ७८३ | १५९० | १२७ | ० |
| २०८०/८१ | २५२४ | ११३६ | १३८८ | ० | ७७२ | १६१५ | १३७ | ० |
| २०८१/८२ | २८८२ | १२९७ | १५८५ | ० | ८८० | १८४६ | १५६ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र. सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वैदेशिक रोजगारीवाट फर्किएका युवायुवती सहुलियत कर्जा पहुँच कार्यक्रम | युवा तथा मधेशी मुस्लिम युवाहरुलाई आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु | सालवसाली | ४२०० | ४० जना युवा तथा मधेशी मुस्लिम युवाहरुलाई आर्थिक तथा सामाजिक रुपमा प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| २ | करियर काउन्सेलिङ्ग तथा युवा परिचालन कार्यक्रम | उच्च शिक्षा अध्ययन मार्गदर्शन गर्नु | सालवसाली | ८२५ | २००० किसोरहरुलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुनेछ। |
| ३ | खेलकुद पूर्वाधार विकास तथा प्रवर्दन कार्यक्रम | युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्ने | सालवसाली | ४२३४ | करिव ५७० जना युवाहरु प्रत्यक्ष लाभान्वित हुनेछन् । |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद पाँच : पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

यस नगरपालिकाको वडा नम्बर ४ बुढ्डीमा नगर कार्यपालिकाको भवन रहेको छ र ९ वटा वडाका वडा कार्यालय आफ्नै भवनबाट र १ वटा वडा कार्यालय भाडामा सञ्चालनमा रहेका छन् । यसैगरी नगर कार्यपालिका कार्यालय तथा शिक्षा, स्वास्थ्य, पुर्वाधार, महिला तथा बालबालिका लगायतका विषयगत शाखाहरु साविकको वुढ्डी गाविसको भवनमा सञ्चालनमा रहेको छ । नगर क्षेत्रको वडा नम्बर ४, हनुमान चोकमा कृषि तथा पशु सेवा कार्यालय सञ्चालनमा रहेका छन् । नगरपालिकामा ९ वटा स्वास्थ्य केन्द्र तथा भवनहरु रहेका छन् । भवनसंहिता तथा मापदण्ड बमोजिम नगरपालिकामा घरनक्शा पास तथा अभिलेखीकरण शुरुवात गरिएको छ ।

आवास मानवीय जीवनको आधारभूत आवश्यकतामा पर्दछ । संविधानले आवासलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सुरक्षित वस्ती विकास, भवन मापदण्ड तथा नियमन जस्ता कायहरू स्थानीय तहको जिम्मेवारीमा सुम्पेको छ । यस नगरपालिकामा रहेका घरधुरी मध्ये ५६ प्रतिशत घरहरू पक्की सिमेन्टका, ११ प्रतिशत घरहरू टायल ढुङ्गाका छाना भएका, १६ प्रतिशत घर कच्ची टिनको छाना भएका र बाँकि १७ प्रतिशत कच्ची फुस वा खरको छाना रहेको वस्तुगत विवरणले देखाएको छ ।

### ५.१.२ समस्या तथा चूनौति

नगरपालिका स्थापना भएपश्चात हालसम्म नगर कार्यपालिकाको कार्यालय साविकको गाविसको कार्यालयमा सञ्चालनमा रहेको छ । जुन सेवा प्रवाहको लागि प्रर्याप्त, आधुनिक र व्यवस्थित रहेको छैन । सडकको मापदण्ड तयार नभएका कारण नगरपालिकामा घरनक्शा पास तथा अभिलेखीकरण कार्य व्यवस्थित हुन सकेको छैन । नयाँ निर्माण भएका आवासीय घरहरु समेत भूकम्प प्रतिरोधी रुपमा निर्माण गर्ने कार्य नियमित हुन सकेको छैन । व्यवस्थित वस्ती विकासका क्षेत्रहरू नतोकिनु, पुराना तथा परम्परागत शैलीमा बनेका घरहरूलाई मर्मत सम्भार तथा प्रवलीकरण गर्ने परिपाटीको विकास नहुनु, भौतिक संरचनाहरू निर्माण गर्दा अपाङ्गता बाल तथा महिला मैत्री बनाउने प्रचलन नहुनु, साविक वस्तीहरूमा आधारभूत पूर्वाधार र सेवा सुविधा पुऱ्याउनु, अभिलेखीकरणका नाममा मापदण्ड बिपरितका घरहरु निर्माण हुने क्रम नरोकिनु चुनौतीको रुपमा रहेको छ ।

### ५.१.३ सोच

"सुरक्षित बस्ती सुरक्षित आवास, सबैको पहुँच बुद्धभूमिको प्रयास"

### ५.१.४ उद्देश्य

१. सबै नागरिकहरुको सुरक्षित तथा व्यवस्थित बसोबासको सुनिश्चितता गर्नु ।

२. सार्वजनिक भवनहरु निर्माण गर्दा महिला, बालवालिका तथा अपांगता मैत्री बनाउने कुरा सुनिश्चित गर्नु ।

### ५.१.५ रणनीति

१. भवन निर्माण आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाउने ।

२. असुरक्षित स्थानहरुमा बसोबास गर्ने परिवारहरुलाई सुरक्षित स्थानमा स्थान्तरण गर्ने ।

३. बिपन्न परिवारहरुलाई सुरक्षित आवास बनाउन सहयोग गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मापदण्ड र भुकम्प प्रतिरोधी अनुसार वनेका भवन | संख्या | ९ | ११ | २० | ३० | ५० |
| व्यवस्थित बजार | संख्या | ५ | ५ | ५ | ५ | ५ |
| मापदण्ड अनुसार निर्माण सम्पन्न सार्वजनिक भवन | संख्या | २ | १ | १ | २ | ५ |
| सुरक्षित भवन निर्माण संबन्धी दक्ष व्यक्ति | संख्या | ० | ५ | ७ | १० | १५ |
| सुरक्षित आबास निर्माण (जस्ताको छाना र फुस रहितको घर निर्माण) | प्रतिशत | ८० | ८० | ८५ | ८५ | ९० |

### ५.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५०००० | २५०० | ४७५०० | ० | १५५९४ | ३१६८८ | २७१७ | ० |
| २०८०/८१ | ६३११० | ३१५६ | ५९९५५ | ० | १९२९४ | ४०३८३ | ३४३३ | ० |
| २०८१/८२ | ७२०६२ | ३६०३ | ६८४५९ | ० | २२००७ | ४६१५९ | ३८९६ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सुरक्षित नागरिक आवास कार्यक्रम | विपन्न समुदायका खरको छाना युक्त संरचनालाई विस्थापन गरी सुरक्षित आवासको व्यवस्था गर्नु | सालवसाली | ४११०० | ५०० अति विपन्न परिवारको सुरक्षित आवास निर्माण हुनेछ । |
| २ | आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालवसाली | १४४०७५ | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ । |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

सडक तथा भवनको मापदण्ड तयार हुनेछ। भू-उपयोग, आवास, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। भू-स्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको विसर्जन र वातावरणीण ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेको छ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

सामाजिक आर्थिक विकास विकासको मेरुदण्डका रुपमा सडक यातायातलाई लिने गरिन्छ। यातायात क्षेत्रको विकास बिना सामाजिक आर्थिक विकासको परिकल्पना गर्न सकिदैन। यस नगरपालिकाको बीच भाग हुँदै लगभग २७ कि.मी. पूर्व पश्चिम राजमार्ग गएको छ। यस राजमार्ग हुँदै नगरपालिका भित्र, अन्य नगरपालिका तथा जिल्लाहरुमा सडक संजाल फैलिएको छ। हाल यस नगरपालिकामा पक्की ५५.३ कि.मी. पि.सि.सि. १७.१ कि.मि. आर.सी.सी. १.१ कि.मी, ग्रभेल ५७.३१ कि.मी कच्ची सडक १.७४ गरी जम्मा १३०.५५ कि.मी, सडक लम्वाइ रहेको छ। यस नगरपालिकाको अधिकांश बस्तीहरुमा वर्ष भरि नै यातायातको पहुँच रहेको छ। वर्षायाममा केहि बस्तीहरु जस्तै वडा नं. ९ को धमौली, चरिगवा आदिमा पुल नभएको कारण मोटरगाडी जान नसक्ने अवस्था छ। यस नगरपालिकाले परिकल्पना गरेको नगर चक्रपथ (गोरुसिंगे-चेतराडेही-धनकौली-महुवा-हरिहरपुर-वकुलिपुर-मैतहवा-चमरसट-धमौली-वोक्टापुर-रनगाई-चंघांट-विरपुर- पत्थरकोट) को लम्बाई ७० कि.मी. रहेको छ। जसमध्ये ३५ कि.मि. पिच सडक भित्र पर्दछ भने बाँकी

भाग कच्ची र ग्राभेल छ । नगरपालिका भित्र ६ वटा झोलुंगे पुल चालु अवस्थामा रहेका छन् । यस नगरपालिकाको गोरुसिंगेमा रिफ्रेस सेन्टर सहितको वसपार्क निर्माणधिन अवस्थामा रहेको छ ।

### ५.२.२ समस्या तथा चूनौति

व्यवस्थित र सुरक्षित बस्ती विकासको योजना नहुँदा एकातिर पूर्वाधार विकास खास गरी सडक तथा यातायातलाई व्यवस्थित गर्न सकिएको छैन भने अर्कोतर्फ कृषि योग्यभूमिको खण्डीकरण र अव्यस्थित रुपमा बस्ती तथा आवासको विस्तार भैरहेको छ । नगरपालिकाभित्र प्रायः जस्तो कच्ची तथा धुले सडकहरू रहेका छन् । गर्मी याममा धेरै धुलो उड्ने र वर्षायाममा सडकको खाल्डाखुल्डीहरूमा पानी जम्ने हुनाले हिड्डुल गर्न समस्या हुने गरेको छ। नगर क्षेत्रमा हालका दिनमा कृषियोग्य भूमिमा आवास तथा बस्ती विस्तार हुने क्रम बढ्दै गइरहेको छ। अव्यवस्थित रुपमा विस्तार भएका बस्तीहरूमा आवतजावतका लागि थप नयाँ सडकहरू खोल्नुपर्ने देखिन्छ ।

निर्माण भएका सडकको क्षेत्र समेत अतिक्रमण हुनु, वाटोमा निर्माण सामाग्री थुपार्नु लगायतका कारणले समेत सवारी साधन तथा पैदलयात्रीहरूलाई विभिन्न खालका समस्या हुने गरेको छ। केहि सडकहरु कच्ची अवस्थामा रहेको, ग्राभेल सडकहरु समय मै पीच नहुँदा बिग्रदै गएको, पक्की सडकहरु पनि पानीको निकास नहुँदा र नियमित मर्मत संभार नहुँदा बिग्रदै जाने जस्ता समस्याहरु रहेका छन । व्यवस्थित बसपार्कको अभाव हुनु, निर्मित सडकमा पनि पुल पुलेसा, कल्भर्टहरू निर्माण नहुनु आदि प्रमख समस्या तथा चुनौतिको रुपमा रहेका छन ।

### ५.२.३ सोच

"वातावरणमैत्री दिगो यातायातको पूर्वाधार, बुद्धभूमिको संबृद्धिको आधार"

### ५.२.४ उद्देश्य

१. नगरपालिकाको सबै वडाका सबै बस्तीहरुलाई बाह्रै महिना चल्ने गरी मुख्य सडक संजालमा जोड्नु,
२. गोरेटो, कच्ची तथा ग्राभेल बाटोहरुको स्तरोन्नति गर्ने र पक्की बाटाहरुको नियमित मर्मत संभार गर्नु,
३. यातायात प्रणालीलाई सुरक्षित र व्यवस्थित गर्नु
४. वातावरणमैत्री यातायात पूर्वाधारको विकास गर्नु
५. रणनैतिक सडकको रुपमा रहेको टिक्कर-बुड्डी-बिजगौरी हुँदै हुलाकी सडक दुइ लेनको रुपमा विकास गर्नु,
६. सडकको गुणस्तारियता बुद्धि गर्नु ।

### ५.२.५ रणनीति

१. वास्तविक आवश्यकताको पहिचान र इन्जिनियरिंग डिजाइन इष्टिमेट पश्चात मात्र योजना कार्यान्वयनमा ल्याउने।
२. सहभागितामूलक योजना निर्माण तथा कार्यान्वन गर्ने ।
३. स्थानीय उपभोक्ताहरुलाई सडकको संरक्षण तथा मर्मतसंभारमा उत्तरदायी बनाउने ।
४. संघीय तथा प्रदेश सरकार र विकास साझेदार संस्थाहरुसँग समन्वय तथा सहकार्यमा योजनाहरु कार्यान्वयन गर्ने।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कच्ची सडक (नयाँ ट्र्याक) | कि.मी. | ०.९ | १.२ | १ | ०.७५ | ०.५ |
| ग्राभेल सडक | कि.मी. | १९.४१ | २० | २२ | २५ | २७ |
| कालोपत्र सडक | कि.मी. | ६.८८ | ७ | ७.५ | ८ | ८.५ |
| आर.सि.सि. सडक | कि.मी. | ७.८ | ८.५ | ९ | १० | ११ |
| पि.सि.सि. सडक | कि.मी. | ०.८३ | १ | २ | ३ | ४ |
| पक्की पुल | संख्या | ४ | ४ | ६ | ७ | ८ |
| झोलुङ्गे पुल | संख्या | २ | २ | ३ | ३ | ४ |
| दायाबायाँ बृक्षारोपण सडक लम्बाई | कि.मी. | ० | १ | २ | ३ | ४ |
| नियमित मर्मत संभार सडक लम्बाई | कि.मी. | ० | ५ | ८ | १५ | २० |

### ५.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २५०४७७ | १००१९ | २४०४५८ | ० | ७८११७ | १५८७३६ | १३६२५ | ० |
| २०८०/८१ | २७३४७८ | १०९३९ | २६२५३९ | ० | ८३६०९ | १७४९९५ | १४८७४ | ० |
| २०८१/८२ | ३१२२७० | १२४९१ | २९९७७९ | ० | ९५३६६ | २०००२२ | १६८८३ | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | टिक्कर-वुड्ढी-विचगौरी सडक कालोपत्रे आयोजना (नगर गौरव) | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७८/७९ देखि २०८०/८१ सम्म | १२०००० | ९ कि.मि. सडक कालोपत्रे भएको हुनेछ। |
| २ | इमिलिया मा.वि. हुँदै मैटहवा सडक कालोपत्रे निर्माण अयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालवसाली | १२००० | बार्षिक ४०० मिटर सडक कालोपत्रे हुनेछ। |
| ३ | धनकौली मैनिहवा अलिनगर लोहरौला सडक ढलान तथा कालोपत्रे आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालवसाली | १२००० | वार्षिक ४०० मिटर सडक कालोपत्रे हुनेछ। |
| ४ | नदी झोलंगे पुल निर्माण आयोजना (वुद्धभुमि वेल नदी, चरिगाउँ पोखरा हवाघाट, रनगाँई वाक्टापुर घोघवा खोला र वनरडिहवा परशुराम वेल) | स्थानीय उत्पादन बजार सम्म पुऱ्याउने र आवत जावत सहज बनाउने | सालवसाली | ४००० | ४ वटा झोलंगे पुल निर्माण भएको हुनेछ। |
| ५ | सडक तथा पुल निर्माण र मर्मत संभार अन्य कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | ६८७८३७ | ३० कि.मि. सडक स्तरोन्नति भएको हुनेछ। |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकारबीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ । नगर गौरव, रुपान्तरणकारी, विस्तृत आयोजना प्रस्ताव तयार भएका, ऋमागत, बहुवर्षीय, कार्यान्वयनका लागि तयार भएका आयोजना तथा कार्यक्रम प्रस्तावित भए अनुसार बजेट विनियोजन भई खरिद प्रक्रिया अनुसार आयोजना कार्यक्रम कार्यान्वयन हुनेछन् । सम्भाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितमा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत तथा उर्जा

### ५.३.१ पृष्ठभूमि

यस नगरपालिकाको १० वटै वडामा केन्द्रिय प्रशारण लाइनको विद्युत सुविधा उपलब्ध रहेको छ। नगर क्षेत्रका करिव ९५ प्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको छ। सबै किसिमका विकास निर्माण, उद्यम व्यवसाय स्थापना र विस्तारमा उर्जाको महत्वपूर्ण स्थान रहन्छ। यस नगरपालिकामा उर्जाका स्रोतहरूमा राष्ट्रिय प्रशारणबाट प्राप्त विद्युत, वायोग्यास, सौय उर्जा, दाउरा, गुइठा आदि रहेका छन् । यस नगरपालिकामा लगभग ९५ प्रतिशतले विद्युत तथा सोलारबाट बत्ती र अन्य काममा उर्जाको प्रयोग गरेका छन भने अझै पनि लगभग ५ प्रतिशत परिवारमा बिद्युत् जडान गर्नु पर्ने देखिन्छ । यस नगरपालिकामा अधिकांश घरहरूले बत्ती बाल्नका लागि विद्युत र सोलार प्रयोग गरेपनि खाना पकाउन प्रयोग गरिने ईन्धनमा दाउराको हिस्सा सबैभन्दा बढी ४६.५ प्रतिशत रहेको छ । खाना पकाउनका लागि इन्धनको रूपमा

दाउरा पछि एल.पी. ग्यास प्रयोग गर्ने २६ प्रतिशत, गुइठा ९.३ प्रतिशत बायोग्यास र सुधारिएका धुंवा रहित चुल्हा प्रयोग गर्ने घर परिवार संख्या २.५ प्रतिशत रहेको छ ।

### ५.३.२ समस्या तथा चूनौति

नगरपालिकामा केन्द्रीय बिद्युत प्रशारण लाइन उपलब्ध भए पनि केही छरिएका बस्तीहरुमा विद्युतलाईन पुग्न नसकेको, पुगेको स्थानहरुमा समेत ट्रान्समिटरको क्षमता र ट्रान्समिसन लाईन भरपर्दो बनाई प्रसारण र वितरण हुन सकेको छैन । दुर्गम वडाहरुमा उद्योग व्यवसाय सञ्चालन, सिंचाईको प्रयोजनका लागि थ्रिफेजको विद्युत् लाईनको कमी रहेको छ । नगरपालिकाको प्रमुख सडक, चोक र स्थानमा सोलार प्रणालीमा आधारित सडक वत्तीको सुबिधा उपलब्ध हुन सकेको छैन । बिद्युत आपूर्ति नियमित नहुनु, सोलार उर्जा तुलनात्मक रुपमा महँगा पर्नु र सम्बन्धी प्राविधिकको कमी हुनु, आर्थिक क्रियाकलापसंग विद्युतलाइ जोड्न नसकिनु, मलमुत्र, सडेगलेका बनस्पति तथा फोहरजन्य बस्तुहरुबाट उर्जा निकाल्ने कुरा प्रार्थमिकतामा नपर्नु लगायत चुनौतीको रुपमा रहेको छ ।

### ५.३.३ सोच

नबिकरणीय उर्जाको उपयोग मार्फत वाताबरण संरक्षण र जनस्वास्थ्य प्रबर्द्धन

### ५.३.४ उद्देश्य

१. नियमित विद्युतीय सेवा उपलब्ध गराउनु,
२. बैकल्पिक उर्जा प्रवर्धनमा सहयोग पुराउनु,
३. विद्युत तथा बैकल्पिक उर्जाको प्रयोग कृषि तथा खाना पकाउन बढाउन प्रोत्साहन गर्ने ।

### ५.३.५ रणनीति

१. बिद्युत सेवा उपलब्ध नभएका परिवारहरुको पहिचानको लागि सर्वेक्षण गर्ने,
२. बायोग्यास तथा सोलार उर्जा प्रवर्धनको लागि अन्य संघ संस्थासंग सहकार्य गर्ने,
३. दाउरा तथा गुइठा प्रयोगमा कमि ल्याउन सचेतना अभियान संचालनमा सहयोग गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| वैकल्पिक ऊर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ३० | ३० | ४० | ५० | ६० |
| विद्युत सेवा उपयोग गर्ने परिवार | प्रतिशत | ९५ | ९५ | ९५ | ९६ | ९७ |
| एलपि ग्यास प्रयोग गर्ने घरधुरी | प्रतिशत | ९५ | ९५ | ९२ | ८७ | ८० |
| इन्डक्सन चुलो तथा हिटर प्रयोग गर्ने घरधुरी | प्रतिशत | ० | ० | ३ | ८ | १५ |
| सोलार उपलब्ध घरधुरी | संख्या | ५०० | ५०० | ५०० | ५०० | ५०० |

### ५.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १३०० | १३० | ११७० | ० | ४०६ | ८२५ | ७० | ० |
| २०८०/८१ | १४७३ | १४७ | १३२५ | ० | ४५० | ९४२ | ८० | ० |
| २०८१/८२ | १६८१ | १६८ | १५१३ | ० | ५१४ | १०७७ | ९१ | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युतीकरण कार्यक्रम | सबै नगरबासीमा विद्युत सेवा पहुँच पुऱ्याउने | सालवसाली | २१०० | ५ प्रतिशत परिवारमा बिद्युत् जडान विस्तार हुनेछ । |

| क.सं. | उपक्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | नविकरणीय उर्जा प्रविधि ( वायोग्यास, सुधारिएको चुलो) विपन्न परिवारलाई इन्डक्सन चुलो वितरण तथा तथा सौर्य सडक वत्ती जडान कार्यक्रम | स्वच्छ तथा किफायती वैकल्पिक उर्जामा पहुँच वृद्धि गर्ने | सालबसाली | २३५४ | ५० वायोग्यास, १५० सुधारिएको चुल्हो र ५० सोलार प्यानल जडान हुनेछन् । विपन्न परिवारलाई इन्डक्सन चुलो वितरण गरिएको हुनेछ । |

### ५.३.९ जोखिम पक्ष तथा अनूमान

जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित नतिजा हासिल गर्न नसकिने अवस्था समेत रहेको छ। उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चितता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संसाधन सहज उपलब्ध भएमा र विपद् तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार

### ५.४.१ पृष्ठभूमि

सूचना तथा सञ्चार प्रविधि सामाजिक तथा आर्थिक विकासको संवाहक हो । नेपालको संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । यस नगरपालिकामा ३५ प्रतिशत घरपरिवारका मोवाइल सेवामा, २५ प्रतिशतसँग टेलिभिजन, ३५ प्रतिशतसंग रेडियो, १२ प्रतिशतसंग इन्टरनेट र कम्प्युटर सुविधाको पहुँच रहेको नगर वस्तुस्थिति विवरणले देखाउँछ। यस नगरपालिकामा सञ्चारको लागि नेपाल टेलिकम र एनसेल फोनका टावरहरु रहेका छन । लगभग सबैजसो स्थानमा टेलिफोनको पहुँच छ। त्यस्तै रेडियोको प्रशारण सबै स्थानहरुमा र तथा टेलिभिजनको पहुँच अधिकांश स्थानहरुमा रहेको छ । यसैगरी नगर क्षेत्रमा रेडियो तिलौराकोट र मेरो साथी एफ.एम. गरी २ वटा एफएम सञ्चालनमा रहेका छन् । नगर कार्यपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र कृषी तथा पशुसेवा शाखामा इन्टरनेट सुबिधा उपलब्ध रहेको छ। नगरपालिकामा सुत्र, राजस्व, शिक्षा, स्वास्थ्य लगायत नेपाल सरकारबाट उपलब्ध सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा रहेका छन् ।

### ५.४.२ समस्या तथा चूनौती

नगर क्षेत्रमा हालसम्म करिब ३५ प्रतिशत घरपरिवारमा कम्प्युटर, इन्टरनेट सुबिधा पहुँच भएको देखिन्छ । कतिपय बस्ती र स्थानहरुमा मोबाइल टेलिफोन सेवाको गुणस्तर कमजोर रहेको छ । नगरपालिका क्षेत्रभित्र सवै विद्यालय, स्वास्थ्य संस्था, सेवा केन्द्र र वडा कार्यालयमा इन्टरनेट सुबिधा उपलब्ध हुन सकेको छैन भने उपलब्ध भएका केन्द्र र कार्यालयमा सेवाको गुणस्तर कमजोर रहेको छ। विद्यालय, स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा पावर व्याकअप सहित सूचना प्रविधिमा आधारित सेवा सुचारु हुन सकेको छैन भने सबै नागरिकसम्म सूचनाको पहुँच नहुनु, सामाजिक सञ्जालहरूको दुरुपयोग रोक्न कठिनाई, इन्टरनेट र वाइफाईका पहुँच र प्रयोग बढाउनु, सूचना प्रविधिको सिर्जनात्मक प्रयोग आदि यस क्षेत्रका प्रमुख चुनौतीको रुपमा रहेका छन् ।

### ५.४.३ सोच

"घर-घरमा सुचना प्रविधि, सुसंस्कृत नागरिक र समुन्नती"

### ५.४.४ उद्देश्य

१. सूचना प्रविधिमा नागरिकको पहुँच र क्षमता अधिवृद्धि गर्ने ।

२. इन्टरनेट, मोबाइल, टेलिफोन सेवा बिस्तारको लागि सेवा प्रदायकसँग सहकार्य गर्ने ।

### ५.४.५ रणनीति

१. इन्टरनेट, मोबाइल, टेलिफोन सेवा प्रदायाकहरुसंग सहकार्य गर्ने ।

२. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुलाई प्रबिधि मैत्री बनाउन सफ्टवेयर तथा एप्सहरुको विकास गर्ने ।

३. सूचना प्रबिधिको प्रयोग सम्वन्धि जनचेतना तथा शिक्षालाई प्रोत्साहन गर्ने ।
४. बैठक, तालिम, अन्तरक्रियाहरु संचालन गर्दा विभिन्न प्रविधिहरुको प्रयोग गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सञ्चार सेवा प्रदायक कम्पनीको सेवा विस्तार स्थान | संख्या | २ | २ | २ | २ | २ |
| नयाँ प्रविधियुक्त सेवा जडान | संख्या | १ | १ | १ | १ | २ |
| प्रविधि उपयोग द्वारा आय आर्जन र जीवनस्तर सुधारमा सहभागिता | प्रतिशत | १ | १ | २ | ३ | ३ |

### ५.४.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १००० | ४०० | ६०० | ० | ३१९ | ६४८ | ३३ | ० |
| २०८०/८१ | ११५७ | ४६३ | ६९४ | ० | ३५४ | ७४० | ६३ | ० |
| २०८१/८२ | १३२१ | ५२८ | ७९३ | ० | ४०३ | ८४६ | ७१ | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना, सञ्चार प्रविधि बिस्तार, क्षमता विकास तथा प्रयोग सम्वन्धि जनचेतना कार्यक्रम | सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी विद्युतीय शासन प्रवर्द्धन गर्ने | सालबसाली | ३४७८ | १ नगर कार्यपालिका कार्यालय, १० वडा कार्यालय, १२ वटा स्वास्थ्य संस्था तथा ६४ वटा विद्यालय सूचना प्रविधिको सञ्चालन जोडिएका हुने छन् । |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिता, दक्ष मानव संशाधन उपलब्ध भएमा र महामारी तथा अन्य अवस्था असहज परिस्थिति नभएमा उल्लिखित उपलब्धी हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद छ : वातावरण तथा विपद् व्यवस्थापन

यस क्षेत्र अन्तर्गत वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, भुसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

यस नगरपालिकाको कुल क्षेत्रफल ३६६.६७ वर्ग किलोमिट मध्ये करिब ६७ प्रतिशत अर्थात् २४८९१.५ हेक्टर भू-भाग वन जंगल क्षेत्रले ओगटेको छ । यो नगरपालिका लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लामा रहेको १० वटा स्थानीय तहहरु मध्ये क्षेत्रफलको हिसाबले सबै भन्दा ठूलो र बसोबासको हिसाबले सबभन्दा कम जनघनत्व भएको नगरपालिका हो । यहाँको जंगलमा साल, सिसौ, साभ्क, खयर, महुवा आदि रुखहरु पाइन्छन् । यस नगरपालिकामा जम्मा ५६ वटा सामुदायिक वन  र २ वटा कबुलियती वनहरुले ५८१३.२१ हेक्टर क्षेत्रफल ओगटेका छन भने बाँकी राष्ट्रिय वनको रुपमा रहेको छ । वन तथा वातावरण व्यवस्थापन प्रत्यक्ष मानव स्वास्थ्यसँग जोडिएको विषय हो भने यसको संरक्षण एवम् प्रवर्द्धन  गर्नु राज्यका तीन वटै तह संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी हो । दिगो विकासको लक्ष्य नं. १५ मा भू-सतही भुपरिधिस्तरीय पारिस्थितीकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापना गर्ने, वनको दिगोरुपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्टयाउने तथा जैविक विविधताको क्षति रोक्ने गरी कार्ययोजना बनाउन सुझाव दिइएको छ ।

भू तथा जलाधार संरक्षणमा तीन वटै सरकारको पहल र अग्रसरता रहेको छ । नदि किनारा संरक्षण, पहिरो नियन्त्रण, रामसार क्षेत्रको रुपमा सूचीकरण गर्दै जलाधार क्षेत्रको संरक्षण र तालहरुको सफाई जस्ता गतिबिधि सञ्चालन भएका छन् । यस नगरपालिकामा नदि कटानको जोखिम रहेको छ । भूक्षय, वाढी पहिरोको कारण अनपेक्षित बाढी, आगलागी, जस्ता विपद् जोखिमको अवस्था रहेको छ । एकीकृत जलाधार व्यवस्थापन तथा नदी प्रणालीमा आधारित भू तथा जलाधार संरक्षणको आवश्यक रहेको छ । यस नगरपालिकामा कुल क्षेत्रफलको करिब ४ प्रतिशत पोखरी, ताल तलैया नदी उपलब्धता हुनाले प्राकृतिक श्रोतको उपलब्धता प्रचुर मात्रामा छ भन्न सकिन्छ । १० कठ्ठादेखि ८४ बिगाहासम्म क्षेत्रफल भएका ताल तलैया तीन दर्जन भन्दा धैरै छन् । नगरपालिकाले वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिने, पानीका मुहान संरक्षणलाई विशेष ध्यान दिने, मुहान वरिपरि सडक खन्ने कार्यलाई निरुत्साहित गर्ने, वृक्षारोपण गर्ने, मुहान संरक्षणका लागि पुनर्भरण पोखरीहरू निर्माण गर्ने तथा विकास निर्माणका कार्य गर्दा न्यून वातावरणीय क्षति हुने गरी सञ्चालन गर्दै दिगो विकासमा जोड दिने नीति लिएको हुँदा भूसंरक्षण र जलाधार व्यवस्थापनको कार्य र प्रगतिमा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

### ६.१.२ समस्या तथा चूनौति

वनको वैज्ञानिक व्यवस्थापन गर्नु, भूमि तथा जलाधारको एकीकृत व्यवस्थापन गर्नु, वनमा आधारित उद्यम तथा आयमूलक कार्यक्रम सञ्चालन गर्नु, वन क्षेत्रको अतिक्रमण नियन्त्रण गर्नु, वन पैदावरको उपलब्धता र आपूर्ति व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख समस्याहरु हुन । नगरपालिकाको बृहत्तर भू-उपयोग योजना तर्जुमा गरी भूमि व्यवस्थापन कार्य कार्यान्वयन हुन नसक्दा भू-संरक्षण, भूमि व्यवस्थापन, विपद् जोखिम व्यवस्थापन, जलाधार व्यवस्थापन लगायतका विभिन्न महत्वपूर्ण क्षेत्रमा दीगोपनको सुनिश्चितता गर्न कठिनाइ परेको छ ।

डढेलो प्रकोप रहेको, बन विनास भए अनुरुप बृक्षारोपण नभएको, बनजन्य उत्पादन तथा जडीबुटीहरुको सदुपयोग नभएको, बनमा तारबार तथा नियन्त्रण प्रभावकारी नहुँदा चोरी तथा नोक्सानी हुने गरेको, वनको अतिक्रमण हुने गरेको, नदि कटान, वन बिनास, चोरी निकासी, वन्यजन्तुको चोरी शिकारी हुने गरेको, सिमसार क्षेत्रको संरक्षण हुन् । जैविक प्रविधिको प्रयोग एवम् एकीकृत जलाधार व्यवस्थापन गरी भूमिको उत्पादन र उत्पादकत्व बढाउनुपर्ने खाँचो रहेको छ । ग्रामीण क्षेत्रमा प्लाष्टिकजन्य फोहोर र बजार क्षेत्रमा अन्य ठोस फोहोर र फोहोर पानीको दिगो एवम् वैज्ञानिक व्यवस्थापन हुन सकेको छैन ।

### ६.१.३ सोच

"हराभरा वन, वातावरण तथा सन्तुलित एवम् दिगो पर्यावरण मार्फत् उत्थानशील समुदायको निर्माण"

### ६.१.४ उद्देश्य

१. विपद तथा जलवायु परिवर्तनको असरहरुको सामना गर्न समुदायलाई सशक्तिकरण गर्ने ।

२. वातावरणीय संरक्षण र प्रदुषण नियन्त्रणका लागि स्थानीय तहमा कानुन निर्माण र लागू गर्न नीतिगत व्यवस्थापन गर्ने ।

३. वन तथा वातावरण संरक्षणमा वृक्षारोपन, आगलागी नियन्त्रण तथा जलस्रोत व्यवस्थापनको पक्षमा योजना निर्माण गर्ने ।

४. वनको अतिक्रमण रोक्न समुदायको सचेतना वृद्धि गर्ने तथा वातावरणबाट प्राप्त लाभलाई समतामूलक ढंगले वितरणको प्रबन्ध गर्ने ।

५. जैविक विविधता एवम् वातावरणको संरक्षण/प्रवर्द्धन गर्ने

६. जलाधारको क्षेत्रको समुचित व्यवस्थापन तथा भूसंरक्षण र भिरालो जमिनमा स्थिरता कायम गर्ने

### ६.१.५ रणनीति

१. जल, वायु, प्रदुषण, माटो, ध्वनी नियन्त्रणका साथै वन तथा सिमसार क्षेत्र अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारी नियंत्रंका लागि सरोकारवाला निकायसँग मिलेर योजना निर्माण गर्ने ।

२. भौतिक निर्माण लगायत अन्य विकासका क्रियाकलाप सञ्चालन गर्दा वातावरणमैत्री डिजाइन र इष्टिमेट अनुसार कार्ययोजना निर्माण गर्ने ।

३. वृक्षारोपण, जलस्रोत व्यवस्थापन तथा वातावरणजन्य स्रोत परिचालनको क्षेत्रमा नीति निर्माण गर्ने ।

४. जलाधार तथा भूपरिधि व्यवस्थापनसम्बन्धी अन्यत्रका सफल अभ्यासहरूलाई स्थानीय स्तरमा प्रवर्द्धनको प्रयास गरिनेछ ।

५. जलाधार व्यवस्थापनमा महिला, मधेसी, मुस्लिम, दलितलगायत सबै समुदायिक वर्गको समानुपातिक सहभागिता कायम गरिनेछ ।

६. एकीकृत जलाधार व्यवस्थापन मार्फत् जल तथा जमिनको संरक्षण गर्दै भूमिको उत्पादकत्व वृद्धि गरी यसमा आश्रित जनताको जीवनस्तरमा सुधार ल्याउने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| रुख विरुवाले ढाकेको/हरियाली क्षेत्र | हेक्टर | २४८९२ | २४८९२ | २४८९२ | २४८९२ | २४८९२ |
| अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | ५ | ४ | ३ | २ | २ |
| वनमा आधारित उद्यमबाट रोजगार | जना | २०० | ३०० | ४०० | ६०० | ८०० |
| व्यवस्थित वन क्षेत्र | वटा | ६६ | ६६ | ६७ | ६८ | ६८ |
| सामुदायिक वन क्षेत्र | वटा | ५६ | ५६ | ५६ | ५६ | ५६ |
| सिमसार व्यवस्थापन योजना तयार गरी लागु भएका तालहरूको संख्या | संख्या | ३ | ३ | ३ | ४ | ६ |
| पुनर्स्थापित भूमिको क्षेत्रफल | हेक्टर | ४५० | ५०० | ६०० | ७०० | ८०० |
| जैविक प्रविधिबाट नियन्त्रित खोला किनार, सडकको लम्बाइ | मिटर | १२०० | १५०० | १८०० | २००० | २२०० |

### ६.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ८७०० | ५६६० | ३०४० | ० | ४३५० | ३४८० | ८७० | ० |

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०८०/८१ | ९९९२ | ६५९५ | ३३९७ | ० | ४९९६ | ३९९७ | ९९९ | ० |
| २०८१/८२ | ११४०९ | ५७०४ | ५७०५ | ० | ५७०५ | ४५६४ | ११४१ | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | दिगो वन व्यवस्थापन तथा वृक्षरोपण कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | सालबसाली | ७५०० | ५००० वृक्षारोपण भई हरियाली प्रवर्द्धन भएको हुनेछ। |
| २ | वन प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | वनको हैसियतमा सुधार र वनमा आधारित आयमूलक कार्यक्रममा वृद्धि गर्नु | सालबसाली | ५७०० | ६७ प्रतिशत वन क्षेत्रलाई संरक्षण र प्रवर्दन वृद्धि गरिनेछ। |
| ३ | भुसंरक्षण तथा नदी नियन्त्रण कार्यक्रम | नदि कटान नियन्त्रण, गाउँबस्ती तथा जमिनको संरक्षण गर्नु | सालबसाली | १६९०३ | नदी कटान नियन्त्रण, भूक्षय र सार्वजनिक तथा व्यक्तिगत सम्पत्तीको संरक्षण हुनेछ। |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ। जलवायु परिवर्तनको असर, कोभिड १९ लगायतका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्। उल्लिखित जोखिम पक्षको सम्बोधन नभएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

नगरपालिकाले नगर क्षेत्रका प्रमुख बजार केन्द्रहरुबाट फोहोरमैला संकलन तथा व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाएको छ भने ग्रामीण क्षेत्रमा भने स्थानीय स्तरमै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ। नगरपालिकाले वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण ऐन स्वीकृति गरी सो अनुसार नगर क्षेत्रका कार्यान्वयन हुने आयोजना तथा कार्यक्रममा वातावरणीय अध्ययन गरी सञ्चालन गर्दै आएको छ। नगरपालिकामा इन्धनको रुपमा दाउराको प्रयोग गर्ने घरपरिवार पनि उल्लेख्य रहेको भए पनि वैकल्पिक ऊर्जा र खाना पकाउन ग्याँसको प्रचलन बढ्दै गएकाले र प्राकृतिक रुपमा हरित क्षेत्रहरू रहेकाले वातावरणीय स्वच्छता कायम गर्न सहयोग पुगेको छ। नगरपालिकाको वातावरणमैत्री पूर्वाधार निर्माण तथा फोहोरमैला व्यवस्थापनमा प्राथमिकता दिने नीतिका कारण फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय स्वच्छता अभिवृद्धिको कामले गति लिने अपेक्षा गर्न सकिन्छ।

### ६.२.२ समस्या तथा चूनौति

नगर क्षेत्रमा फोहोरमैला व्यवस्थापनको लागि संकलन, ढुवानी र सुरक्षित विसर्जनको उचित व्यवस्थापन गर्न सकिएको छैन। नगर क्षेत्रमा जथाभावी फोहोर फ्याक्ने, प्लाष्टिकको अत्याधिक प्रयोग गर्ने, ढल तथा प्रशोधन केन्दको व्यवस्था नहुँदा तरल फोहोरको उचित व्यवस्थापन नहुने, नगर क्षेत्रभित्र वायु, जल तथा ध्वनी प्रदूषण जस्ता वातावरणीय समस्याहरू वृद्धि भईरहेका छन्। फोहोरमैला व्यवस्थापनको दीर्घकालीन योजना, कार्यक्रमको अभाव रहेको छ। स्थानीय समुदाय तथा नगरपालिकास्तरमा प्रयोग न्यूनीकरण (reduce), पुनःप्रयोग (reuse) पुनःचक्रीय प्रयोग (recycle) लगायत फोहोरमैला प्रशोधनका बारेमा आवश्यक ज्ञान, सीपको कमी रहेको छ। विसर्जनयोग्य वस्तुको प्रयोग निरन्तर बढ्दै जाँदा प्लाष्टिकजन्य फोहोरमैलाको निष्काशनको मात्रा निरन्तर बढ्दै गएको छ। वातावरण सम्बन्धी यस नगरको प्रमुख समस्यामा फोहोर व्यवस्थापन समस्याको रुपमा रहेको छ।

### ६.२.३ सोच

"सन्तुलित एवम् दिगो पर्यावरण मार्फत् सुन्दर, सुरक्षित तथा समृद्ध नगरपालिका निर्माणमा योगदान"

### ६.२.४ उद्देश्य

१. वन क्षेत्रको दिगो पुनरुत्पादन, उत्पादकत्व र स्थानीय अर्थतन्त्रमा यस क्षेत्रको योगदान वृद्धि गर्ने ।
२. जैविक विविधता एवम् वातावरणको संरक्षण/प्रवर्द्धन गर्ने ।
३. फोहोरमैला व्यवस्थापन एवम् वातावरणीय सरसफाइमा वृद्धि गर्ने ।
४. स्थानीय परिवेश सुहाउँदो जलवायु परिवर्तन अनुकूलनका अभ्यासहरू प्रवर्द्धन गर्ने ।

### ६.२.५ रणनीति

१. वातावरण अनुकूलित विकास, स्वच्छ उर्जा तथा प्रविधि र हरियाली अभिवृद्धि गर्ने,
२. नागरिक सचेतना तथा पूर्ण सरसफाईको माध्यमबाट दिगो स्वच्छता तथा सरसफाइ कायम गर्ने,
३. सचेतना र व्यक्तिगत व्यवहार परिवर्तनको माध्यमबाट वातावरणीय स्वच्छता अभिवृद्धि गर्ने,
४. विकास निर्माण तथा उद्यम विकास र स्रोत परिचालन सम्बन्धी कार्यमा कानून अनुसार वातावरणीय अध्ययन सम्बन्धी व्यवस्थाको नियमपालनामा अभिवृद्धि गर्ने

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| घरकम्पाउण्डमा फोहोरमैला व्यवस्थापन गर्ने घरपरिवार | संख्या | ३५ | ४० | ५० | ५५ | ६० |
| फोहोरपानी संकलन नाला/ढल लम्बाइ | मिटर | ० | ० | २०० | ६०० | १००० |
| ल्याण्डफिल साइट | संख्या | ० | ० | १ | १ | १ |
| सुचारु सार्वजनिक शौचालय | संख्या | ८ | १० | १२ | १५ | १८ |
| फोहोरमैला संकलन विन्दु (बजार क्षेत्र) | संख्या | ५ | ६ | ७ | ८ | १० |

### ६.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २००० | ८०० | १२०० | ० | ६६७ | १३५५ | -२१ | ० |
| २०८०/८१ | २४१९ | ९६८ | १४५२ | ० | ७४० | १५४८ | १३२ | ० |
| २०८१/८२ | २७६२ | ११०५ | १६५७ | ० | ८४४ | १७६९ | १४९ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | ल्याण्डफिल साईट व्यवस्थापन आयोजना | फोहोरमैलाको दिगो व्यवस्थापन सम्बन्धी संरचना तयार हुने | सालवसाली | ४९०० | प्राविधिक र वातावरणीय रुपले संभाव्य स्थानमा फोहरमैला व्यवस्थापन हुनेछ । |
| २ | फोहोरमैला व्यवस्थापन कार्यक्रम | सरसफाई सेवा तथा सुबिधामा पहुँच वृद्धि गर्ने | सालवसाली | २२८२ | करिव ७ हजार जनसंख्या प्रत्यक्ष लाभान्वित हुनेछन । |

### ६.२.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । जलवायु

परिवर्तनको असर, कोभिड १८ लगायतका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

## ६.३ विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन

### ६.३.१ पृष्ठभूमि

संवैधानिक व्यवस्था तथा प्रचतिल कानून बमोजिम नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आएको छ । यस सम्बन्धी कार्यलाई व्यवस्थित गर्न प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन लगायत नीतिगत, कानूनी र प्रक्रियागत व्यवस्था गरेको छ । जलवायु परिवर्तनको असरको हुन सक्ने जोखिम न्यूनीकरण गर्न जोखिम क्षेत्रको पहिचान, नक्शाङ्कन र रोकथाम, पूर्व तयारी तथा जोखिम व्यवस्थापन कार्यहरु सञ्चालन गरेको छ । जजवायु परिवर्तनको असरको कारण जलसतह घट्दै गएको हुँदा सो समस्या समाधानको लागि पुनर्भरण पोखरी, भएका तालतलैया तथा सीमसार क्षेत्रको संरक्षण गर्ने नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ ।

बाणगंगा, गुडुरुंग, घोराई, कोंद्रे, बेल, कुचिया, घोघावा, अगिया, झिंगे, भगुवा खोलाहरुले आफ्नो किनारमा पर्ने बस्ति तथा कृषि भूमिमा वर्षेनी क्षति पुराउने गरेको छ । वडा नं. १ को बसन्तपुर, वडा नं. २ को बडहरा, नयाँबस्ती, वडा नं. ४ को देउरी, कुमालटोल, डाब्रा, मानबस्ती, वडा नं. ६ को श्रीगंज, बदलपुर (लक्ष्मणपुरा), नयाँबजार, वडा नं. ८ को दरखसवा, धुसिया, खरखसवा, बनकट्टी, परशरामपुर, अमहवा, चरीगाँव, वडा नं. ९ को गब्दवा, चमरसट, धमौली, मैटहवा, खाल्प, पाँडेडिहवा, वडा नं. १० को मोतिनगर, धर्मपुर, हर्रहवा, गगनी, हर्दासडिहवा, मानबस्ती आदि स्थानहरुमा नदीजन्य प्रकोपको समस्या देखिएका पाइन्छ । नेपालको तराई भूभागको अन्य स्थानहरुमा जस्तै यहाँ पनि भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ्, आगलागी, खडेरी, महामारी, शीतलहर जस्ता विपद्हरुको जोखिम उच्च रहेको छ। कोरोना महामारीको प्रभाव यहाँ पनि धेरै पर्यो । अर्को तर्फ विभिन्न प्रकारका विपदहरुका विरुद्धमा समुदायलाई कसरी व्यवस्थित तरिकाले सुरक्षित तथा सबल बनाउने भन्ने विषयमा नगरपालिकाले योजना बनाई कार्यान्वयनमा ल्याएको छ ।

### ६.३.२ समस्या तथा चूनौति

नगर क्षेत्रको प्रमुख प्रकोपहरुमा अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ्, आगलागी, खडेरी, महामारी, शीतलहर आदि रहेका छन् । यस्ता प्रकोप तथा यसबाट हुने विपद्वाट कसरी बाँच्न र ब्चाउन सकिन्छ भन्ने जानकारी नगरवासीहरू नहुनु अर्को समस्याको रुपमा रहेको छ भने वर्षाको समयमा धमौली गाउँमा एम्बुलेन्स दमकल जान नसक्ने भएकोले त्यहाँ बसोबास गर्ने ९८ परिवार समस्यामा भएको रहेको छ । विपदका घटनाहरु सम्बोधनको लागि पर्याप्त साधनस्रोत तथा सीपको अभाव, पूर्वतयारी, प्रतिकार्य तथा पुर्नस्थापनाको लागि चालिएका योजनाहरु पर्याप्त नभएको, बाणगंगा, कोंद्रे, गुडुरुंग, अगिया तथा झिंगे आदि खोलाहरुले मानव बस्ति तथा खेतीयोग्य जमिनमा वर्षेनी क्षति पुराउने गरेको, धमौली गाउँको विभिन्न स्थानहरुमा गुडुरुंग, अगिया र झिंगे खोला किनारमा लगभग २ किमि कटान भई पुरै गाउँ जोखिममा रहनु चुनौतीको रुपमा रहेको छ ।

### ६.३.३ सोच

"प्रभावकारी विपद् व्यवस्थापन मार्फत आम नागरिकलाई सुरक्षित महसुस हुने वातावरणको निर्माण"

### ६.३.४ उद्देश्य

१. सहभागीतामूलक रुपले तयार गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई कार्यन्वयनमा ल्याउनु,
२. विपद् व्यवस्थापनका तालिम प्राप्त मानन संशाधन, प्रविधि र आधुनिक औजारको व्यवस्थापन गर्नु,
३. विपद उत्थानशील समुदाय निर्माणमा सहयोग पुऱ्याउनु ।

### ६.३.५ रणनीति

१. विकास प्रक्रियामा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने ।
२. प्रकोप आंकलन, तथ्याङ्क व्यवस्थापन र पूर्व तयारीको कार्यलाई प्रभावकारी बनाउने ।
३. विपद प्रभावित समुदाय तथा विद्यालयहरुको उत्थानशीलता अभिवृद्धिको लागि कार्यक्रम संचालन गर्ने ।

४. वडास्तारमा विपद प्रतिकार्यको लागि आवश्यक मानवस्रोत तथा उद्धार सामाग्रीहरुको व्यवस्थापन गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | इकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | १ | १ | २ | ३ | ३ |
| सुरक्षित वस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ६० | ६० | ७० | ७५ | ८० |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ५० | ५० | ६० | ७० | ७५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | २ | ५ | १० | १५ | २० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | ५ | १० | २० | २५ | ३० |

### ६.३.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९००० | ७२०० | १८०० | ० | २८१२ | ५७१३ | ४७५ | ० |
| २०८०/८१ | १०२०३ | ८१६२ | २०४१ | ० | ३११९ | ६५२९ | ५५५ | ० |
| २०८१/८२ | ११६५० | ९३२० | २३३० | ० | ३५५८ | ७४६२ | ६३० | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | उपक्षेत्र/कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम | भैपरी आउने विपद्को व्यवस्थापन नदि नियन्त्रण तथा बस्ती विकासमा टेवा, विपन्न तथा लक्षित वर्गको आवासमा पहुँच पुऱ्याउने | सालवसाली | ३०८५३ | विपदबाट हुने क्षतिमा वार्षिक २५ प्रतिशत कमी आउनेछ । |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, कर्मचारीको पदपूर्ती, समुदाय तथा सरोकारवालाको सहभागितामा प्रयाप्त लगानी भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर, कोभिड १८ लगायतका महामारी र अन्य विपद् जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् ।

# परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानज संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

यस नगरपालिकाले आवश्यक पर्ने शिक्षा ऐन, सहकारी ऐन, आर्थिक ऐन, विनियोजन ऐन, फोहोरमैला व्यवस्थापन ऐन, सार्वजनिक निजी साझेदारी ऐन, वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, पदाधिकारी आचासंहिता लगायत ५२ विषयमा नीति, कार्यविधि, नियमावली तथा ऐन तयारी तथा प्रमाणीकरण भई स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । नगर सभाबाट न्यायिक समिति, विधायन समिति, लेखा समिति र कार्यपालिकाबाट योजना तर्जुमा, शिक्षा, स्थानीय विपद् व्यवस्थापन लगायत विषयगत समिति गठन भई तत्सम्बन्धी विषयमा क्रियाशील रहेका छन् । साथै सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको समेत सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी मार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

### ७.१.२ समस्या तथा चूनौति

योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापना लगायतका समस्या तथा चुनौति विद्यमान रहेका छन् । नेपालको संविधान व्यवस्था अनुसार नगरपालिकाले अझै विपद् व्यस्थापन तथा अनुकूलन, कला तथा संस्कृति संरक्षण, महिला, बालबालिका र सशक्तीकरण लगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण गर्न तथा निर्माण भएका ऐन कानूनको समेत पूर्ण कार्यान्वयन हुन सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधि बारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र त्यसको परिपालना हुन सकिरहेको छैन ।

### ७.१.३ सोच

"सुशासन, पारदर्शिता, जवाफदेहीता, जनउत्तरदायी सेवा बुद्धभूमि नगरपालिकाको प्रतिवद्धता"

### ७.१.४ उद्देश्य

१. सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउनु ।

### ७.१.५ रणनीति

१. नगरपालिकाको नीति, कानुन तथा निर्णय प्रक्रियामा लक्षित समुदाय र आम नागरिकको अपनत्व वृद्धि गर्ने,
२. नीति, कानुन, निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने,
३. न्यायमा नागरिकको पहुँचका लागि सरलीकृत र स्तरीय न्यायिक सम्पादन गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७० | ७० | ७६ | ८० | ८५ |
| स्वीकृत नीति, कानून र कार्यविधी | संख्या | ५२ | ५२ | ५५ | ६० | ६५ |
| नीति तथा ऐन | संख्या | १५ | १६ | १८ | १९ | २० |
| नियम तथा विनियम | संख्या | ३ | ३ | ५ | ६ | ७ |

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | २५ | ३३ | ३६ | ३७ | ३९ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | १३ | १४ | १५ | १५ | १६ |

### ७.१.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २००० | १९२० | ८० | ० | ६३८ | १२९६ | ६७ | ० |
| २०८०/८१ | २१०४ | २०२० | ८४ | ० | ६४३ | १३४६ | ११४ | ० |
| २०८१/८२ | २४०२ | २३३० | ७२ | ० | ७३४ | १५३९ | १३० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति, कानून कार्यविधी मापदण्ड निर्माण संशोधन प्रकाशन तथा सुशासन प्रवर्द्धन कार्यक्रम | कानूनी शासनको प्रत्याभुती तथा सुशासन प्रवर्द्धन | सालवसाली | ६५०६ | नगरपालिकाको निति, कानुन निर्माण तथा सुशासन प्रवर्द्धनबाट ८८ प्रतिशत सेवाग्राही सन्तुष्ट हुनेछ। |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

स्थानीय तहको सरकारहरूको प्रमुख जिम्मेवारी लोकतन्त्रका लाभहरूको वितरण गर्नु हो। जनताको निकटतम तहका सरकारको रूपमा रहेका स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन्। यसका निमित्त स्थानीय तहहरू सक्षम, पारदर्शी, भ्रष्टाचारमुक्त, उत्तरदायी र सहभागितामूलक हुन आवश्यक छ। हाल नगरपालिकाको मुख्य कार्यालय पुराना भवनहरूवाट सञ्चालनमा रहेको छ, । यसका अतिरिक्त नगरपालिकाका १० वटा वडा कार्यालयहरू मध्ये जम्मा ९ वडा कार्यालय आफ्नै भवनमा र १ वडा भाडाका घरमा सञ्चालन गरीसेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने प्रयास भइरहेको छ।

नगरपालिकाको स्वीकृत दरबन्दी अनुसार नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत १ र अन्य १४ जना अधिकृत सहित ५९ जना, वडा कार्यालयहरुमा सहायकस्तरका २० जना, पशुसेवा तर्फ १ जना अधिकृत सहित ३ जना, कृषि तर्फ २ जना अधिकृत सहित ३ जना, स्वास्थ्य तर्फ २ जना अधिकृत सहित ३ जनाको दरबन्दी रहेको छ। पदपूर्तिको हकमा नगरपालिका तर्फ २ जना अधिकृत, १ जना इन्जिनियर र १ जना पव्लिक हेल्थ नर्सको दरबन्दी रिक्त रहेको र अन्य ५ पद रिक्त रही २५ पद पूर्ति भएको र वडा कार्यालय तर्फ १९ पदपूर्ति भएको देखिन्छ। पशु सेवा तर्फ पदपुर्ति छन् भने कृषिका २ वटा पद रिक्त रहेको र स्वास्थ्य सेवा तर्फ १ पद रिक्त रहेको छ। आन्तरिक तर्फ (सेवा करार/दैनिक ज्यालादारी) ३८ जना करारमा नियुक्त गरी सेवा सुचारु गरिएको छ।

### ७.२.२ समस्या तथा चूनौति

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ। नगरपालिकाको सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुन सकेको छैन। जनशक्तिको परिचालन तथा नगरपालिकाको सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामुखी हुन सकेको छैन। कर्मचारीको पदपूर्ति गरी

सबै वडा तथा विषयगत कार्यालयहरूमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्नु, आर्थिक ऐन कानून कार्यान्वयनमा ल्याउनु, संघीय सरकारबाट खटिने कर्मचारीहरूमा स्थायित्व ल्याउनु, समायोजित कर्मचारीहरूलाई स्थानीय सेवा अनुसार सञ्चालन गरी व्यवस्थित गर्नु प्रमुख चुनौतीको रुपमा रहेको छ ।

### ७.२.३ सोच

"सूचना प्रविधिमैत्री सेवा प्रवाह पारदर्शी, जनउत्तरदायी र सुशासनयुक्त नगरपालिका निर्माण"

### ७.२.४ उद्देश्य

१. पारदर्शी, सहभागिता पूर्ण जवाफदेही र पूर्वअनुमान योग्य शासकीय प्रणाली स्थापित गर्नु ।

२. संस्थागत पूर्वाधार निर्माण गर्दै सरल, सहज र सुलभरूपमा सेवा प्रवाहको सुनिश्चितता गर्नु ।

### ७.२.५ रणनीति

१. नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने तथा विधि र प्रक्रियामा आधारित शासन व्यवस्था स्थापना गर्ने,

२. स्थानीय सेवा प्रवाहलाई सूचना प्रविधिको प्रयोगमार्फत् सेवा प्रवाहलाई सुलभ, सरल, सहज र सेवाग्राहीमैत्री बनाउने,

३. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कार्यरत मानव संशाधन (दरवन्दी मात्र) | जना | १०१ | ९८ | ११० | ११५ | ११९ |
| कार्यरत प्राविधिक मानव संशाधन | जना | ८० | ७५ | ८३ | ८५ | ९० |
| नगर कार्यपालिका, वडा कार्यालय र सेवा केन्द्र भवन, अस्पताल | संख्या | १६ | १६ | १६ | १७ | १८ |
| स्वमूल्याङ्कनमा प्राप्त स्कोर | प्रतिशत | ६६.५ | ६८ | ७० | ७५ | ८० |

### ७.२.७ विषय उप क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १२१००० | ११७३७० | ३६३० | ० | ३७७३९ | ७६६८८ | ६५७३ | ० |
| २०८०/८१ | १३६९४९ | १३२८४१ | ४१०८ | ० | ४१८६९ | ८७६३२ | ७४४९ | ० |
| २०८१/८२ | १५६३७५ | १५१६८४ | ४६९१ | ० | ४७७५६ | १००१६५ | ८४५४ | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संसाधन तथा क्षमता विकास कार्यक्रम | सेवा प्रवाह सुचारु गर्ने तथा प्रभावकारी बनाउनु | सालवसाली | ४१४३२४ | सवै शाखाको संगठन संरचना दरवन्दी कार्य विवरण तयार भई कर्मचारीको पदपुर्ति तथा क्षमता विकास हुनेछ । |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

संवैधानिक तथा कानून व्यवस्था बमोजिम राजस्व परिचालनको विद्यमान अवस्था तथा सम्भाव्यता राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा नगरपालिकाको कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ । राजस्व परिचालनमा देखिएका खाडल पुरा गर्न राजस्व सुधार कार्ययोजना तर्जुमा गरि कार्यान्वयन गर्ने योजना रहेको छ। नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग पनि क्रमशः बढ्दै गएको छ।

### ७.३.२ समस्या तथा चूनौति

नगरपालिकाको राजस्व संकलनको सम्भावना प्रचुर रहे तापनि आवश्यक सूचना प्रविधिमैत्री राजस्व संकलन व्यवस्था, कार्यविधि तथा मापदण्ड, कर्मचारीको अभाव जस्ता कारणले गर्दा सम्भावनाको न्युन राजस्व मात्र संकलन भइरहेको छ। विषय क्षेत्रगत रूपमा बजेट विनियोजन सन्तुलित नभई पूर्वाधार क्षेत्रमा अधिक हुने गरेको र रोजगार, उत्पादनमूलक, सामाजिक क्षेत्र तथा आयमूलक आयोजना तथा कार्यक्रममा लगानी अपेक्षाकृत रुपमा कमजोर रहेको छ।

### ७.३.३ सोच

"राजस्वको दायरा, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित र व्यवस्थित गरी आन्तरिक आय तथा वाह्य स्रोत परिचालनमा जोड"

### ७.३.४ उद्देश्य

१. राजश्व तथा वित्तीय व्यवस्थापन प्रभावकारी बनाउने ।

### ७.३.५ रणनीति

१. राजश्व सुधार योजनाको निर्माण गरी कार्यान्वयन गरिननेछ।
२. राजश्वका नयाँ क्षेत्र पहिचान गरी स्रोतको अभिवृद्धि गरिनेछ।
३. खर्च व्यवस्थापनलाई प्रभावकारी बनाई वित्तीय जवाफदेहिता सुनिश्चित गरिनेछ।
४. लेखा समितिलाई क्रियाशील गराई आर्थिक कारोवार, खर्चको प्रभावकारिता अभिवृद्धि र राजश्व क्षमता विकाससम्बन्धी कार्यको पृष्ठपोषण प्राप्त गर्ने र सभामा प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाइनेछ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति व्यक्ति बार्षिक बजेट लगानी | रु.हजारमा | १३.७० | १५.७६ | १६ | १६.५ | १७ |
| बार्षिक आन्तरिक आय रकम | रु.हजारमा | ४५००० | ३२५०० | ४०००० | ४५००० | ५०००० |
| कुल बार्षिक बजेट | रु.हजारमा | ९५९२०० | ११८२०११ | १२५०००० | १३००००० | १४००००० |
